# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

हेल्लो भक्तपुर नगरपालिका

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j ì{ #$ ★ cÆ !) ★ g]; ⫩!#& ★ |j÷; ⫩@)&$ efb|★ A.D.2017

**कार्यालय : कमलविनायक** (पुरानो जनस्वास्थ्य भवन)

**फोन नं. : ०१-६६१३०४३**

**email : bhaktapurmasik@gmail.com**

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक :

डेस्कटप : धनलक्ष्मी त्यात

मुद्रण

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

आवरण सज्जा : राजु

मूल्य रु. २५।-

तस्बिरहरू : पर्यटक सूचना केन्द्र, भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)


## Pp6f tl:a/

भक्तपुर दरबार स्क्वायरको एउटा पुरानो दृष्य



(तस्बिर : इन्टरनेट)


'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

**‘जति-जति धनमा वृद्धि हुँदै जान्छ, उति-उति लोभ पनि बढ्दै जान्छ ।’** - जूनिबल

## यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | भक्तपुर नगरपालिकामा जनप्रतिनिधिहरूको सय दिन | – | ३ |
| २) | सडक चौडा बनाउँदा पीडितहरूलाई चल्तीको मूल्यअनुसार क्षतिपूर्ति दिनुपर्ने | – | ६ |
| ३) | शैक्षिक विकासबारे महिलाबीच अन्तरक्रिया | – | ७ |
| ४) | व्यक्तिगत सुविधा होइन जनताको सेवा गर्न निर्देशन | – | ८ |
| ५) | महिलाहरु भाषा संस्कृति बचाउन अग्रसर हुनुपर्ने | – | ९ |
| ६) | भूकम्प पीडितहरूलाई दोश्रो र तेश्रो किस्ता एकमुष्ट दिनुपर्ने | – | १२ |
| ७) | नगरपालिकाद्वारा खेलकुदको नीति नियमबारे अन्तरक्रिया | – | १३ |
| ८) | सफाइ जात विशेषको काम होइन | – | १४ |
| ९) | ‘सडक मर्मतको जिम्मेवारी स्थानीय तहलाई दिनु पर्छ’ | – | १६ |
| १०) | ‘भक्तपुर नगरको विकास निर्माणबारे हामी सबै पक्षसँग छलफल गरेर काम गर्छौं ।’ | सुनिल प्रजापति– | १७ |
| ११) | देशको सार्वभौमिकता रक्षा र समाजवादी विचारका निम्ति युवाहरू तयार हुनुपर्ने | – | १८ |
| १२) | कानुन नहुँदा स्थानीय तहलाई अप्ठेरो | – | १९ |
| १३) | सहरीकरणको नाउँमा जनतालाई दुःख दिन नहुने | – | २० |
| १४) | ‘भक्तपुर नगरपालिकामा जन प्रतिनिधिहरूको १०० दिन’ विषयक कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिको मन्तव्यसहितको प्रतिवेदन | – | २१ |
| १५) | जनताबाट सिकेर जनताकै सेवा गरौं | – | २७ |
| १६) | सय दिनमा ७ वडाको प्रगति | – | २८ |
| १७) | सफाइमा जनताको उत्साहप्रद सहभागिता | – | ३१ |
| १८) | भक्तपुर नगरपालिकाको बैठक निर्णय | – | ३३ |
| १९) | वडाध्यक्ष परिचय : (१) श्यामकृष्ण खत्री | – | ३८ |
| | (२) प्रेम गोपाल कर्माचार्य | – | ३९ |
| २०) | मध्यकालिक नेपालमा टोखा उपनगरको सामरिक स्थिति | देविचन्द्र श्रेष्ठ | ४० |
| २१) | कान्तिपुरका सफल भारदार नवमीसिंह राजभण्डारी | ओम धौभडेल | ४३ |
| २२) | सात दशक पहिलेको उपत्यका | सत्यमोहन जोशी | ४५ |
| २३) | ‘स्मार्ट सिटी’ होइन, नेपाल माफियाको स्वर्ग हुनेछ | निर्जला | ४६ |
| २४) | भूगोल नचिन्नेले देश बनाउँदैन | कृतिका प्रजापति | ४८ |
| २५) | मौलिकता विरोधीहरूको ‘स्मार्ट सिटी’ | आदित्य श्रेष्ठ | ५१ |
| २६) | नागरिक भावना : विषादी | हेमन्त | ५३ |
| २७) | साँयेजु, कायस्थ एक ऐतिहासिक विवेचना | डा. वीरेन्द्र प्रसाद कायस्थ | ५५ |
| २८) | SKETCHES FROM NIPAL (16) | Henry Ambrose Oldfield | ५८ |
| २९) | स्थानीय सरकारको सय दिन (सम्पादकको पृष्ठ) | | ६४ |


**साथमा** :


भूकम्पपछिको सम्पदाको अभिलेख नपालाई बुझाइयो-९/फोहोर मैला व्यवस्थापन गर्न विद्यालय र कलेजको महत्वपूर्ण भूमिका-१०/जनताको भविष्यसँग जोडिएकोले पर्यटन विकासमा लगानी-१५/भक्तपुर नपाको कराते डोजो टीम प्रथम- ३७/बसिबियाँलो-५०/चिनियाँ नीतिकथा:ड्रागन मार्ने सीप-५०/नेपालको संविधान २०७२, भाग-१६, प्रदेश व्यवस्थापन कार्यविधि (२३)-५७/जगतसुन्दर मल्लया ईसपं दयकातगु बाखँ-६२/तपाईको भान्सा: भ्यान्टाले यसरी घटाउँछ चुरोटको कुलत-६२/श्रावण महिनाको पर्यटक तथ्याङ्क-६३/

# भक्तपुर नगरपालिकामा जनप्रतिनिधिहरूको सय दिन

भक्तपुर नगरपालिकामा निर्वाचित जनप्रतिनिधिले काम गरेको एक सय दिन पुगेको अवसरमा भाद्र १२ गते एक समारोहको आयोजना गरियो। नगरका विभिन्न क्षेत्र र पेशाका नगरवासीहरूको बाक्लो उपस्थितिबीच आयोजित कार्यक्रममा जनप्रतिनिधिहरूले आफ्नो एक सय दिनको कार्य र उपलब्धिको चर्चा गरेका थिए।




भक्तपुर नगरपालिकाले आयोजना गरेको 'जनप्रतिनिधिहरूको सय दिन' कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवं सांसद नारायणमान बिजुक्छें (रोहित) ले नेपालप्रति हेर्ने भारतको दृष्टिकोण शत्रुवत् भएको बताउनु भयो।

प्रमुख अतिथि बिजुक्छेले नेपालमा भइरहेको भारतीय शासक र भारतीय राजदूतावासको दबाब देशको लागि चिन्ताको विषय हुँदा समयमै नेपाली जनता सचेत हुनुपर्छ भन्नुभयो। सरकारी मुद्दा हराउनेहरूलाई न्यायाधीश बनाउँदा न्याय नपाउने उल्लेख गर्दै उहाँले गलत नीति र कार्यको आलोचना सरकारको निम्ति अपाच्य भएको विचार व्यक्त गर्नुभयो। भारतका लागि नेपाली राजदूतले कुनै धर्मको दर्शन छाँटेर एक प्राध्यापकको भूमिका निर्वाह गर्ने नभई देशको हितमा कूटनीतिक भूमिका खेल्नुपर्नेमा सो नभएको अध्यक्ष बिजुक्छेले बताउनुभयो।

जनप्रतिनिधि र कर्मचारीहरूले नि:स्वार्थ र इमानदारीपूर्वक देश र जनताको सेवामात्र होइन पदीय दायित्व पूरा गर्न योग्य, सक्षम हुनुपर्छ– उहाँले भन्नुभयो। अध्यक्ष बिजुक्छेले विदेशी शक्ति राष्ट्रको अगाडि आफ्नो देशको हितबारे बोल्न नसक्ने प्रधानमन्त्रीहरू योग्य नहुने उल्लेख गर्दै ठूला राष्ट्र र राष्ट्र प्रमुख समक्ष झुक्ने या आत्मसमर्पण गर्नु



कार्यक्रममा मन्तव्य राख्नु हुँदै नेमकिपा अध्यक्ष एवं सांसद बिजुक्छें, प्रमुख प्रजापति, उपप्रमुख जोशी, सीडिओ पोखरेल र संस्कृतिविद् ग्वंग



मन्तव्य राख्नु हुँदै इतिहासविद् श्रेष्ठ, डा. श्रेष्ठ, वडाध्यक्ष कवां र वडाध्यक्ष ज्याख्व

देशकै निम्ति दुर्भाग्य रहेको बताउनुभयो । उहाँले भन्नुभयो- सरकार संसदप्रति उत्तरदायी हुन्छ, संसदले अस्वीकृत गरेको संविधान फेरि उल्टाउने कुरा प्रमले गर्नुहुँदैनथ्यो, नेपालको संविधानबारे भारतीय प्रम मोदीले टिप्पणी गर्नु हुँदैनथ्यो ।

उहाँले स-साना सडकमा १०-१२ पाङ्ग्रा भएको गाडी चलाउँदा घर चर्कने, पानीको पाइप फुट्ने हुँदा त्यस्तो गाडी जहाँतही गुड्न नदिने र विद्यार्थीहरूको सुरक्षाको निम्ति गाडीको गति कम गर्ने सम्बन्धी सूचनाको बोर्ड राख्नुपर्ने, जनस्वास्थ्य केन्द्रमा बिरामीहरूको चाप बढेको हुँदा सोहीअनुसार बस्ने र थकाइ मार्ने ठाउँको व्यवस्था गर्नुपर्ने विचार उहाँले व्यक्त गर्नुभयो ।

अतिथि बिजुक्छेंले सोही दिनदेखि भक्तपुर नपाको वडा नं. ३, ४ र ६ वडाका प्रत्येक घर-घरमा स्वास्थ्य सेवा पुऱ्याउन वडाध्यक्षहरू क्रमश राजकृष्ण गोरा, कुमार चवाल र हरिराम सुवाललाई स्वास्थ्य सामग्री हस्तान्तरण गर्नुभयो ।

प्रमुख जिल्ला अधिकारी द्रोणप्रसाद पोखरेलले जनताको अपेक्षा र आवश्यकता पूरा गर्न जनताले घच्घच्याउनु पर्नेमा जोड दिँदै सुन्दर, शान्त र उदाहरणीय नपा बनाउन लागि परेको भक्तपुर नपालाई सबैले साथ र सहयोग गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर भनेपछि भक्तपुर नपा सम्झिने हुँदा यस ऐतिहासिक र पुरातात्त्विक तथा सम्पदा स्थलमा भक्तपुर नपाले गरेको काम र व्यवस्थापन अरू नपाको लागि अनुकरणीय हुने विचार पनि उहाँले व्यक्त गर्नुभयो ।

संस्कृतिविद् तेजेश्वरबाबु ग्वंगले सांस्कृतिक नगर घोषणा भए यहाँका पुरातात्त्विक महत्त्वका सम्पदाहरू संरक्षण गर्न थप टेवा पुग्ने विश्वास व्यक्त गर्दै सम्पदा र सम्पदा संरक्षणबारे संस्कृतिविद्, अनुसन्धानकर्ताहरूलाई देखाएर प्रचार गर्न सके राष्ट्रिय र अर्न्तराष्ट्रिय समुदायमा पुग्ने बताउनुभयो ।

इतिहासविद् प्रा.डा. पुरूषोत्तमलोचन श्रेष्ठले नगरवासीको मन र भावना बुझेर काम गरे जनप्रतिनिधिहरू सफल हुने विचार व्यक्त गर्दै सय दिनको उपलब्धि र कार्यनीतिबारे जानकारी दिने काम प्रशंसनीय छ भन्नुभयो । गुठी जग्गाको नाससँगै सम्पदा पनि नास भइरहेकोमा चिन्ता व्यक्त गर्दै उहाँले सांस्कृतिक पुनर्जागरणको नेतृत्व भक्तपुर नपाले गरिरहेको छ भन्नुभयो ।

मानव अङ्ग प्रत्यारोपण केन्द्रका प्रमुख डा. पुकारचन्द्र



भक्तपुर नगरपालिकाको सय दिन कार्यक्रममा उपस्थिति




प्रमुख अतिथि बिजुक्छेंबाट ३ नं. का वडाध्यक्ष गोरालाई स्वास्थ्य सामग्री हस्तान्तरण गर्दै

भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले कार्यक्रमको सभापतिको आसनबाट एक सय दिनमा भए गरेका गतिविधिहरूको जानकारी दिंदै भक्तपुर नगरलाई सफा, सुन्दर बनाई पर्यटकहरूको गन्तव्यस्थल, ज्ञान विज्ञानको केन्द्र र नेपालकै उदाहरणीय नगरको रूपमा विकास गर्ने लक्ष्य रहेको बताउनुभयो । *(प्रमुख प्रजापतिले प्रस्तुत गर्नुभएको मन्तव्यको पूर्ण पाठ २१ पृष्ठमा दिइएको छ)*

कार्यक्रममा उपप्रमुख रजनी जोशीले स्वागत गर्दै घोषणापत्रअनुसार योजनाहरू बनाएको र सीमित साधन श्रोत र असीमित आवश्यकतालाई मिलाउनु पर्ने चुनौति रहेको बताउनु भयो ।




प्रमुख अतिथि बिजुक्छेंबाट ४ नं. का वडाध्यक्ष चवाललाई स्वास्थ्य सामग्री हस्तान्तरण गर्दै

श्रेष्ठले प्रत्येक घर घरमा स्वास्थ्य सेवा पुऱ्याउने नपाको काम देशकै उदाहरणीय काम भएको चर्चा गर्दै त्यसलाई देशव्यापी फैलाउनेतर्फ आफूले पनि सहयोग गर्ने बताउनुभयो । केन्द्रले देश र देश बाहिरका मृगौला रोजीहरूको सेवा गरिरहेको औंल्याउँदै उहाँले ऐन पास भएको तीस दिनमै कलेजो प्रत्यारोपण गरेको र अहिले मुटु र फोक्सोको प्रत्यारोपण गर्ने तयारी भइरहेको जानकारी दिनुभयो ।




प्रमुख अतिथि बिजुक्छेंबाट ६ नं. का वडाध्यक्ष सुवाललाई स्वास्थ्य सामग्री हस्तान्तरण गर्दै

कार्यक्रममा भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले 'गाईजात्रा महोत्सव २०७४' मा प्रस्तुत घिन्ताङघिसी, परम्परागत नाचगान तथा आधुनिक नृत्य र ख्याल विधाका उत्कृष्ट टोलीहरूको नतिजाबारे जानकारी दिनुभयो भने वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो ।

भक्तपुर नपाका कार्यकारी अधिकृत रोहितराज पोखरेलले धन्यवाद ज्ञापन गर्दै विहानले दिनको संकेत सय दिनको कामले दिएको छ भन्नुभयो ।

# सडक चौडा बनाउँदा पीडितहरूलाई चल्तीको मूल्यअनुसार क्षतिपूर्ति दिनुपर्ने

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सडक चौडा बनाउँदा पीडित घर धनीहरूलाई चलन चल्तीको मूल्यअनुसार क्षतिपूर्ति दिनुपर्ने बताउनु भएकोछ ।

काठमाडौं उपत्यका विकास प्राधिकरणको भाद्र १५ गते काठमाडौंमा बसेको संचालक समितिको बैठकमा प्रमुख प्रजापतिले उक्त कुरा बताउनु भएको हो ।



प्रमुख प्रजापति काठमाडौं उपत्यका विकास प्राधिकरणको कार्यक्रममा बोल्नुहुँदै

उहाँले सरकारले तोकेको मूल्य र प्रचलित मूल्यमा धेरै फरक पर्ने भएकोले मालपोतको दरअनुसार क्षतिपूर्ति दिंदा घर धनीहरूलाई धेरै अन्याय हुन्छ भन्नुभयो ।

बैठकले भक्तपुरको देको–मिवा–इटापाके आवास योजनाको व्यवस्थापन उपसमितिमा भक्तपुर न.पा वडा नं. २ का वडाअध्यक्ष हरिप्रसाद सुवाल र ६ नं. वडाका वडाअध्यक्ष हरिराम सुवाललाई सदस्य थप गर्ने व्यवस्थापन उपसमितिको सिफारिस अनुसार सदस्य थप गर्ने निर्णय गऱ्यो ।

त्यसैगरी बैठकले देको–मिवा–इटापाके आवास योजनामा १३२ के.भी. हाइटेन्सन लाइन मुनि आयोजना स्वीकृत हुँदाका बखत १८ मिटर मापदण्ड प्रस्तावित गरिएकोमा उपभोक्ताहरूको हितलाई ध्यानमा राखी १६ मिटर कायम गर्ने मिति २०७४।३।२२ को व्यवस्थापन उपसमितिको निर्णयअनुसार नै कार्य अगाडि बढाउने निर्णय गऱ्यो ।

अदालतको फैसला र मिलापत्रको आधारमा कित्ताकाट गर्न स्वीकृत गर्ने पनि बैठकले निर्णय गऱ्यो ।

ललितपुर महानगरपालिकाका उपप्रमुख गिता सन्ज्यालले सडक चौडा गर्दा घर जग्गा परेका पीडितहरूको लागि चलन चल्तीको मूल्यमा क्षतिपूर्ति नदिएमा जनतालाई ठूलो मर्का पर्ने बताउनु भयो ।

काठमाडौं उपत्यका विकास प्राधिकरणका आयुक्त भाईकाजी तिवारीको अध्यक्षतामा बसेको उक्त बैठकमा कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश श्रेष्ठ, पुरातत्त्व विभागका महानिर्देशक भेष नारायण दाहाल, भूमिसुधार तथा व्यवस्थापन विभागका महानिर्देशक, गुथि संस्थानका प्रमुख, फोहरमैला व्यवस्थापन प्राविधिक सेवा केन्द्रका प्रमुखलगायतको उपस्थिति थियो ।


## सन्ततिको स्वास्थ्य र भावी स्वस्थ जीवनको लागि खोप लगाउन सम्झना राखौं

### भक्तपुर नगरपालिका क्षेत्रभित्र खोप सेवा प्रदान गरिने स्थान, दिन र समय

| स्थान | दिन (हरेक हप्ताको) | समय | उपलब्ध भ्याक्सिन |
|---|---|---|---|
| भक्तपुर अस्पताल, दूधपाटी | आइतबार र बुधबार | बिहान ९ बजेदेखि दिउँसो २ बजेसम्म | बि.सि.जि., डि.पि.टि., हे.प.बि. हिव, पोलियो दादुरा–रुबेला, जेई, टि.टि. |
| शहरी स्वास्थ्य केन्द्र, च्यामासिङ्ग | सोमबार र शुक्रबार | बिहान ७ बजेदेखि दिउँसो १ बजेसम्म | |
| शहरी स्वास्थ्य केन्द्र, ब्यासी | बिहीबार | बिहान ७ बजेदखि दिउँसो १ बजेसम्म | |
| सिद्धिस्मृति महिला तथा बाल अस्पताल, भेलुखेल | आइतबार, मङ्गलबार र शुक्रबार | बिहान १० बजेदेखि दिउँसो २ बजेसम्म | |
| सामुदायिक स्वास्थ्य केन्द्र, घटखा | आइतबार | बिहान ७ बजेदेखि ९ बजेसम्म | |

जिल्ला जनस्वास्थ्य कार्यालय, भक्तपुर

# शैक्षिक विकासबारे महिलाबीच अन्तरक्रिया

३८ औं अन्तर्राष्ट्रिय शिक्षा तथा साक्षरता दिवसको उपलक्ष्यमा भाद्र २३ गते भक्तपुर नगरपालिका क्षेत्रमा महिलाहरूको शैक्षिक विकासको बारेमा महिला जनप्रतिनिधिहरूसँग अन्तरक्रिया कार्यक्रम भएको छ।




कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरमा साक्षरता तथा प्रौढ कक्षा सञ्चालन गरेपछि धेरै महिला दिदीबहिनीले सीपहरू सिक्ने अवसर पाएको बताउनुभयो। उहाँले भक्तपुर नगरपालिकाले सञ्चालन गरेका सीपमूलक तालिमबाट महिलाहरूलाई रोजगारीको सिर्जना गर्ने अवसर पाइरहको जनाउनुभयो। प्रमुख प्रजापतिले अपराध, चोरी गर्नेहरूले मात्र लाज मान्नुपर्ने बताउँदै नआएको कुराहरू सिक्नमा लाज नमान्नको लागि सबै महिलाहरूलाई आग्रह गर्नुभयो। 'लाज मान्यो भने केही पनि सिकिंदैन, अगाडि बढ्नुपर्छ' भन्नुभयो। त्यसै उहाँले भक्तपुर नगरले अरु नगरहरूको तुलनामा शिक्षा क्षेत्रलाई नै धेरै बजेट छुट्याएको बताउनुभयो।

'शिक्षामा मात्र नभई भक्तपुर नगरपालिकाले अरु पनि थुप्रै उदहारणीय कामहरू गर्दै आएका छन्। भक्तपुर नगरपालिकाले पुरानै शैलीमा घर बनाई, काठको प्रयोग गरे ७५ प्रतिशतसम्म अनुदान दिने व्यवस्था गरेको छ। तर नक्सा विपरीत भने घरहरू नबनाउन अनुरोध छ।' प्रमुख सुनिल प्रजापतिले भन्नुभयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले समाजलाई अघिबढाउने महिलाहरू शिक्षित हुनैपर्ने उल्लेख गर्नुभयो। पुरुषले भन्दा तीनगुणा बढी काम गर्ने महिलाहरूले आफ्नो आवश्यकताअनुसारको शिक्षा सिक्नुपर्ने हुनाले फेरि पनि साक्षरता कक्षा सञ्चालन गर्ने बताउनुभयो। उहाँले आरक्षणमा भन्दा पनि अवसरमा केन्द्रित रहन महिला दिदीबहिनीहरूलाई आग्रह गर्नुभयो।

त्यस्तै महिलाहरूलाई अझै सबल बनाउनको लागि यस्तै अन्तरक्रिया कार्यक्रमहरू आवश्यक रहेको ⮊⮊



३८ औं अन्तर्राष्ट्रिय शिक्षा तथा साक्षरता दिवसको कार्यक्रममा उपस्थित महिला सहभागीहरु

# व्यक्तिगत सुविधा होइन जनताको सेवा गर्न निर्देशन

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले जनताको घर दैलोमा पुगेर स्वास्थ्य सेवा गर्ने स्वास्थ्यकर्मीहरूले आफ्नो व्यक्तिगत सुविधालाई भन्दा जनताको स्वास्थ्य उपचारलाई प्राथमिकतामा राखेर कार्य गर्न निर्देशन दिनुभयो ।



नर्स र स्वास्थ्य स्वयंसेविकाहरूको कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापति

घर घरमा गएर नर्सिङ सेवा गरिरहेका नर्स र स्वास्थ्य स्वयंसेविकाहरूको भाद्र २२ गते भएको भेलामा प्रमुख प्रजापतिले नर्स र स्वास्थ्य स्वयंसेविकाहरूको व्यवहार शिष्ट र नरम हुनुपर्छ भन्नुभयो ।

स्वास्थ्य सेवामा खट्ने स्वास्थ्यकर्मीहरूले जनताको सेवा नै ठूलो धर्म हो भन्ने भावनाले काम गरेमात्रै जनप्रतिनिधिहरूको भावना सार्थक हुने बताउनुभयो ।

उहाँले भन्नुभयो, 'स्वास्थ्य उपचार खर्च अन्यन्त महँगो हुँदै गइरहेको छ । गरिब जनताले उपचार गर्न नसक्ने स्थिति आएको छ । कतिपय ज्येष्ठ नागरिकहरू उपचार नपाएर दुःख कष्ट सहेर जीवन बिताइरहेका छन् । नपाको घर घरमा नर्सिङ सेवाले गरिब वर्गका जनतालाई सहयोग पुग्नेछ ।

नगर कार्यपालिका सदस्य कृष्णलक्ष्मी दुवालले एक हप्तामा आफ्नो वडामा नर्सहरू घर घरमा गएर सेवा गरेकोमा जनता खुसी भएको बताउँदै यसलाई अझ प्रभावकारी बनाउन जनप्रतिनिधिहरू पनि जनताबीच जानुपर्ने विचार व्यक्त गर्नुभयो ।

डा. रत्नसुन्दर लासिवाले स्वास्थ्यकर्मीहरूले घर घरमा गएर गर्नुपर्ने कामको जानकारी दिनुको साथै स्वास्थ्य सेवामा कुनै कमी–कमजोरी हुन दिनुहुन्न भन्नुभयो ।

नेपाल मजदुर किसान पार्टीको चुनावी घोषणापत्रमा घर घरमा नर्सिङ सेवा उपलब्ध गराउने उल्लेख छ । जनप्रतिनिधिले पद वहाली गरेको सय दिनको अवसर (भाद्र १२) मा घरघरमा नर्सिङ सेवा सुरु भएको हो । घरघरमा गएर सेवा गर्ने स्वास्थ्यकर्मीहरूले स्वास्थ्यसम्बन्धी पारिवारिक विवरण तयार गर्ने, अशक्त र ज्येष्ठ नागरिकहरूको हेरविचार गर्ने, घाउको सरसफाइ गर्ने, स्त्री रोगसम्बन्धी छानविन गर्ने, महिलाहरूलाई स्तन परीक्षण आफै गर्न सिकाउनेलगायतका कार्यहरू गर्नेछन् ।

⊃⊃ बताउँदै सबैको सहभागिता हुने अपेक्षा गर्नुभयो । अहिले शिक्षामा पुरुषको भन्दा पनि महिलाहरूको सहभागिता बढी रहेकोमा खुसी व्यक्त गर्नुभयो ।

रोशनमैया सुवालको सभापतित्वमा भएको कर्याक्रममा वडा अध्यक्षहरू रवीन्द्र ज्याख्व, राजकृष्ण गोरा, उकेश कवां, वडा सदस्य कृष्णलक्ष्मी दुवाल र सहभागी अम्बिका न्याइच्याई, कल्पना गिरी, राजमती लवजु, छोरी शिल्पकार, प्रेमलक्ष्मी त्वायना, रश्मिला कासुला, शिवलक्ष्मी सुवाल, धर्मलक्ष्मी लघु, विणा सकिजु, कमलकेशरी खर्बुजाले पनि बोल्नुभएको थियो ।




प्रमुख सुनिल प्रजापति कबड्डी प्रतियोगिता उद्घाटन गर्नुहुँदै

# महिलाहरू भाषा संस्कृति बचाउन अग्रसर हुनुपर्ने

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले आजको युगमा महिलाहरू शिक्षा, सीप, तालिम, क्षमता अभिवृद्धि र आफ्नो भाषा संस्कृति बचाउन अग्रसर हुनुपर्नेमा जोड दिनुभएको छ।




तःमुंज्याको महिला भेलामा प्रमुख प्रजापति लगायत

उक्त कुरा ३७ औं नेपाल भाषा साहित्य तःमुंज्या भव्य रूपमा सफल पार्न भाद्र १० गते भएको भक्तपुर नपा ५ नं. वडाका महिलाहरूको भेलामा बताउनु भएको हो।

तःमुज्या गोसाखलका संयोजक बलराम सिबन्जारको सभापतित्वमा सम्पन्न उक्त भेलामा प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकामा जनप्रतिनिधिहरू निर्वाचित भएर आएपछि घोषणापत्रअनुसार नगरको शिक्षा, स्वास्थ्य सेवा, सम्पदा तथा संस्कृति बचाउन गर्दै आएका र आगामी दिनमा नगरपालिकाले गर्ने गतिविधिबारे जानकारी दिनुभयो।

कार्यक्रममा नेपाल भाषा सहित्य तःमुज्या मूगुथिका सचिव तथा नेमकिपा जिल्ला समितिका सुरेन्द्रराज गोसाईले तःमुज्याको शुरुवात, महिलाहरूले अध्ययन गर्नु पर्ने तथा नियमित रूपमा भेला राख्नु पर्ने, नेपाल भाषाको महत्त्व तथा संरक्षणको आवश्यकता, महिलाहरूले सिकाइमा ध्यान दिनुपर्ने र राजनीतिक चेतनाको आवश्यकताबारे प्रकाश पार्नुभयो।

उक्त भेलामा नेपाल क्रान्तिकारी महिला संघका जिल्ला अध्यक्ष कमल माया सुवालले राज्यस्तरबाट रचिएको भक्तपुर काण्डबारे स्मरण गराउनु भयो।

नेपाल क्रान्तिकारी महिला संघ भक्तपुर नपा वडा नं ५ का अध्यक्ष कृष्ण प्यारी जधारीले ३७ औं नेपाल भाषा साहित्य तःमुंज्या भव्य रूपमा सफल पार्न महिलाहरूको सक्रिय सहभागिताका लागि अनुरोध गर्नु भयो।

उक्त कार्यक्रममा सरस्वती सिंख्वाल र सुशीला न्याइच्याईले पनि बोल्नु भएको थियो।

# भूकम्पपछिको सम्पदाको अभिलेख नपालाई बुझाइयो

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ्ग कलेजले २०७२ वैशाख १२ गतेको भूकम्पपछिको भक्तपुर सहरको भौतिक सम्पदाको स्थितिबारेमा तयार पारेको अभिलेख भाद्र ९ गते कलेजमा आयोजित एक कार्यक्रमबीच नगरपालिकालाई हस्तान्तरण गऱ्यो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख एवं कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले अभिलेखलाई सम्पत्तिको रूपमा ग्रहण गरिने र अभिलेखले भविष्यमा सम्पदा वा साँध विषयमा कुनै विवाद भएमा त्यसलाई प्रमाण रूपमा लिन मद्दत मिल्ने बताउनुभयो।

जर्मन प्रोजेक्टले पाटी पौवा जस्ता सम्पदाहरूको अभिलेख तयार गर्दा कतिपय छुट्न गएकोले सार्वजनिक सम्पत्ति व्यक्तिले निजीकरण गर्न अवसर मिलेको बताउनु भयो। उहाँले नापी–नक्सामा किटानी सार्वजनिक जग्गा, पाटी, सतल उल्लेख भएकोमा निजीकरण गरिएकोलाई जनताले फिर्ता लिएको प्रसङ्ग उल्लेख गर्दै अभिलेख तयार गर्दा कुनैको पनि विवरण छुटाउनुहुँदैन भन्नुभयो।

सम्पदाको संरक्षण र सम्वर्द्धन गर्न बुद्धिजीवीहरूले सरसल्लाह दिने र जनप्रतिनिधिहरूले कार्यान्वयन गर्ने गर्दछन् भन्नुहुँदै उहाँले सरकारमा जाने राजनैतिक नेतृत्वको कमजोरीले गर्दा सांसदहरूले आफूखुसी नियमहरू बनाउने र कार्यान्वयन गर्दा देश र जनताले दुःख भोग्नुपरेको छ भन्नुभयो।

# फोहोर मैला व्यवस्थापन गर्न विद्यालय र कलेजको महत्त्वपूर्ण भूमिका

भक्तपुर नगर इतिहासकालदेखि नै सफा, सभ्य, सुसंस्कृत रहेको उल्लेख गर्दै सरसफाइको लागि कुनै एनजीओ/आईएनजीओको मुख ताक्न नहुने कुरा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले बताउनु भएको छ।

उक्त कुरा भक्तपुर नगरपालिका क्षेत्रमा सरसफाइ गतिविधिलाई प्रभावकारी एवं व्यवस्थित गर्ने हेतुले नगरपालिकामा रहेका विभिन्न सरकारी तथा निजी विद्यालय र कलेजका प्रधानाध्यापक र प्राचार्यहरूबीच भाद्र ७ गते भएको छलफल कार्यक्रममा बताउनु भएको हो।




प्रधानाध्यापक र प्राचार्यहरूसँगको छलफल कार्यक्रममा प्रमुख प्रजापतिलगायत

उहाँले नगरको फोहोरमैला व्यवस्थापनमा विद्यालय र कलेजको तर्फबाट महत्त्वपूर्ण भूमिका खेल्न सक्ने विश्वास व्यक्त गर्नुभयो।

साउन १ गते देखि हरेक १५ दिनमा नगरपालिकाका सबै जनप्रतिनिधिहरू, कर्मचारीहरू र स्थानीय जनताको सहकार्यमा नगरका विभिन्न ऐतिहासिक स्थलहरूमा सरसफाइ तथा हरियाली क्षेत्र विस्तार ➲➲



कार्यक्रममा बोल्नु हुँदै प्रमुख प्रजापति, उपप्रमुख जोशी, वडाध्यक्ष ज्याख्व, वडाध्यक्ष कर्माचार्य र कार्यपालिका सदस्य अवाल

➲➲ भक्तपुर नगरपालिकाका उपप्रमुख एवं कलेज सञ्चालक समितिका उपाध्यक्ष रजनी जोशीले सभ्य र सुसंस्कृत नागरिक बनाउने कार्यमा सहयोग पुऱ्याउन भक्तपुर नपाले कलेजहरू सञ्चालन गरेको बताउनुभयो। उहाँले भूकम्पबाट सिकेको शिक्षालाई व्यवहारमा उतार्न थप अध्ययन र अनुसन्धान गर्नुपर्ने र जीवन्त रहेको सङ्ग्रहालय बनाउन सबैजना लाग्नुपर्छ भन्नुभयो।

ख्वप इन्जिनियरिङ्ग कलेजका प्राचार्य ई. सुजन माकले भूकम्पको पराकम्पन भइरहेको अवस्थामा तयार पारेको भक्तपुर सहरको सम्पदासम्बन्धी अभिलेख भक्तपुर नगरपालिकालाई हस्तान्तरण गर्न पाएकोमा खुसी व्यक्त गर्नुभयो।

ख्वप कलेज अफ इन्जिनियरिङ्गका प्राचार्य ई.सुनिल दुवालले अभिलेखलाई कम्प्युटर टाइप गर्न Auto-Cad र GIS Software को धेरै महत्त्व रहेकोले आर्किटेक्चरको पाठ्यक्रममा GIS को व्यवस्था हुनुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा अर्वान डिजाइन एण्ड कन्जरभेसन विभागका प्रा.डा. मोहनमूर्ति पन्त, आ. रिजिना बज्राचार्य र आ.अर्चना बाडेले पनि बोल्नुभएको उक्त कार्यक्रममा उपप्राध्यापक आ.रसिसलाल श्रेष्ठले सम्पदासम्बन्धी अभिलेखको प्रस्तुतीकरण गर्नुभयो।

सोही कार्यक्रममा सिभिल विभागका उपप्राध्यापक ई.रजिम गणेशले भक्तपुर नगरपालिका भित्रको खानेपानी सम्बन्धी गरेको अध्ययनको अभिलेख प्रस्तुतीकरण गर्नुभएको थियो।

# देश विरोधी संविधान संशोधन अस्वीकृत

देशका सात प्रदशेमध्ये पाँचवटा प्रदेशका स्थानीय तहको निर्वाचन सम्पन्न भएको चार महिनापछि प्रदेश नं. २ को चुनाव असोज २ गते हुँदैछ।

अङ्गीकृत नागरिक पनि वंशजसरह राष्ट्रप्रमुखलगायत राज्यका मुख्य पदमा जान पाउनु पर्ने, प्रदेशहरूको सीमा हेरफेर गर्ने, प्रदेशहरूबाट राज्यसभामा समान सङ्ख्याको आधारमा गर्नेलगायतका देश र जनविरोधी प्रावधान राखेर ल्याएको संविधान संशोधनको प्रस्तावको कारण प्रदेश नं. २ को स्थानीय तहको निर्वाचन पछाडि सारिएको थियो। सरकारले ल्याएको उक्त प्रस्तावमाथि भाद्र ५ गते संसदमा भएको मतदानबाट अस्वीकृत भएको छ। प्रस्तावको पक्षमा संसदमा उपस्थित ५५३ सांसद मध्ये ३४७ को मत पऱ्यो भने विपक्षमा २०६ जनाको मत परेको थियो। संविधान संशोधनको प्रस्ताव पारित हुन दुई तिहाइ मत आवश्यक हुन्छ।

संविधान संशोधन प्रस्ताव अस्वीकृत भएपनि भारत भ्रमणमा गएका प्रम शेरबहादुर देउवाले भारतीय प्रम नरेन्द्र मोदीलाई फेरि संविधान संशोधन गराउने वचन दिएका थिए।

आगामी माघ ७ गते भित्र प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन सम्पन्न भइसक्नु पर्ने संवैधानिक प्रावधान रहेको छ। यसको निम्ति आगामी मंसिर १० गते दुवै सभाको मत एकै पटक गर्ने मिति तय भएकोमा फेरि मंसिर १० र २१ गते दुई चरणमा गर्ने गरी सारिएको छ। उक्त निर्वाचनको लागि ९५ वटा दलले निर्वाचन आयोगमा दल दर्ता गराएका छन्।

प्रतिनिधि सभा र प्रदेश सभाको लागि भाद्र ५ गते सम्म १८ वर्ष पुगेकाहरूले मतदान गर्न पाउने निर्णय निर्वाचन आयोगले गरेको छ।

यसै सिलसिलामा भक्तपुर जिल्लामा नयाँ मतदाता नामावली संकलनमा १४३१३ ले नाम दर्ता गराएका छन्। भक्तपुरको कूल मतदाता १,७५,८४२ पुगेको छ। सम्पन्न स्थानीय तहको निर्वाचनको बेला मतदाता सङ्ख्या १,६१,५२९ थियो।

यसैबीच निर्वाचन आयोगले रुकुम र नवलपरासी जिल्लामा दुई–दुईवटा जिल्ला समन्वय समितिको निर्वाचन गराउने निर्णय गरेको छ। यसबाट नेपालका जिल्लाहरूको सङ्ख्या ७५ बाट ७७ पुगेको छ।


---

कार्यक्रम गर्दै आएको चर्चा गर्दै प्रमुख प्रजापतिले नयाँ पुस्तालाई स्थानीय कला संस्कृति, इतिहास र राजनीतिबारे सचेत पार्न विद्यालयहरूमा स्थानीय पाठ्यक्रम सञ्चालन गर्ने विषयमा छलफल भइरहेको बताउनुभयो।

उपप्रमुख रजनी जोशीले फोहोरमैलालाई हेयको दृष्टिले हेर्नुभन्दा स्रोतको रूपमा हेर्नु जरुरी रहेको बताउनुभयो। उहाँले नगरपालिकाका हरेक गतिविधिमा भक्तपुरवासी जनताले साथ र सहयोग गर्दै आएको उल्लेख गर्दै जनताकै सहयोग र सक्रियतामा नगरको सरसफाइ कार्यलाई प्रभावकारी बनाउन सकिने स्पष्ट पार्नुभयो।

वातावरण तथा पर्यटन समितिका संयोजक रवीन्द्र ज्याख्वले नगरमा दैनिक करिब ३० टन फोहोर उत्पादन हुने र त्यसमध्ये ७० प्रतिशत जति जैविक फोहोर भएको चर्चा गर्दै फोहोर उत्पादन हुने स्रोतबाट नै कुहिने र नकुहिने फोहोर छुट्याएर सङ्कलन गर्न सके प्रभावकारी हुने बताउनुभयो। उहाँले समुदायलाई परिचालन गरी सबै वडामा एकीकृत फोहोरमैला व्यवस्थापन योजना अघि बढाउने विषयमा गृहकार्य भइरहेको बताउँदै हरेक स्कूल, कलेजले कम्तीमा एउटा ऐतिहासिक एवं सांस्कृतिक स्थलको नियमित सरसफाइ गर्ने अभियान सञ्चालन गर्न आग्रह गर्नुभयो।

कार्यक्रममा विभिन्न स्कूलका प्रधानाध्यापकहरूले नगरको सफाइ गतिविधिलाई प्रभावकारी बनाउने विषयमा राय सुझावहरू दिनुभयो। उक्त कर्यक्रममा भक्तपुर नपा ५ वडाका अध्यक्ष प्रेमगोपाल कर्माचार्य र कार्यपालिका सदस्य सुनिता प्रजापति (अवाल)ले पनि बोल्नुभएको थियो।



कार्यक्रममा उपस्थित प्राचार्य र प्रधानाध्यापकहरू

# भूकम्प पीडितहरूलाई दोश्रो र तेश्रो किस्ता एकमुष्ट दिनुपर्ने

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भूकम्प पीडितहरूलाई दोश्रो र तेश्रो किस्ता एकमुष्ट वितरण गर्नुपर्ने बताउनु भएको छ।

उक्त कुरा राष्ट्रिय पुन:निर्माण प्राधिकरणको भाद्र ६ गते बसेको बैठकमा बौल्दै प्रमुख प्रजापतिले भूकम्प पीडितहरूलाई सहज रूपमा रकम उपलब्ध गराउने व्यवस्था गर्न जोड दिनुभएको छ।

भक्तपुर नगरपालिका भित्र ७४३७ लाभग्राहीमध्ये ४९५५ ले पहिलो किस्ता प्राप्त गरेको, दोश्रो किस्ताको लागि आवेदन दिनेहरू ५१८ मध्ये १६७ को मात्रै सिफारिस भएकोबाट न्यून सङ्ख्याले मात्रै रकम लिन सकेको प्रष्ट हुन्छ– उहाँले भन्नुभयो।

मोहीयानी हकको जग्गा र गुठी जग्गामा घर बनाइ बसेका, दर्ता नभएका र सामुहिक स्वामित्वका जग्गामा घर बनाएर बसेकाहरूले जग्गा धनी प्रमाणपुर्जाको अभावमा रकम प्राप्त गर्न नसकेको उल्लेख गर्दै उहाँले घर भत्केको प्रमाणको आधारमा रकम नदिने हो भने विदेशीले दिएको रकम बैंकमा र भूकम्प पीडितहरू टहरामै हुनेछन् भन्नुभयो।



कार्यक्रममा प्रमुख सुनिल प्रजापति मन्तव्य राख्नुहुँदै

प्रमुख प्रजापतिले भक्तपुर नपाले भूकम्प पीडितहरूलाई नक्सापास दस्तुरमा माटो जोडाइमा शत प्रतिशत र सिमेन्ट जोडाइमा ७५ प्रतिशत छुटदिने गरेको बताउँदै परम्परागत शैलीका घर बनाउने घर धनीहरूलाई मोहडामा हुने खर्च (काठ र इँटाको लागि) को ३५ प्रतिशत नगरपालिकाले अनुदान दिने निर्णय गरेको पनि जानकारी दिनुभयो।

घर र जग्गा केही नभएकाहरूलाई सरकार आफैले घर बनाइ दिनुपर्छ। प्राविधिक कुरा गरेर जनतालाई अल्मल्याउनुभन्दा भूकम्प पीडितहरूको सङ्ख्याको आधारमा रकम स्थानीय तहमा पठाइ दिएमा स्थानीय तह आफैले त्यसको व्यवस्थापन गर्नेछ– प्रमुख प्रजापतिले जोड दिनुभयो।

धुलिखेल नगरपालिकाका प्रमुख अशोक ब्याञ्जुले अहिलेकै स्थितिमा भूकम्प पीडितले प्राधिकरणसँग पैसा लिएर घर बनाउनु भनेको 'आकाशको फल' हुने बताउनु भयो।

उहाँले धुलिखेल नगरपालिका सुकुम्वासीविहीन बनाउने उद्देश्यले नगरपालिका आफैले जग्गा खरिद गरी भूमिहीनहरूलाई वितरण गर्ने तयारी गरिरहेको जानकारी दिनुभयो।

पाँचखाल नगरपालिकाका प्रमुख महेश खरेलले डाँडाहरूमा बसिरहेका जनतालाई ६ मिटरको बाटो राखी नक्सापास गर्नु असम्भव भएको हुँदा त्यसबारे प्राधिकरणले सोच्नुपर्छ भन्नुभयो।

मेलम्ची नपाका प्रमुख डम्वर अर्यालले भूकम्प पीडितहरूलाई बालुवा र गिट्टीमा छुट दिएको जानकारी दिँदै बैंकको ऋणबाट घर बनाउने आशामा बसिरहेका पीडितहरू निराश हुनुपर्ने स्थिति रहेको बताउनुभयो।

काठमाण्डौ, ललितपुर, भक्तपुर, धुलिखेल, पाँचखाल, चौतारा र मेलम्ची नगरपालिकाका प्रमुख र कार्यकारी अधिकृतहरू, सहरी विकास मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलगायतका प्रतिनिधिहरू सहभागी बैठक राष्ट्रिय पुन:निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत गोविन्द राज पोखेलको अध्यक्षतामा बसेको थियो।

**पानीजन्य सरुवा रोगबाट बच्न पानी उमालेर खानु सर्वोत्तम उपाय हो।**

# नगरपालिकाद्वारा खेलकुदको नीति नियमबारे अन्तरक्रिया

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यतामा भक्तपुर नपा युवा तथा खेलकुद समितिको आयोजनामा खेलकुद नीति नियम सम्बन्धमा अन्तरक्रिया कार्यक्रम भाद्र ३ गते भक्तपुर नपा सभाकक्षमा सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख अतिथि सुनिल प्रजापतिले




अन्तरक्रिया कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापति

युवाहरूलाई देशभक्त र अनुशासित बनाउन खेलकुद अपरिहार्य भएको बताउनु हुँदै पूर्वाधारविना खेलकुद अगाडि बढ्न नसक्ने हुँदा आर्थिक स्रोत र बजेटको आधारमा पूर्वाधार तयार गर्दै जाने तथा नेपाल सरकारको सहयोगको लागि पनि पहल गर्ने बताउनुभयो । उहाँले युवाहरूलाई कुलतबाट बचाउन कुनै न कुनै खेलमा संलग्न गर्नु पर्नेमा जोड दिनुभयो ।

उहाँले नीति नियम भनेको मार्ग हो र मार्गविना अगाडि बढे दुर्घटना हुन सक्ने बताउनु हुँदै नेपालको संविधानमा स्थानीय तहलाई धेरै अधिकार हुँदा हुँदै स्थानीय तह संचालन विधेयक पास नहुँदा अधिकार प्रयोगमा अन्यौलको स्थिति रहेको बताउनु भयो ।

उहाँले प्रजग कोरियाका युवाहरू अनुशासित र राजनीतिक नेतृत्व सक्षम भएको कारण अमेरिकी साम्राज्यवादविरुद्ध सानो देश भएर पनि हाँक दिइरहेको बताउनु भयो । उहाँले अमेरिकी साम्राज्यवादविरुद्ध बोल्ने जो कोहीविरुद्ध शिशु अवस्थामा नै समाप्त पार्ने उदाहरण इराक र लिबिया भएको उल्लेख गर्दै त्यसबाट शिक्षा लिई प्रजग कोरिया अगाडि बढेको बताउनु भयो ।

उहाँले तेल जोसँग छ त्यो देश धनी हुने भएकोले तेल भएका देशहरू कब्जा गर्ने अमेरिकी नीति भएको बताउँदै अबको विश्व युद्ध पानीको लागि हुने कुराहरू आइरहेको छ भन्नु भयो । उहाँले उत्पादनका साधनहरू सामाजिकीकरण वा राष्ट्रियकरण गर्ने व्यवस्था समाजवादी व्यवस्थाबाट सिक्नु पर्ने बताउनु भयो । उहाँले गलत राजनीतिले देशै नरहने बताउँदै भारतीय विस्तारवादका कारण नेपाल खुम्चनु परेको र भारतको हितको निम्ति नेपालीहरू डुबेर मर्नु परिरहेको अवस्थामा पनि शासक दलहरू मौण छन् भन्नुभयो ।

कार्यक्रममा नगर खेलकुद समितिका संयोजक एवं वडा नं ७ का वडाध्यक्ष उकेश कवाँले परिवर्तित नीति नियम प्रस्तुत गर्नुभयो ।

कार्यक्रम युवा तथा खेलकुद समितिका संयोजक एवं वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीको सभापतित्वमा सम्पन्न भएको थियो भने स्वागत युवा तथा खेलकुद समितिका सदस्य एवं कार्यपालिका सदस्य सुनिता अवाल र युवा तथा खेलकुद समितिका सदस्य एवं वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले पनि बोल्नु भएको थियो ।

कार्यक्रममा भक्तपुर जिल्ला फुटबल संघका अध्यक्ष गौतम सुजखु, भलिबल संघका अध्यक्ष विनोद चरण राय, टेबुलटेनिस संघका अध्यक्ष प्रेमकृष्ण खर्बुजा, एथलेटिक्सका आसराम गोठे, सितेरियो कराटेका मृगेन्द्र धौभडेल, नगर खेलकुद समितिका सदस्यहरू कृष्णराम जाकी, रामकृष्ण प्रजापति, गणेश प्रसाद सुवाल, प्रशिक्षकहरू केदार तुईतुई, मुना बासुकला र इन्द्र भक्त पंचले नीति नियमबारे सुझावसहित आ–आफ्नो धारणा राख्नुभयो ।



कार्यक्रममा बोल्नुहुँदै वडाध्यक्ष खत्री

# सफाइ जात विशेषको काम होइन

भक्तपुर नगरपालिकाका सफाइ मजदुरहरूको भेला नगरपालिका सभाकक्षमा भाद्र ११ गते सम्पन्न भयो।

भेलामा नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर सहर कला-संस्कृतिले भरिएको जीवन्त सहर भएको उल्लेख गर्दै सरसफाइ सभ्यताको प्रतीक भएको बताउनुभयो।

उहाँले नगरको सफाइ गर्नु कुनै जात विशेष वा कर्मचारीको मात्र दायित्व नभई सबै नगरवासीहरूको साझा कर्तव्य भएकोले यसलाई सामाजिक प्रतिष्ठाको विषय बनाउनुपर्नेमा जोड दिनुभयो।

प्रमुख प्रजापतिले नगरवासीहरूसँग घुलमिल भई उनीहरूको मन जित्न तथा सफा पोशाकमा सरसफाइमा जुट्न एवं धूमपान र मद्यपान नगर्न कर्मचारीहरूलाई निर्देशन दिनुभयो। इमानदारीपूर्वक जनताको मन जितेर काम गर्ने उत्कृष्ट कर्मचारीलाई नगरपालिकाले पुरस्कृत गर्ने र कर्तव्य पूरा नगर्नेलाई दण्ड सजाय दिने व्यवस्था कार्यान्वयनमा आउने प्रमुख प्रजापतिले प्रस्ट पार्नुभयो।

भेलामा वातावरण तथा पर्यटन समितिका संयोजक रवीन्द्र ज्याख्वले फोहरमैलाको कारण विभिन्न सरुवा रोगबाट अनाहकमा मानिसको मृत्यु हुने चर्चा गर्दै प्रभावकारी सरसफाइले रोग टाढा भाग्ने बताउनुभयो। उहाँले नगरपालिका सबै नगरवासीहरूको साझा संस्था भएकोले जनताले नगरपालिकाबाट धेरै आशा गरेको उल्लेख गर्दै सरसफाइ कार्यबाट जनताले परिवर्तनको सुरुवात भएको महसुस गराउन प्रयत्न गर्नुपर्नेमा जोड दिनुभयो।

स्यानिटेशन उपशाखाका प्रमुख दिलिप सुवालले कर्तव्यनिष्ठ भई जनतासँग नम्र व्यवहार गर्न तथा समयमै आफ्नो काम सम्पन्न गर्न सबै कर्मचारीहरूलाई आग्रह गर्नुभयो।

वातावरण तथा पर्यटन समितिका पदाधिकारी एवं नगरपालिकाका सबै सफाइ मजदुरहरूको उपस्थिति रहेको उक्त भेलाले सफाइ मजदुरहरूको आन्तरिक समायोजन गरेको थियो। नगरपालिकाको दसवटै वडाहरूमा आठ आठ जना सफाइ मजदुरहरू बन्दोबस्त रहने र नगरको मूल बजार क्षेत्रमा टिपनटापनको व्यवस्था रहने गरी समायोजन गरिएको भेलामा कर्मचारीहरूलाई भदौ १५ गतेबाट नयाँ कार्यक्षेत्रमा कार्य थाल्न निर्देशन दिइएको स्यानिटेशन उपशाखा प्रमुख सुवालले बताउनुभयो।



सफाइ मजदुरहरूको भेलामा बोल्नुहुँदै प्रमुख प्रजापति

**पखाला लागेकालाई नुन, चिनी र पानीले संजीवनीको काम गर्छ।**

# जनताको भविष्यसँग जोडिएकोले पर्यटन विकासमा लगानी

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसित फोटो ग्राफी भक्तपुर किपा प्रतिनिधिमण्डलले भाद्र १ गते



प्रमुख सुनिल प्रजापतिका साथ किपाग्राफी भक्तपुरका सदस्यहरू

नगरपालिकाको कार्य कक्षमा भेटी बधाइ तथा शुभकामना पत्र हस्तान्तरण गर्नुभयो।

प्रमुख प्रजापतिले भक्तपुर कलाकारहरूको शहर भएको बताउँदै यहाँका कला र संस्कृतिबारे देश विदेशमा प्रचार प्रसार गरी भक्तपुरलाई पर्यटकीय गन्तव्य स्थलको रूपमा विकास गर्न फोटोग्राफरहरूलाई सहयोगको लागि अग्रह गर्नुभयो।

उहाँले भक्तपुरमा ठूल ठूला उद्योग धन्धाहरूको विकासको सम्भावना कम भएकोले पर्यटन क्षेत्र यहाँका जनताको भविष्यसँग जोडिएकाले भक्तपुर नपाले पर्यटन विकासको लागि सम्पदा संरक्षण र पुनःनिर्माण तथा सर सफाइमा धेरै लगानी गरिरहेको बताउनु भयो।

किपाग्राफी भक्तपुरका अध्यक्ष अच्यूत प्रजापतिले संस्था स्थापना र त्यसको उद्देश्यमाथि प्रकाश पार्दै संस्थाले भक्तपुरको कला संस्कृतिबारे देशका विभिन्न क्षेत्रमा प्रचार प्रसार गर्दै आएको र आगामी दिनमा विभिन्न देशमा हुने किपाग्राफी प्रतियोगिताहरूमा सहभागी भई अझ बढी प्रचार प्रसारमा लाग्ने बताउनु भयो।

सदस्य बालकृष्ण प्रजापतिले भक्तपुरका चाडपर्वमा खिचिएका फोटोहरूको समय समयमा प्रतियोगिता गरी फोटोग्राफरहरूको उत्साह बढाउनु पर्ने र फोटो प्रतियोगिताको लागि एउटा सभा हलको व्यवस्था हुनु आवश्यक भएको सुझाव दिनुभयो।

कार्यक्रममा किपाग्राफी भक्तपुरका सदस्य पद्म सुन्दर शाक्यले स्वागत गर्नु भएको थियो।

## "भक्तपुर" मासिकलाई

नगर र नगरवासीको हित हुने ऐतिहासिक, सांस्कृतिक एवम् समसामयिक लेख रचना दिई सहयोग गर्नुहोस्।

साथमा सम्वन्धित तस्बिरहरू भए प्राथमिकताकासाथ स्थान दिइनेछ।

लेखकहरूले सम्पर्क फोन नं. पनि दिनुहोला।

रचना पठाउने ठेगाना :

कमलविनायक (पुरानो जनस्वास्थ्य सेवा केन्द्र भवन)

email - bhaktapurmasik@gmail.com

## भक्तपुर नगरलाई स्वच्छ र सफा राख्न

भक्तपुर नगरपालिकाले हरेक महिनाको १ गते र १५ गते नगरका विभिन्न स्थानमा सफाइ कार्यक्रम गरिरहेको छ।

यस पुनित कार्यमा सहयोग गरिदिनु हुन सम्पूर्ण नगरवासीहरूमा हार्दिक अनुरोध गर्दछ।

**पानीजन्य सरुवा रोगबाट बच्न पानी उमालेर खानु सर्वोत्तम उपाय हो।**

# 'सडक मर्मतको जिम्मेवारी स्थानीय तहलाई दिनुपर्छ'

सडक बोर्ड नेपालको आयोजनामा 'दिगो सडक मर्मत सम्भारमा स्थानीय सरकारको भूमिका' विषयक साउन २६ गते राजधानीमा भएको छलफल कार्यक्रममा उपप्रधानमन्त्री, संसदीय मामिला तथा स्थानीय विकासमन्त्री विजयकुमार गच्छदारले सडकका खाल्डाहरू पुर्नसमेत प्रधानमन्त्रीले निर्देशन दिनुपर्ने स्थिति आउनु गम्भीर कुरा हो भन्नुहुँदै सडक बोर्डसमक्ष ७४४ वटा स्थानीय तहलाई सडक मर्मतको लागि सहयोग गर्नुपर्ने ठूलो चुनौती आएको बताउनुभयो।



कार्यक्रममा बोल्नु हुँदै प्रमुख प्रजापति

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले विदेशी कम्पनीलाई खुसी पार्न नयाँ नयाँ गाडीहरू किन्ने प्रवृत्तिलाई नियन्त्रण गर्न नसकेसम्म जतिसुकै बाटो चौडा बनाए पनि वा सडक बढाए पनि सडक जामलाई रोक्न सकिँदैन भन्नुभयो।

उहाँले सडक विभागमा करोडौं मूल्य पर्ने मेसिन औजारहरू थन्किरहेकोबारे ध्यानाकर्षण गर्दै जनताको करबाट जम्मा भएको रकमबाट खरिद गरिएका मेसिनहरू थन्क्याएर राख्नु सम्बन्धित पदाधिकारीहरू कर्तव्यच्युत हुनु हो, त्यस्ता पदाधिकारीहरूलाई कारबाही गर्नुपर्छ भन्नुभयो।

स्थानीय सडक मर्मतको जिम्मेवारी स्थानीय तहलाई दिनुपर्छ। सडक विभागले स्थानीय तहलाई आवश्यक मेसिन औजारहरू उपलब्ध गराउनुपर्छ, प्रमुख प्रजापतिले भन्नुभयो।


भौतिक पूर्वाधार तथा यातायातमन्त्री वीरबहादुर बलायरले सडकहरू निर्माण गर्नुमात्रै होइन नयाँ नयाँ प्रविधिहरूको प्रयोग गरी दिगोपन दिनुपर्नेमा जोड दिनुभयो।

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव दिनेश थपलियाले देश राम्रो भएकोले सडक राम्रो हुने होइन सडक राम्रो भएकोले अन्य देशहरू राम्रो भएको हो भन्नुभयो।

उहाँले स्थानीय तहमा जनप्रतिनिधिहरू आइसकेकाले सडक बोर्डको पुनःसंरचना गर्नुपर्छ भन्नुभयो।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय तथा सडक बोर्डका अध्यक्ष देवेन्द्र कार्कीको अध्यक्षतामा छलफल कायक्रम भएको थियो।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित



एम्बुलेन्स
र
शव वाहन
को लागि
सम्पर्क फोन : ६६१३ २००

# "भक्तपुर नगरको विकास निर्माणबारे हामी सबै पक्षसँग छलफल गरेर काम गर्छौं ।"

- kd'v ;lgn kh]fklt

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले २०७२ सालको भूकम्पले भत्केका सम्पदाहरू र निजी घरहरू निर्माणलाई नगरपालिकाले प्राथमिकतामा राखेर काम गरिरहेको बताउनु भएको छ ।

रेडियो सगरमाथाका प्रतिनिधि दिपक अर्यालसँग साउन ३१ गते मंगलबार कुराकानी गर्दै उहाँले दरबार क्षेत्र, तौमढी क्षेत्र र दत्तात्रय क्षेत्रमा रहेका मठ मन्दिरहरू, पाटी–पौवा, ढुङ्गेधाराहरू वास्तुकला, काष्ठकला र धातुकलाका अनुपम उदाहरण भएको प्रष्ट पार्दै ती सम्पदाहरू भक्तपुरको मात्रै नभई विश्वकै सम्पदा भएको हुँदा भक्तपुर नगरपालिकाले संरक्षणमा जोड दिइरहेको छ भन्नुभयो ।

जनताको घर घरमा नर्सिङ सेवा संचालन गर्ने तयारी गरिरहेको जानकारी दिनुहुँदै प्रमुख प्रजापतिले त्यसले जेष्ठ नागरिक र विपन्न वर्गका जनतालाई प्रत्यक्ष लाभ पुग्नेछ भन्नुभयो ।

ख्वप अस्पतालको संचालन र ख्वप विश्वविद्यालयको स्थापना गरी भक्तपुरलाई शिक्षा र स्वास्थ्यमा अगाडि बढेको नगरको रूपमा स्थापित गर्ने लक्ष्य छ – उहाँले एक प्रश्नको जवाफमा भन्नुभयो ।

भक्तपुर न.पा.मा एउटै पार्टीका भएकाले अरुको आवाज सुनुवाई हुँदैन कि भनी राखिएको जिज्ञासामा प्रमुख प्रजापतिले भन्नुभयो – 'भक्तपुर नगरको विकास निर्माणबारे हामी सबै पक्षसँग छलफल गरेर काम गर्छौं ।'

वरिष्ठ पत्रकार भैरव रिसालले कला संस्कृतिको संरक्षण गरी भक्तपुरको पहिचान कायम राख्नु पर्ने, शिक्षा र स्वास्थ्यमा ध्यान दिनुपर्ने, पर्यटकहरूलाई भक्तपुरमै बस्ने वातावरण तयार गर्नुपर्ने र शिक्षालाई श्रमसँग जोड्ने नीति लिनुपर्ने लगायतका काम गर्न भक्तपुर नगरपालिकालाई सुझाव दिनुभयो ।

संस्कृतिविद तेजेश्वर बाबु ग्वंगले भक्तपुर न.पा.ले विभिन्न पक्षसँग विचार विमर्श गर्नुपर्ने, पर्यटन/होटल व्यवसायीहरूसँग छलफल गर्नुपर्ने र सबै पक्षसँग छलफल गरी नगरको विकासको लागि अघि बढ्नु पर्ने विचार व्यक्त गर्नुभयो ।

रेडियो सगरमाथाका कार्यकारी निर्देशक लक्ष्मण बस्नेतले भक्तपुरमा नयाँ वस्ती र पुराना वस्तीमा बस्ने नागरिकहरूको लागि न.पा.ले समान रूपमा सहयोगको नीति लिनु राम्रो हुने विचार व्यक्त गर्नुभयो ।




प्रमुख सुनिल प्रजापति रेडियो सगरमाथाका प्रतिनिधिसँग

# देशको सार्वभौमिकता रक्षा र समाजवादी विचारका निम्ति युवाहरू तयार हुनुपर्ने

भक्तपुर नगरपालिका युवा तथा खेलकुद समितिको आयोजनामा अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा साउन २८ गते 'स्थानीय तहमा युवाको भूमिका' विषयक विचार गोष्ठी सम्पन्न भयो ।

उक्त गोष्ठीमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले युवा हुनु भनेको उमेरले होइन, विचार र हातमा सीपले हो भन्नुभयो । पूँजीवादी बन्दोबस्तमा व्यक्तित्व विकासमा समान अवसर नहुने भएकाले युवा बेरोजगारी बढी हुने गरेको चर्चा गर्दै उहाँले देशको सार्वभौमिकता रक्षा र समाजवादी विचारका निम्ति संघर्ष गर्न युवाहरू तयार हुनुपर्ने विचार व्यक्त गर्नुभयो ।




अन्तर्राष्ट्रिय युवा दिवसको कार्यक्रममा बोल्नु हुँदै प्रमुख प्रजापति

उहाँले भक्तपुर नगरपालिकाले जनताको स्वास्थ्य सेवालाई प्राथमिकता दिइरहेको भन्दै घर-घरमा नर्सिङ सेवा र उदाहरणीय अस्पतालको बन्दोबस्तको लागि नगरपालिका लागिरहेको बताउनुभयो ।

प्रमुख प्रजापतिले नीतिगत अस्पष्टताका कारण नगरको शिक्षाको क्षेत्रको परिवर्तनका लागि काम गर्न गाह्रो भइरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं ७ का वडाध्यक्ष उकेश कवांले वैदेशिक रोजगारीले देशको दिगो विकास असम्भव भएकाले युवाहरूलाई स्वदेशमै रोजगारको बन्दोवस्त गर्न राज्यले जिम्मेवारी लिनुपर्ने धारणा राख्नुभयो ।

नेपाल क्रान्तिकारी युवा संघका पूर्वअध्यक्षसमेत रहनुभएका कवांले राष्ट्रिय युवा परिषद्ले नेपाली युवाका भावनाअनुसार काम गर्न नसकेको भनी आलोचना गर्नुभयो ।

नेपाल क्रान्तिकारी युवा संघका केन्द्रीय अध्यक्ष प्रकाश थुसाले संसारका हरेक क्रान्ति र परिवर्तनमा युवाहरूको अहम् भूमिका भएको चर्चा गर्दै पूँजीवादी राज्यले युवाहरूलाई आफ्नो नाफा कमाउनको लागि हतियारको रूपमा प्रयोग गर्ने गरेको बताउनुभयो ।

नेपाल क्रान्तिकारी विद्यार्थी संघका केन्द्रीय अध्यक्ष नीरज लवजूले नेपाली युवा विदेशी साँस्कृतिक आक्रमणको शिकार बनिरहेको सन्दर्भमा युवा विद्यार्थीलाई सामाजिक र नैतिक बनाउन विद्यालय तहबाटै पहल शुरु गर्नुपर्ने विचार राख्नुभयो ।

आयोजक समितिका संयोजक तथा वडा नं १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीको सभापतित्वमा भएको कार्यक्रममा वडा नं २ का वडाध्यक्ष हरिप्रसाद बासुकला र कार्यपालिका सदस्य सुनिता अवालले पनि बोल्नुभएको थियो ।



मन्तव्य राख्नु हुँदै वडाध्यक्ष कवां, वडाध्यक्ष खत्री, वडाध्यक्ष बासुकला, कार्यपालिका सदस्य अवाल, नेक्रायुसंका प्रकाश थुसा र नेक्राविसंका नीरज लवजू

# कानुन नहुँदा स्थानीय तहलाई अप्ठेरो

'संविधानमा मावि तहसम्म निःशुल्क शिक्षा भने पनि तत्काल लागू गर्न सकिन्न, आवश्यक कानुन नै बनेको छैन।'

उपर्युक्त भनाइ साउन २८ गते संस्थागत विद्यालयले सङ्घीय संरचनामा विद्यालय शिक्षाबारे आयोजना गरेको अन्तरक्रियामा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले व्यक्त गर्नुभएको हो। प्रमुख प्रजापतिले संविधानमा व्यवस्था भएअनुसार शिक्षा व्यवस्था मिलाउन कानुन छैन, काम गर्न गाऱ्हो भएको छ भन्नुभयो। उहाँले भन्नुभयो, 'अनिवार्य र निःशुल्क शिक्षाको बन्दोवस्त गर्न कानुन नै छैन। स्रोतको व्यवस्थापन कसरी गर्ने टुङ्गो लागेको छैन।'

नगर शिक्षा कार्यालयको आवश्यकता अनुभव भएको भन्दै प्रमुख प्रजापतिले स्थानीय पाठ्यक्रम र निर्माण गरेर अगाडि बढ्नु पर्ने बताउनुभयो।

नेपाल प्राध्यापक समाजका अध्यक्ष एवम् इसानका केन्द्रीय सल्लाहकार सरोजराज गोसाईले नगरपालिकाले न्यूनतम भौतिक पूर्वाधार बनाउन कानुन बनाउनुपर्ने उल्लेख गर्दै स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गर्न पहल गर्ने कार्यमा ढीलो गर्न नहुने धारणा राख्नुभयो।

नेमकिपाका केन्द्रीय सदस्य एवम् भनपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले राज्यले शिक्षाको व्यवस्थापन गर्न स्रोत बाँडफाँडमा भेदभाव गर्न नहुने विचार राख्नुभयो।

इसान भक्तपुरका अध्यक्ष पुरुषोत्तम ग्वाछाको




सभापतित्वमा भएको कार्यक्रममा इसानका अध्यक्ष प्रेमजन थापा श्रेष्ठले पनि बोल्नुभएको थियो।

## हार्दिक समवेदना



जन्म : १९९० असार २९



स्व. जगतमाया ज्याख्व



निधन : २०७४ भाद्र २१

भक्तपुर नगरपालिका वडा नं. ९ का वडा अध्यक्ष रवीन्द्र ज्याख्वका हजुरआमा **जगतमाया ज्याख्व**को दुःखद निधनमा गहिरो शोक व्यक्तगर्दै मृतकप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ। साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारणको लागि हार्दिक समवेदना व्यक्त गर्दछौं।

**भक्तपुर नगरपालिका परिवार**

# सहरीकरणको नाउँमा जनतालाई दुःख दिन नहुने

काठमाडौं उपत्यका विकास प्राधिकरणको साउन २६ गते बसेको बैठकमा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले उपत्यकाका ४ वटा ठाउँमा आधुनिक सहर बनाउने नाउँमा जग्गाको कित्ताकाट रोक्का गर्दा जनतालाई धेरै मर्का परेकोमा सदस्यहरूको ध्यानाकर्षण गर्नुभयो ।

उहाँले काठमाडौंमा जनसङ्ख्याको चाप घटाउन राजमार्गको दायाँबायाँ व्यवस्थित सहरको विकास गर्नुपर्ने बताउनुभयो ।

उहाँले अंशवण्डा गर्दा पनि ०-८-०-० भन्दा कम जग्गा कित्ताकाट नहुने व्यवस्था व्यवहारिक नहुने बताउँदै सहरीकरणको नाउँमा प्राधिकरणले जनतालाई दुःख दिन नहुने बताउनुभयो ।

प्राधिकरणले रुख रोप्न मात्रै १२६ करोड रूपैयाँको बजेट प्रस्ताव पेश गरेकोप्रति आपत्ति जनाउँदै उहाँले रुखहरू रोपेर हरियाली बनाउने जिम्मेवारी स्थानीय तहलाई दिनुपर्छ, प्राधिकरणले टाउको नदुखाए हुन्छ भन्नुभयो ।

ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनले निर्वाचनबाट जनप्रतिनिधि आइसकेको हुँदा अब सबै जिम्मेवारी स्थानीय सरकारलाई दिनुपर्नेमा जोड दिनुभयो ।

सहरी विकास मन्त्री प्रभु साहको अध्यक्षतामा बसेको बैठकले राजपत्रमा सूचना प्रकाशित हुनु पूर्व अंश मुद्दा परी अदालतबाट भएको निर्णय, आदेश र मिलापत्र बमोजिम कित्ताकाट गर्न स्वीकृति गर्ने, घनावस्ती र भूकम्पपीडितको हकमा मापदण्ड बमोजिम नक्सा स्वीकृत गरी घर बनाउन स्वीकृति दिने, भूमिसुधार कार्यालयको निर्णयअनुसार जग्गाधनी मोहीको जग्गा बाँडफाँट गर्न स्वीकृति दिने र आठ आना क्षेत्रफलमा नघट्ने गरी अंशवण्डा तथा खरिद बिक्रीको लागि कित्ताकाट र प्लट मिलान गर्न स्वीकृति दिने निर्णय गऱ्यो ।

त्यसैगरी २ वर्षको अवधिमा २५ लाख विरुवा खरिद गरी १२६ करोड खर्च गर्ने विषयमा जनप्रतिनिधिहरूले आपत्ति जनाएपछि त्यसको विस्तृत अध्ययन गरी अर्को बैठकमा पेश गर्ने निर्णय गरियो ।

बैठकले २०७२ सालको भूकम्पमा भत्किएका संरचनाहरूको इँटा, माटो काठमाडौंको टुँडिखेललगायत विभिन्न ठाउँहरूमा जथाभावी राखिएकोले वातावरणमा प्रतिकूल असर परेको हुँदा खुला क्षेत्रको सरसफाइ गरी भग्नावशेषको बिसर्जन गर्ने र स्थानीय तहसँग सहकार्य गरी व्यवस्थापन गर्ने समेत निर्णय गरेको छ ।

बैठकमा काठमाडौं, भक्तपुर र ललितपुर जिल्ला समन्वय समितिका प्रमुखहरू, सहरी विकास, ऊर्जा मन्त्रालय, भूमिसुधार तथा व्यवस्था मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालयका सचिवहरूको उपस्थिति थियो ।



काठमाडौं उपत्यका विकास प्राधिकरणको बैठकमा प्रमुख प्रजापतिलगायत

# 'भक्तपुर नगरपालिकामा जन प्रतिनिधिहरूको १०० दिन' कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिको मन्तव्यसहितको प्रतिवेदन

भक्तपुर नगरपालिकामा हामी निर्वाचित भएर सपथ ग्रहण गरेको आज १०० दिन पुग्यो । २०७४ वैशाख ३१ गते सम्पन्न निर्वाचनमा निर्वाचित भएर जेठ ७ गते हामीले सपथ ग्रहण गऱ्यौं । सर्वप्रथम हामीलाई अत्याधिक मत दिएर विजयी गराउने सम्पूर्ण भक्तपुरवासी मतदाता दाजुभाइ तथा दिदी बहिनीहरूमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस अवधिमा नगरको विकासको लागि जनप्रतिनिधिहरूलाई आ–आफ्नो क्षेत्रबाट अमूल्य सल्लाह र सुझावहरू दिएर सहयोग गर्नुहुने सबै तह र तमाम जन समुदायलाई म नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

भक्तपुर नगरपालिका नगरवासीहरूको साझा संस्था हो । भक्तपुर नगरलाई सफा र सुन्दर बनाई पर्यटकहरूको गन्तव्य स्थल बनाउने, ज्ञान विज्ञानको केन्द्र बनाउने र नेपालकै एक उदाहरणीय नगरको रूपमा विकास गर्ने हाम्रो संकल्प हो । ईमानदारीपूर्वक देश र जनताको सेवा गर्नु नै राजनीति हो भन्ने मान्यताबाट दीक्षित हामी जनप्रतिनिधिहरूको देश र जनताको हितमा काम गर्नु बाहेक अर्को कुनै स्वार्थ छैन ।

जनप्रतिनिधिहरू जनताका हरेक समस्या छलफलबाटै टुङ्ग्याउन चाहन्छन् । स–साना विषयमा विवाद हुँदा जनताको समय र सम्पत्ति नास हुने र त्यसबाट कसैको पनि हित नहुनेबारे हामी जनप्रतिनिधिहरू अत्यन्त सचेत छौं । अंशवण्डा, सम्बन्ध विच्छेद, लेनदेन, हक–बेहक जस्ता विषयका विवादहरू र मुद्दा मामिलाहरू जनप्रतिनिधिहरूकै पहलमा स्थानीय स्तरमै मिलाउने प्रयास गर्दैछौं । जनप्रतिनिधिहरूको सहयोगको भावनामाथि शंका गर्नेहरू पनि नभएका होइनन् । केही असन्तुष्ट पक्षहरूले जनप्रतिनिधिहरूको स्वच्छ भावनामाथि लान्छना लगाउने गरेको तीतो यथार्थ पनि हामीले अनुभव गरेका छौं ।

पार्टी घोषणापत्र नै नेपाल मजदुर किसान पार्टीका जनप्रतिनिधिहरूको काम गर्ने मार्गचित्र हो । निर्वाचनको बेला जनतालाई दिइएको वचनअनुसार हामीले कार्य थालनी गऱ्यौं । २०७४ असार २९, ३० र ३१ गते सम्पन्न भक्तपुर न.पा.को पहिलो नगरसभाले रु. १ अर्ब ५ करोड ५५ लाखको बजेट पारित गऱ्यो । भक्तपुर नगरपालिकाको आ.व. २०७४/०७५ को बजेट निर्माण सम्बन्धमा नगरपालिकाले नगरका किसान, मजदुर, महिला, शिक्षक, व्यापारी, बुद्धिजीवीलगायत विभिन्न समुदायसित असार ७ गतेदेखि १२ गतेसम्म सुझाव संकलन गरेको थियो । नगरसभाले नगरपालिका कार्य संचालन कार्यविधि २०७४, नक्सापास सम्बन्धी संक्षिप्त कार्यविधि २०७४, बैठक संचालन कार्यविधि २०७४ र जनप्रतिनिधिहरूले पालना गर्नुपर्ने आचार संहिता २०७४ पारित गऱ्यो । तिनै कार्यविधिअनुसार भक्तपुर न.पा.ले कार्य गर्दै आएको छ ।

## महत्त्वपूर्ण बैठक तथा भेटघाट

- ♦जेठ १० गते नपाका पदाधिकारीहरू र मेलम्ची खानेपानी आयोजना अन्तर्गतको आयोजना कार्यान्वयन निर्देशनालय (पीआईडी) परामर्शदाता समूहका वरिष्ठ इन्जिनियर ढुण्डिराज दाहाल, समाजशास्त्रीहरू मुकुण्ड अर्याल र मिन दाहालसित हनुमन्ते खोलाको सुधारबारे छलफल भयो ।
- ♦२०७४ जेठ १२ गते जिल्लास्थित सम्पूर्ण सरकारी कार्यालयहरूलाई नगरपालिकाको स्वीकृति नलिई घर, टहरा वा कुनै संरचना निर्माण नगर्न पत्राचार गरियो । २०७४ जेठ २१ गते जिल्लास्थित सम्पूर्ण कार्यालय प्रमुखहरूको उपस्थितिमा छलफल कार्यक्रम सम्पन्न भयो ।
- ♦२०७४ जेठ २२ गते सामाजिक सुरक्षा भत्ता वितरणको विषयमा नेपाल बैंक, कृषि विकास बैंक, राष्ट्रिय वाणिज्य बैंकका प्रमुखहरूसित छलफल भयो । भक्तपुर नगरभित्र सामाजिक सुरक्षा भत्ता वितरण सहज बनाउने विषयमा छलफल केन्द्रित थियो ।
- ♦२०७४ असार ५ गते काठमाण्डौ उपत्यका विकास प्राधिकरणको आयोजनामा काठमाण्डौ उपत्यकाका प्रमुख तथा उपप्रमुखहरूको उपस्थितिमा छलफल कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा स्मार्ट सिटीको नाममा उपत्यकाका सबै जग्गा कित्ताकाट रोकी जनतालाई दुःख दिएको र मेक्सिको सिटी बनाउन खोजेको बतायौं । पछिल्लो बैठकले आवास योजना, मुद्दा परेको, अंशवण्डा, भूकम्प पीडितहरूको जग्गा कित्ताकाट नरोक्ने निर्णय गऱ्यो ।
- ♦असार १९ गते नगरपालिका कार्यकक्षमा जापानी राजदूतसित र साउन १ गते प्रजग कोरियाका राजदूतसित भेटघाट गरी दुई मुलुकका नगरहरूबीच मित्रता बढाउनेबारे छलफल भयो ।
- ♦असार २६ गते नगरवासीहरूबीच सार्वजनिक सुनुवाइ सम्पन्न भयो ।

◆२०७४ असार २६ गते व्यवस्थापिका–संसदको सुशासन समितिका सासदहरू र काठमाण्डौ र ललितपुर महानगरपालिका तथा भक्तपुर नगरपालिकाका प्रमुखहरूबीच अन्तरक्रिया कार्यक्रम भयो। कार्यक्रममा आदेशको भरमा शासन चलाउनु गलत भएको विचार राख्यौं।

◆२०७४ साउन ८ गते व्यवस्थापिका–संसदको लेखा समितिले काठमाण्डौ र ललितपुर महानगरपालिका तथा भक्तपुर नगरपालिकाका प्रमुखहरूलाई आमन्त्रण गरी स्थानीय तहले भोगिरहेको समस्याबारे छलफल गऱ्यो। खानेपानी, सडकलगायतको समस्याबारे जानकारी गराउँदै स्थानीय तहसम्बन्धी विधेयक शीघ्र पारित गर्न जोड दियौं।

◆साउन २१ गते व्यवस्थापिका–संसदको विकास समितिले आमन्त्रण गरेको बैठकमा सहभागी भई केन्द्रबाट स्थानीय तहमा कर्मचारी पठाउनु स्वायत्ततामाथि हस्तक्षेप भएको विचार व्यक्त गऱ्यौं।

◆२०७४ साउन २६ गते सडक बोर्डको आयोजनामा काठमाण्डौ उपत्यकाका प्रमुख र उपप्रमुखहरूको बैठक भयो। बैठकमा सडक बोर्डले जिम्मेवारीपूर्वक कार्य नगरेको हुँदा सडक बोर्ड खारेज गरी सडक मर्मतको रकम स्थानीय तहलाई दिनुपर्ने माग गऱ्यौं।

अब म १०० दिनको अवधिमा भक्तपुर न.पा.ले गरेका प्रमुख कार्यहरूको संक्षिप्त जानकारी प्रस्तुत गर्दछु :

## १. सर–सफाइ

सर–सफाइमा भक्तपुर न.पा.को निकै ठूलो लगानी छ। १४९ जना कर्मचारीहरू सर–सफाइको क्षेत्रमा कार्यरत छन्। आ.व. २०७३।७४ मा सफाइको लागि रु. ६ करोड ११ लाख ६१ हजार खर्च भएको थियो भने आ.व. २०७४।७५ मा ६ करोड ६६ लाख २० हजार खर्च हुने अनुमान गरिएको छ। भक्तपुर नगरभित्र दैनिक ३० टनका दरले फोहर उत्पादन हुने गरेको छ। प्रति केजी फोहर सफाइको लागि गत वर्ष रु. ८.८० पैसा परेको थियो भने यो वर्ष रु. ९.८० पैसा पर्ने अनुमान छ।

नगर सफा गर्ने काम नगरवासीहरूको साझा दायित्व हो भन्ने भावना विकास गर्न नगरमा रहेका टिम, क्लब, वाचनालय, पुस्तकालयलाई पनि सफाइ कार्यमा सकृय बनाउने प्रयास गरिरहेका छौं। श्रावण १ गतेदेखि हरेक महिनाको १ गते र १५ गते भक्तपुर न.पा.का सबै जनाप्रतिनिधिहरू, कर्मचारीहरू, स्थानीय टिम, क्लब, दाफा भजनलगायत स्थानीय जनसमुदाय परिचालन गरी सफाइ अभियान शुरु गरेका छौं। श्रावण १ गते न.पा. प्राङ्गणबाट वृक्षारोपन गरी शुरु भएको सफाइ अभियान त्यसपछि भक्तपुर न.पा ७ को कमल पोखरी, याता पोखरी, खंचा पोखरी, सिद्ध पोखरी, भाजू पोखरीको डिललगायतका क्षेत्रमा सफाइ गरिसकेका छौं भने महेश्वरीमा वृक्षारोपण, गरुड कुण्डलगायतमा सफा गर्ने कार्य सम्पन्न भएको छ।

भाद्र ७ गते नगरभित्र रहेका सरकारी र निजी विद्यालयका प्रधानाध्यापकहरू भेला गरी नगर क्षेत्रका ऐतिहासिक, सांस्कृतिक र पुरातात्त्विक सम्पदाहरू सफाइ सम्बन्धी छलफल गऱ्यौं। सहभागी प्रधानाध्यापकज्यूहरूले आ–आफ्नो पायक पर्ने ठाउँमा रहेका ढुङ्गेधारा, पोखरी, सत्तल, मन्दिरलगायतका सम्पदाहरू नियमित सर–सफाइ गरी सहयोग गर्ने वचन दिनुभयो। त्यसबाट हामी जनप्रतिनिधिहरू अत्यन्त खुशी छौं। केही दिनपछि नै नगरभरीका विद्यालयहरू, कलेजहरू, टिम, क्लब, वाचनालयहरू सफाइ कार्यमा सकृयता पूर्वक लाग्ने हाम्रो विश्वास छ।

सर–सफाइलाई अझ प्रभावकारी बनाउन सर–सफाइको लागि ३ वटा गाडी, १० वटा तीनपांग्रे ट्राइ साईकल, १० वटा स्टायण्डसहितको कुहिने र नकुहिने वस्तु राख्ने डष्टबिन र ५ वटा हाते ब्रोमर खरिद गर्ने निर्णय गरिसकेका छौं र कतिपय सामानहरू प्रयोगमा आइसकेका छन् भने कतिपय सामानहरू खरिद प्रकृयामा छन्।

घर घरबाटै कुहिने र नकुहिने वस्तु छुट्याई संकलन गर्न आवश्यक डष्टबिनको व्यवस्था गर्ने तयारी गरिरहेका छौं। ७० प्रतिशत कुहिने वस्तु उत्पादन हुने अध्ययनले देखाएको हुँदा त्यसलाई कम्पोष्ट मलको रुपमा प्रयोग गरी कृषकहरूलाई बिक्री गरेर फोहरलाई श्रोतको रूपमा विकास गर्ने हामीले कोसिस गर्दैछौं।

## २. स्वास्थ्य सेवा

भक्तपुर नगरपालिकाले च्याम्हासिंह र भगवती स्थान गरी २ वटा जनस्वास्थ्य केन्द्रहरू तथा व्यासी र च्याम्हासिंहमा शहरी स्वास्थ्य केन्द्रहरू संचालन गर्दै आएको छ। ती जनस्वास्थ्य केन्द्रहरूमा दैनिक ३०० भन्दा बढी विरामीहरूको उपचार भइरहेको छ। ती स्वास्थ्य केन्द्रहरूको स्तरोन्नति गर्ने तयारीमा छौं। च्याम्हासिंह स्थित जनस्वास्थ्यकेन्द्रलाई निकट भविष्यमै २५ शैय्याको खवप अस्पतालको रूपमा विकास गर्ने र त्यसको लागि हाल जनस्वास्थ्य भवन सँगैको जग्गामा अस्पताल भवन बनाउन नक्सा बनाउने कार्य भइरहेको छ भने भवन निर्माण सम्पन्न नहुन्जेल हाल जनस्वास्थ्य भवनकै प्राङ्गणमा पश्चिम उत्तरतर्फ व्यवस्थित टहरा निर्माण गरी अस्पताल सञ्चालन गर्ने तयारी गर्दैछौं।

जनतालाई घरघरमा नर्सिङ्ग सेवा दिने निर्वाचन घोषणापत्रमा उल्लेख भए अनुसार आजकै मितिबाट नर्सिङ्ग

सेवा शुरु हुनेछ। पहिलो चरणमा वडा नं. ३, ४ र ६ गरी तीनवटा वडामा शुरु गर्नेछौं। प्रत्येक वडामा १ जना स्टाफ नर्स र साथमा स्वास्थ्य स्वयम् सेविका रहने व्यवस्था मिलाएका छौं। घर घरमा जाने नर्सहरूले निम्न लिखित कार्यहरू गर्ने कार्यविधि बनाइएको छ :

समुदायमा परिचालन हुने स्वास्थ्यकर्मीहरूको कार्य विवरण

- ☐ स्वास्थ्य सम्बन्धी पारिवारिक विवरण तयार गर्ने,
- ☐ अशक्त तथा जेष्ठ नागरिकहरूको हेरविचार गर्ने,
- ☐ पिसाव सम्बन्धी समस्या भएका विरामीहरूलाई घरमै क्याथेटर (Catheter) लगाई दिने, तिनीहरूको हेरविचार गर्न सिकाउने,
- ☐ खाना खाने कृत्रिम पाइप राखी दिने तथा हेरविचार गर्न सिकाउने,
- ☐ अक्सिजन, वाफ लिने, चिसो तातो सेक्ने विषयमा ज्ञान दिने,
- ☐ घाउको सरसफाइ गर्ने (आवश्यकता अनुसार),
- ☐ समुदायमा महिनाको कम्तीमा एक पटक स्वास्थ्य शिक्षा कार्यक्रम चलाउने,
- ☐ गर्भवती आमाहरूको स्वास्थ्य परीक्षण, परामर्श तथा अवश्यकता अनुसार स्वास्थ्य संस्थामा प्रेषण (refer) गर्ने,
- ☐ स्त्री रोगसम्बन्धी रोगको छानविन गर्ने,
- ☐ महिलाहरूलाई स्तन परीक्षण आफै गर्न सिकाउने,
- ☐ सुत्केरी आमाहरूको स्याहारसुसार गर्न सिकाउने,
- ☐ ५ वर्ष मुनिका बच्चाहरूको पोषण स्थिति पत्ता लगाउने, पूर्ण खोप सुनिश्चित गर्ने, श्वासप्रश्वास सम्बन्धी रोग तथा जलवियोजन सम्बन्धी अवस्थाको पहिचान गरी आवश्यक व्यवस्था गर्ने,
- ☐ सुरक्षित गर्भपतन सेवा सम्बन्धी ज्ञान प्रचारप्रसार गरी आवश्यकता अनुसार सम्बन्धित स्वास्थ्य संस्थामा प्रेषण गर्ने,
- ☐ महिनामा एक पटक विद्यालय स्वास्थ्य शिक्षा चलाउने,
- ☐ दन्त स्वास्थ्य, मानसिक स्वास्थ्य, सुरक्षित खानेपानी तथा वातावरणीय सरसफाइ जस्ता आधारभूत स्वास्थ्य सेवालाई प्रवर्द्धन गर्ने,
- ☐ जेष्ठ नागरिक स्वास्थ्य सेवा
  - जेष्ठ नागरिकहरूको नियमित रक्तचाप परीक्षण
  - रगतमा चिनीको मात्रा अनुगमन
  - आवश्यक स्वास्थ्य सम्बन्धी सरसल्लाह दिई आवश्यकताअनुसार स्वास्थ्य संस्थामा प्रेषण गर्ने
- ☐ समुदायलाई क्षयरोग मुक्त बनाउन प्रत्यक्ष निगरानीमा औषधी खाने व्यवस्थालाई व्यापक प्रचारप्रसार गर्ने, र
- ☐ आँखा सम्बन्धी रोगको जानकारी दिई आवश्यकताअनुसार स्वास्थ्य संस्थामा प्रेषण गर्ने।

## ३. कला संस्कृति संरक्षण

भक्तपुर नगर कला संस्कृतिले सम्पन्न नगर हो। वास्तुकला, काष्ठकला र प्रस्तर कलामा अनुपम नमूनाहरू भएको भक्तपुर भूकम्पपछि क्षतविक्षत भयो। २०७२ सालको भूकम्पले ७२ वटा सम्पदाहरू पूर्ण क्षति भयो भने ६२ वटा आंशिक क्षति भएको पाइएको छ। ती क्षतिग्रस्त सम्पदाहरूको पुनः निर्माण नगरपालिकाले गर्दैछ । वत्सला मन्दिर, केदारनाथ मन्दिर, रामेश्वर मन्दिर निर्माणाधीन छन् भने हामीले कार्य सम्हालेपछि वडा वडामा रहेका पाटी, ढुङ्गेधारा, मन्दिरको ल.ई. पास गरी उपभोक्ता समितिमार्फत कार्य भइरहेको छ र कतिपय सम्पदाहरू निर्माणको तयारीमा छौं। भैरवनाथ मन्दिर मर्मतको लागि ल.ई तयारी भइसकेको छ।

'गाईजात्रा पर्व २०७४' लाई पनि मूल्याकंनको आधारमा पुरस्कृत गर्ने नीतिलाई निरन्तरता दिएका छौं। परम्परागत र आधुनिक विधाको छुट्टा छुट्टै मूल्याङ्कन गरी समयानुकुल रकम वृद्धि गरी पुरस्कारको व्यवस्था गरिएको छ। गाईजात्राको लागि पुरस्कार राशी ७ लाख ३५ हजार रूपैया छुट्याएका छौं। आजै त्यसको परिणाम घोषणा हुनेछ।

## ४. खेलकूद

भक्तपुर नगरपालिकाले खेललाई पनि प्राथमिकतामा राख्दै आएको छ। फुटबल, भलिबल, वक्सिङ्ग, टेबुलटेनिस, करातेलगायत ५ वटा खेलहरूको प्रशिक्षण चालू छ। न.पा.को प्रशिक्षणमा सहभागी थुप्रै खेलाडीहरू राष्ट्रिय र अन्तराष्ट्रिय खेलाडी बन्न सफल भएका छन्।

खेललाई अझ व्यवस्थित बनाउन खेलकूद नीति तयार गरिसकेका छौं। खेलकूद नीतिअनुसार राष्ट्रिय, क्षेत्रीय, जिल्ला, नगर र वडास्तरको प्रतियोगिता गर्ने आयोजक टिम, क्लबहरूलाई खेलको प्रकृति र स्तर हेरी आर्थिक सहयोग दिने नीति तयारी गरिसकेका छौं। त्यसै गरी प्रशिक्षक र प्रतियोगितामा भाग लिन जाने खेलाडीहरूको लागि दैनिक र खाजा भत्ताको व्यवस्था मिलाइएको छ। आगामी कार्तिक ९,१० र ११ गते अन्तरनगरस्तरीय विद्यालय खेलकूद प्रतियोगिता हुनेछ। त्यस प्रतियोगितामा भलिबल, फुटसल, टेबुलटेनिस, व्याडमिन्टन, बुद्धिचाल, कबड्डी, खो खो र एथलेटिक्स गरी जम्मा ८ वटा खेलका खेलाडीहरूको सहभागिता रहने छन्।

नगरपालिकाले विभिन्न राष्ट्रिय र अन्तराष्ट्रिय प्रतियोगिताहरूमा सहभागी र पुरस्कृत खेलाडीहरूलाई २०७४ असार २३ गते सम्मान कार्यक्रम सम्पन्न गऱ्यो।

## ५. भूकम्प पीडितहरूबारे

२०७२ सालको विनाशकारी भूकम्प गएको २ वर्ष बितिसक्दा पनि पीडितहरूले घर बनाउन सकेका छैनन्। भक्तपुर नगरका कूल ७४३७ सेवाग्राहीमध्ये पहिलो किस्ता ४,९५५ ले मात्रै पाए भने दोश्रो किस्ताको लागि आवेदन दिनेहरूको सङ्ख्या ५१८ र सिफारिस भएको जम्मा १६७ मात्रै छन्। पीडितहरू धेरैले सरकारले दिएको रकम पाउन सकेका छैनन्। रु. ५० हजार दिएर सरकारको मापदण्डअनुसार घर निर्माण गर्नु सम्भव थिएन। हामीले दोश्रो र तेश्रो किस्ता एकमुष्ट पीडितलाई दिनुपर्नेमा जोड दिँदै आएका छौं।

भक्तपुर न.पा.ले यसअघि जुन ठाउँमा घर भत्केको हो सोही ठाउँमा घर बनाएमा मात्रै भूकम्प पीडितको परिचय पेश गरेको आधारमा नक्सापास दस्तुरमा छुट दिँदै आएको थियो। अब नगरभित्र जुनसुकै ठाउँमा घर बनाइए पनि भूकम्पबाट क्षति भएको घरको क्षेत्रफलको आधारमा छुट दिने निर्णय गर्‍यौं। हाल वडा वडामा छुट गुनासो फारम भर्ने काममा नगरपालिकाले सहयोग गर्दै आएको छ। साथै परम्परागत शैलीमा घर बनाउनेहरूलाई मोहडामा प्रयोग हुने काठ र इँटाको लागि लाग्ने खर्चको ३५ प्रतिशत रकम अनुदानको व्यवस्था गरेका छौं।

## ६. शिक्षा

भक्तपुर न.पा. अन्तर्गत ख्वप कलेज, ख्वप इन्जिनियरिङ्ग कलेज, ख्वप कलेज अफ इन्जिनियरिङ्ग, शारदा कलेज, शारदा कलेज मा.वि., ख्वप मा.वि. र ख्वप बहुप्राविधिक अध्ययन संस्थान गरी सात वटा शैक्षिक संस्थाहरू सञ्चालनमा छन्। ती शैक्षिक संस्थाहरूमा करिब ५,६०० विद्यार्थीहरू अध्ययन गर्छन्।

कलेजहरूमा नयाँ नयाँ विषयहरू थप्दै जाने उद्देश्यअनुसार यो वर्ष कम्प्युटर इन्जिनियरिङ्गको स्वीकृति प्राप्त भएको छ। ख्वप कलेज अफ इन्जिनियरिङ्गमा ४८ सिटको स्वीकृति प्राप्त गरी भर्ना प्रक्रियासमेत अगाडि बढाइसकेका छौं। तर जनताको कलेजप्रति पूर्वाग्रह राख्ने केही निजी कलेजका पृष्ठपोषकहरू रहेको इन्जिनियरिङ्ग परिषदले स्वीकृति नदिई जनतालाई दुःख दिँदैछ। स्मरणरहोस्, भक्तपुर नपाले संचालन गरेको कुनै पनि कलेज र कुनै पनि विषय सहज रूपमा स्वीकृत प्राप्त गरेका थिएनौं।

## ७. नक्सापास

जनप्रतिनिधि बहाली भएको १०० दिनभित्र जम्मा नक्सा दर्ता २४९, पास सङ्ख्या २२५, माथिल्लो तल्ला थप २०६ र निर्माण सम्पन्न १२ जनाले लिएको देखिन्छ।

नगरवासीहरूलाई नक्सापास सहज र छिटो होस् भनी प्रथम नगर सभाबाट नक्सापास सम्बन्धी संक्षिप्त कार्यविधि पारित भएपछि नक्सापास प्रक्रिया केही सहज भएको छ। मापदण्ड वा कुनै कानुनी प्रश्न नउठेका वा कुनै विवाद नभएका, प्रक्रिया पूरा भएका प्रायः सबै नक्साहरू पास भइसकेका छन्।

## ८. कर असुली

नगरवासीहरूबाट उठ्ने कर र विभिन्न शीर्षकमा लिइने दस्तुर नै नगरपालिकाको आर्थिक स्रोत हो। नामसारी, सिफारिस वा नक्सापास जस्ता कार्य गर्न नपरेसम्म नगरवासीहरूमा नियमित कर तिर्ने बानी छैन। बजेटमा अनुमान गरिए बमोजिम कोष संकलन नभएमा नगरपालिकाले योजनामा समावेश गरेका विकास निर्माण, सर-सफाइ, शिक्षा र स्वास्थ्यमा गर्नुपर्ने काम गर्न सक्दैन।

सरकारी दररेट अनुसार घर जग्गाको मुल्याङ्कन गरी कर असुली गर्दा करको भार चर्को पर्न गई नगरवासीहरूलाई मर्का परेको व्यापक जनगुनासो आएपछि नगरसभाले समयमा कर फछ्र्यौट गर्ने नगरवासीहरूलाई घरजग्गा मुल्याङ्कनमा लाग्ने दस्तुरको ५० प्रतिशत छुट दिने निर्णय गर्‍यो। जनताबीच त्यो अत्यन्त प्रभावकारी रहेको पाइयो। घर जग्गा मुल्याङ्कन कर गत वर्षको साउन महिनाभन्दा यो वर्ष साउन महिनामा तेब्बर बृद्धि भएको छ। अर्थात घर जग्गा कर शीर्षकमा आ.व. २०७३/०७४ को साउन महिनामा ६ लाख ९० हजार २१८ रूपैया उठेको थियो भने यो वर्ष सोही महिनामा १८ लाख ९५ हजार ८७९ उठेको छ।

विभिन्न शीर्षकमा गरी गत वर्ष साउन महिनामा १ करोड ७६ लाख ४५ हजार ३१८ रूपैया उठेको थियो भने यो वर्ष १ करोड ९६ लाख ३९ हजार २०८ रूपैया उठ्यो। यस अर्थमा जनप्रतिनिधिहरूले कार्यभार सम्हाले पछि कर असुलीमा उल्लेख्य वृद्धि भएको देखिन्छ। गत वर्ष साउन महिनामा कमलविनायक जग्गा एकीकरण आवास योजनाको जग्गा बिक्रीबाट रु.४० लाख जम्मा भएको देखिन्छ भने यो वर्ष जग्गा बिक्रीबाट रकम प्राप्त भएको छैन।

नगरभित्र सञ्चालित उद्योगहरू र घर बहाल कर राम्रोसँग उठिरहेको छैन। भक्तपुर साना उद्योग क्षेत्रभित्र सञ्चालित उद्योगी, व्यापारीहरू, घरेलु उद्योगका पदाधिकारीहरू र उद्योग वाणिज्य संघका पदाधिकारीहरूसित यसबारे छलफल भइसकेको छ तर राम्रोसँग कर असुली भने हुन सकेको छैन।

## ९. अनियमित निर्माणमा दण्ड जरिवाना

१५ वर्षसम्म जनप्रतिनिधिहरू नहुँदा निर्माण क्षेत्रमा

व्यापक अनियमितता भएको पाइयो। हामीले पद सम्हाल्दा करिब ९३६ मुद्दाका फाइलहरू थिए। नगरपालिकाबाट पास भएका नक्सा विपरीत घर निर्माण, विना नक्सा घर वा टहरा निर्माण हामीले निर्माण गर्न चाहेको सुन्दर नगर निर्माणको लागि चुनौति बनिरहेको छ। जनतालाई सम्झाई बुझाई नक्सा बमोजिम मात्रै निर्माण गर्न उत्साहित गरिरहेका छौं। यस अवधिमा नगरपालिका पक्ष भएका मुद्दाहरू १०९ वटा फछ्र्यौट गरिसकेका छौं।

## १०. गैर सरकारी (NGO) र अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरू (INGO) बारे

गैर सरकारी र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू विभिन्न क्षेत्रमा क्रियाशील छन्। ती संस्थाहरू पारदर्शी नभएका कुराहरू व्यापक रूपमा सुनिएको हुँदा हामीले पद सम्हालेपछि नगरभित्र काम गर्न चाहने गैर सरकारी र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूले स्वीकृति लिएर मात्रै कार्य गर्न सूचना प्रकाशित गर्‍यौं। सूचनाका आधारमा धेरै गैर सरकारी र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूले नपामा निवेदन दिएका छन्। त्यसमध्ये जनताको स्वास्थ्य, खानेपानी, पुनः निर्माण जस्ता विषयसँग सम्बन्धित संस्थाहरूलाई वडाध्यक्षसँग प्रत्यक्ष सम्पर्कमा रही मात्रै कार्य गर्न अनुमति दिएका छौं। ती संस्थाहरू अहिले केही वडामा कार्यरत छन्।

## ११. अध्ययन अनुसन्धान गर्नेहरूलाई प्रोत्साहन

भक्तपुर नगरको कला, संस्कृति, भाषा, सर-सफाइ, वातावरण, फोहर मैला व्यवस्थापनलगायतका विषयमा अध्ययन अनुसन्धान गर्नेहरूलाई विषयवस्तु हेरी नगरपालिकाले आवश्यक रकम उपलब्ध गराउने निर्णय गरेको छ। तर त्यस्ता शोधकर्ताहरूले नगरपालिकाको अनुमति लिएर गरेको हुनु पर्नेछ।

## १२. खानेपानी

खानेपानी समस्या भक्तपुरवासीहरूले लामो समयदेखि भोग्दै आएको हो। सीमित श्रोतले तीव्र गतिमा भइरहेको जनसङ्ख्या वृद्धिलाई धान्न सम्भव छैन। भक्तपुर नगरपालिकाका पदाधिकारीहरू र केयुकेएलका पदाधिकारीहरूबीच पटक पटक छलफल भयो। खानेपानीको अभाव न्यूनीकरण गर्न सुख्खा समयमा नगरपालिकाले दुई महिनासम्म वडा वडामा ट्यांकरबाट पानी वितरण गर्‍यो। त्यसको खर्च करिब रु. ४ लाख भएको छ। साथै नगरका विभिन्न ठाउँहरूमा डीप बोरिङ्ग गर्ने कार्य भइरहेको छ। अन्य ठाउँहरूमा श्रोत पहिचान गरी सम्भाव्यता अध्ययन गर्न भक्तपुर न.पा. वडा नं. ८ का वडाअध्यक्ष महेन्द्र खायमलीको संयोजकत्वमा श्रोत पहिचान तथा सम्भाव्यता अध्ययन समिति गठन गरी कार्यको थालनी गरेका छौं।

## १३. सौर्य बत्ती व्यवस्थापन

सडक, गल्ली र चोकहरूमा सौर्य बत्ती राख्ने कार्य भइरहेको छ। ठाउँ-ठाउँमा जनताबाट बत्ती राम्रोसँग नबलेको, बिग्रेका गुनासाहरू आइरहेको हुँदा हाल त्यसबारे नगरपालिकाले अध्ययन गरिरहेको छ। सौर्य बत्तीको लागि नेपाल सरकारले ६५ प्रतिशत अनुदान, नपाले २० प्रतिशत र १५ प्रतिशत उपभोक्ताले व्यहोर्नु पर्ने नीति छ।

## १४. वडा बजेटको व्यवस्था

कानुनले वडा समितिहरूलाई अधिकार सम्पन्न बनाएको छ। नागरिकता, नाता प्रमाणित, जन्म मृत्यु दर्ता, विभिन्न खाले सिफारिस वडा समितिहरूबाट हुँदै आएको छ। स-साना विकास निर्माणको कार्य पनि वडा समितिहरूबाटै होस् भनी नगरसभाले प्रत्येक वडाको लागि रु.५० लाखको दरले निर्माण बजेटको व्यवस्था गर्‍यो। वडा बजेटबाटै पाटी निर्माण, ढुंगेधारा मर्मत, इँटा छपाइलगायतका कार्यहरू शुरु भइरहेका छन्।

## १५. सीपमूलक तालिम सञ्चालन

नगरपालिकाले चिनीया भाषा, सिलाई, पाक शिक्षा, हेयर कटिङ, बुटिक र फोहर मैला व्यवस्थापनको तालिम दिने निर्णय गरी सूचना प्रकाशित गरेको छ। निकट भविष्यमै नगरवासीहरूलाई विभिन्न विषयको तालिम शुरु गरिनेछ। यस विषयमा महिला तथा बालबालिका समितिले संयोजन गरिरहेको छ।

## १६. आवास योजना

भक्तपुर नपा २ र ६ वडामा १६५३ रोपनी जग्गामा संचालित देको मिवा इटापाके जग्गा एकीकरण आवास योजना सम्पन्न गर्न आन्तरिक र बाह्य स्रोत जुटाउने प्रकृया अगाडि बढाइएको छ।

## १७. डिजाइनको काम

हनुमन्ते खोला सुधार, कभर्ड हल निर्माण, महेश्वरी खेल मैदान, शहीद स्मृति खेल मैदान र बहुउद्देस्यीय भवनको डिजाइनको काम भइरहेका छन्।

## १८. इन्टर्नसीप

ख्वप इन्जिनियरिङ कलेजका ५ जना विद्यार्थीहरूलाई इन्टर्नसीप गर्ने व्यवस्था मिलाएका छौं।

## १९. मतदातानामावली संकलन

निर्वाचन कार्यालयको तर्फबाट गरिएको भक्तपुर नगरपालिकाका सबै वडाहरूमा मतदाता नामावली संकलन कार्यमा सबै जनप्रतिनिधिहरू सक्रिय भएका थिए।

## २०. समितिहरू गठन

न.पा.मा काम गर्न सहज होस् भनी निम्न सदस्यज्यूहरूको संयोजकत्वमा निम्न बमोजिम नौ वटा समितिहरू गठन गरी कार्य गर्दै आएका छौं–

१. शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति – सुनिल प्रजापति
२. न्यायिक समिति – रजनी जोशी
३. निर्माण समिति – उकेश कवां
४. युवा तथा खेलकुद समिति – श्यामकृष्ण खत्री
५. आर्थिक समिति –हरिप्रसाद बासुकला
६. महिला, बालबालिका तथा समाज कल्याण समिति –रोशनमैया सुवाल
७. वातावरण तथा पर्यटन समिति – रविन्द्र ज्याख्व
८. विधेयक समिति – हरिराम सुवाल
९. खानेपानीको श्रोत पहिचान तथा सम्भाव्यता अध्ययन समिति – महेन्द्र खायमली

स्थानीय तह सञ्चालन सम्बन्धी ऐन कानूनहरू निर्माण भइनसकेको हुँदा नगरपालिकाहरूलाई काम गर्न समस्या भइरहेको पुनः दोहोऱ्याउन चाहन्छौं।

अन्त्यमा, हामीले पद बहाली गरेको १०० दिनभित्र जनअपेक्षा अनुसार धेरै कार्य गर्न नसके पनि भक्तपुर नगर र नगरवासीको हितमा सक्दो काम गर्ने प्रयास गर्दैछौं। यस अवधिमा नगरपालिकाको कामलाई सहज रूपमा सम्पन्न गर्न सहयोग गर्नु हुने जनप्रतिनिधिहरू, कार्यालय प्रमुखहरू, टिम, क्लव, दाफा, भजन, वाचनालयका साथीहरू र जन समुदायहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु। आगामी दिनहरूमा पनि यस्तै सहयोगको आशा गर्दै बिदा हुन्छु। (२०७४।५।१२)

धन्यवाद !

**नगरपालिका**
**नगरवासीहरूको संस्था हो।**
**कर दाताहरूले**
**समयमै कर बुझाऔं**
**नगरको विकासमा सघाऔं।**
**भक्तपुर नगरपालिका**
**(कर शाखा)**

## म भक्तपुर हुँ

चौविस सय् वर्ष अघिदेखि म
'ख्वप्रिङ्ग' नामले प्रसिद्ध थिएँ
सबैको आस्थामा थिएँ, हृदयमा थिएँ
भक्तपुर नामले मलाई परिचित गराउने आनन्द मल्ल।

इँट बोकेर पाँच तले मन्दिर निर्माण गर्ने
श्रमको इतिहास सिर्जना गरेर
मजबूत कलाकृति, धार्मिक सम्पदाले
मलाई विश्वमा प्रसिद्ध गराउने भूपतीन्द्र मल्ल।

झल्कियो सुनको ढोकामा
रणजित मल्लको कला प्रेम
दूरदर्शिता देखियो मेरो सुरक्षा गर्न
चारैतिर पर्खालले घेर्ने यक्ष मल्लको।

समेटियो विश्व प्रसिद्ध मयूर झ्यालमा
श्रमिक कलाकारहरूको कला प्रदर्शन
बचाई राख्यो लिच्छविकालीन संस्कृति
मेरो सांस्कृकि नगरका परिश्रमी कृषकहरूले।

कति फूर्तिलो देख्दछु कालो टोपी पहिरण गर्नेहरू
कति स्वस्थ देख्दछु 'जुजु धौ' को स्वाद चाख्नेहरू
आउँछन् विश्वका पर्यटकहरू मेरो आँगनमा
मोहित हुन्छन् पचपन्न झ्याल अवलोकन गरेर।

प्रत्येक टल्केका गजुरहरूभित्र
ऐतिहासिक प्राचीनता झल्किरहन्छन्
हरेक गल्लीभित्र मेरो रमणीय चोकहरू
जहाँ लोकगीत, लोकनाच प्रदर्शन हुन्छ।

छोपिएको थियो हिजो यहाँ अँध्यारोले
ल्याएको थियो जनसेवकहरूले उज्यालो
अहिले म प्रगतिपथमा लम्किरहेको छु
सामाजिक परिवर्तनको जागरणतिर बढिरहेकोछु।

नाचगानको सहर भनेर चिनिन्छ विश्वमा
एक ऐतिहासिक प्राचीन नगरले परिचित हुँ म
नौलो सिर्जना, नौलो अभियानको आह्वानले
गुञ्जिरहेको बस्ती म भक्तपुर हुँ।

**– न्हुछेरत्न बुद्धाचार्य**

# जनताबाट सिकेर जनताकै सेवा गरौं

'जनताबाट सिकेर जनताको सेवा गर्ने नीति हाम्रो हो।'

उक्त विचार भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भाद्र १८ गते आयोजित भक्तपुर नगरपालिका वडा नं. ७ मा जनप्रतिनिधिहरूबाट सय दिनमा भएका गतिविधिहरूको प्रगति विवरण तथा समीक्षा कार्यक्रममा व्यक्त गर्नुभएको हो।




भक्तपुर नगरपालिकाले गरेको हरेक गतिविधि जनतासमक्ष पारदर्शी गरेको चर्चा गर्दै उहाँले प्रतिबद्धताअनुसार क्रमशः कार्य गर्दै जाने विश्वास व्यक्त गर्नुभयो।

नपाले घर घरमा नर्सिङ सेवा पुर्‍याउने उद्देश्यबाट हाल वडा नं. ३, ४ र ६ मा सो सेवा थालनी भइसकेको उल्लेख गर्दै प्रमुख प्रजापतिले ख्वप अस्पतालको तयारी, मौलिक शैलीमा घर बनाउनेलाई आर्थिक अनुदान, भूकम्प पीडितहरूलाई नक्सामा छुट, सीपमूलक तालिम र बजार क्षेत्रमा ढुङ्गा छपाइ हुनेबारे स्पष्ट पार्नुभयो।

सभापतिको आसनबाट वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले वडामा सय दिनमा भएका निर्माण कार्य, मर्मत सुधार, वातावरण संरक्षण, कार्यालय व्यवस्थापन, स्वास्थ्य सेवा, नक्सा पास, योजना छनोट र भूकम्प पीडितहरूको समस्याबारे प्रकाश पार्नुभयो।

एक आपसको विवादले नक्सा पासमा ढिलो हुने, नक्साअनुसार घर निर्माण नहुनु र मापदण्डविपरीत निर्माण भइरहेको समस्याबारे जानकारी दिँदै उहाँले समयमै सडक बत्ती मर्मत नहुनु, सार्वजनिक धारा जडान नहुनु, खानेपानी संस्थानले पानीको चुहावट नरोक्नु, प्राधिकरणले सडक बत्ती काट्नु र भूकम्प पीडितहरूको समस्या यथावत रहनु वडाको समस्या रहेको बताउनुभयो। *(प्रस्तुत प्रतिवेदन २८ पृष्ठमा दिइएको छ।)*

पूर्ववडाध्यक्ष कृष्णगोविन्द खाइजूले पहिलेदेखि जनतासँग छलफल गरेर काम गरिरहेको प्रशंसनीय रहेको विचार व्यक्त गर्नुभयो।

कार्यक्रममा कृष्णगोविन्द लाखा, बलराम गोसाई, हरिरत्न गोर्खाली, हेरा ख्याजू र रञ्जना त्वातीले पनि बोल्नुभएको थियो।




प्रमुख सुनिल प्रजापति टेबल टेनिस प्रतियोगिताको पुरस्कार वितरण समारोहमा

### वडाध्यक्ष उकेश कवांद्वारा प्रस्तुत

# सय दिनमा ७ वडाको प्रगति

वैशाख ३१ को निर्वाचनमा यहाँहरूको अत्यधिक मतदानबाट हामी निर्वाचित भएपछि जेष्ठ ७ गतेबाट भक्तपुर नगरपालिकाको कार्यालय ७ नं. वडा कार्यालयमा जनप्रतिनिधिको कार्य सम्पान गर्दै आएको यहाँहरूमा सर्वविदितै छ।

जेष्ठ ७ गतेदेखि भदौ १२ गतेसम्म ८० दिन कार्य संचालन गरियो भने २० दिन कार्यालय विदा रह्यो। यसरी १०० दिनको यात्रा सम्पन्न गरियो।

साविक वडा नं. ६ र ७ वडा एकै ठाउँमा जोडी ७ वडा कायम गरियो जसले जनताले सुविधामा केही समस्या भोगिरहेको अनुभव मैले पनि संगालिरहेको छु। नेपाल मजदुर किसान पार्टीले निर्वाचन समयमा आफनो घोषणा पत्र जारी गरी जनताप्रति प्रतिवद्धता जाहेर गरेको थियो। सोही प्रतिवद्धताअनुसार भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरू क्रियाशील रहँदै आएका छन्।

मैले भक्तपुर नगरपालिकाले जिम्मेवारी दिए अनुसार बजेट तर्जुमा समिति, निमार्ण समिति, युवा तथा खेलकुद समिति, गाईजात्रा पर्व २०७४ को मूल्याङ्कन समिति, खानेपानी व्यवस्थापन तथा स्रोत पहिचान समिति लगायतमा बसी सक्रिय रहँदै आएको छु। साथै नियमितरूपमा वडा कार्यालयमा कर्मचारीहरूको साथमा काम गर्दे आएको छु।

सीमित स्रोत साधन र निश्चित कर्मचारी व्यवस्थापनले गर्दा जनताका धेरै इच्छा, आकांक्षाहरू पूरा गर्न नसकेको हामीमा तीतो अनुभव छ।

१५ वर्षदेखि जनप्रतिनिधिविहीन रहेको अवस्थामा जनप्रतिनिधिमार्फत धेरै आसा लिनु नकारात्मक होइन। कानूनी समस्या, एक आपसको विवादका कारण नक्सा लगायतका काममा केही समस्या आइरहेको, नक्सापास गरेर लगेका साथीहरूले नक्सा अनुसार निर्माण नगर्नु, मापदण्ड विपरीत निर्माण हुनु एउटा प्रमुख समस्याको रूपमा रहेको पनि जानकारी गराउन चाहन्छु।

समयमै सडक बत्ती मर्मत, सामुदायिक धारा जडान, खानेपानी समस्या, समयमै खानेपानी संस्थानले पानी चुहावट रोक्न पहल नहुनु आदि मुख्य समस्याको रूपमा रहेको पनि यहाँहरूमा अवगतै छ।

भूकम्पपीडितहरूको समस्या प्रमुख रूपमा रहेको हामी सबैमा जानकारी छ। सरकारले दिने सुविधा लिनमा कानूनी समस्या, दाजु भाइ बीचको विवाद र परिवारको सङ्ख्याअनुसार पहिलेको संरचनामा आफू बस्न नरुचाउनु आदि समस्याले समयमै व्यवस्थापन हुनेमा चुनौती थपिन्दै गएको महसुस मैले गरेको छु।

बाटो–बाटोमा रहेका टहरा, पोखरी परिसर भित्र रहेको टहरा, निर्माण सामग्री बाटोमा थुप्रिनु वातावरण सुधार कार्यमा गिज्याइरहेको हामीमा सर्वविदितै छ। सामाजिक समस्याको रूपमा रहेको वृद्ध वृद्धा र एकल महिलाहरूको समस्या रहेका छन्।

आदरणीय दाजु–भाइ तथा दिदी बहिनीहरू अब म यहाँहरूमा वडाको प्रगतिबारे चर्चा गर्न चाहन्छु–

## १. निर्माण कार्य

क. सोलार बत्ती ११ वटा जडान कार्य सम्पन्न भएको।

ख. आदर्श शिसुस्याहार केन्द्र अगाडिको प्राङ्गणमा ढुङ्गा छपाइ कार्य सम्पन्न भएको।

ग. आदर्शदेखि पुरानो नापी जाने बाटोमा ढल व्यवस्थापन कार्य सम्पन्न भएको।

घ. महेश्वरीमा बगैचा व्यवस्थित गर्ने कार्य भएको।

ङ. महेश्वरी ध्वाका निर्माण कार्य चालु रहेको।

च. महेश्वरी ग्यारेजमा निकास व्यवस्थापन कार्य सम्पन्न भएको।

छ. नासद्यो मन्दिर जीर्णोद्धार कार्य चालु रहेको।

ज. हिति:फल्चा मर्मत कार्य चालु रहेको।

झ. सिवालय उकालो र खँचामा रहेको भग्नावशेष हटाउने कार्य स्थानीय जनताको सहभागितामा सम्पन्न।

## २. मर्मत तथा सुधार कार्य

क. खँचा पुखु मर्मत कार्य।

ख. याता पुखुमा भग्नावषेश हटाउने कार्य।

ग. पलेस्वां पुखुमा भग्नावषेश हटाउने कार्य।

घ. हनुमन्ते खोलाको माटो पन्छाउने कार्य।

ङ. हनुमानघाटको बाटो वरपर माटो पन्छाउने तथा व्यवस्थित गर्ने कार्य।

च. हनुमन्ते पुलको मर्मत कार्य।

छ. महेश्वरी खेल मैदान सुधार कार्य।

## ३. वातवरण सुधार

क. खँचा पुखु, याता पुखु र पलेस्वाँ पुखु सुधार गर्न वृक्षारोपन कार्य तथा पोखरीमा माछा छोडेको।

ख. महेश्वरी पीठको बगैचामा वृक्षारोपन गरी व्यवस्थित गर्ने कार्य।

ग. सफाइ मजदुर व्यवस्थापन कार्य।

घ. वडा कार्यालय परिसरमा सुधार कार्य।

ङ. किसी वोङ्गामा सफाइ कार्य।

### ४. बैठक तथा भेला

क. वडावासीहरू (मतदाता) लाई धन्यवाद ज्ञापन कार्यक्रम सम्पन्न ।

ख. आ.व. २०७४/०७५ को बजेट तथा कार्यक्रमको लागि विभिन्न व्यक्तित्वहरूको भेला सम्पन्न– मजदुर, किसान, युवा, विद्यार्थी तथा विभिन्न संघ संस्था ।

ग. वडा समितिको बैठक ८ पटक बसी विभिन्न विषयहरूमा छलफल तथा निर्णय कार्यान्वयन गरिएको ।

### ५. कार्यालय व्यवस्थापन

क. वडा कार्यालय भूइँ तल्लाबाट स्थानान्तर गरी पहिलो तल्लामा व्यवस्थित गर्ने कार्य ।

ख. कर्मचारीहरूको कार्य विभाजन गरी व्यवस्थित गर्ने कार्य ।

ग. शिशु स्याहारको कोठा व्यवस्थापन गरी स्थानान्तरको प्रकृया अगाडि बढाउने कार्य ।

घ. वडा कार्यालयको भूइँ तल्लामा शहीद स्मृति पुस्तकालय स्थानान्तर गरी व्यवस्थित गर्ने कार्य ।

### ६. कर असुलि वृद्धि

क. ५३.८० प्रतिशत वृद्धि भएको ।

### ७. भूकम्प सम्वन्धी

क. भूकम्प पीडितहरूको सम्झौता सङ्ख्याः– ५५

ख. भूकम्प पीडितहरूको गुनासो सङ्ख्याः– ६६

### ८. स्वास्थ्य सम्वन्धी

क. आँखा परीक्षण दुई दिन ।

ख. खोप तथा औषधी वितरण गर्ने कार्य ।

ग. खानेपानी ट्याङ्करबाट पानी वितरण गर्ने कार्य ।

घ. डीप बोरिङ्ग कार्यको अनुगमन गराउने कार्य ।

ङ. खानेपानी पाईप लाईन हेरफेर गरी व्यवस्थित गर्ने कार्य ।

च. काठमाण्डौ उपत्यका खानेपानी लि.बाट खानेपानी व्यवस्थित गर्न अनुगमन गराएको ।

### ९. चण्डेश्वरी आधारभूत विद्यालयको भवन शिलान्यास कार्य ।

### १०. चिट्ठि पत्राचार

क. भूकम्प पीडितहरूलाई पत्राचार ।

ख. भग्नावषेश हटाउने कार्यमा वडावासीहरू सचेत गर्न पत्राचार ।

### ११. नक्सा सम्वन्धमा

क. सन्निकट क्षेत्रलाई पुरानो क्षेत्रमा रूपानान्तरण गर्ने कार्य ।

ख. नक्सा दर्ता सङ्ख्याः– ५३ वटा

ग. सर्जमिन सङ्ख्याः– ३३ वटा

घ. नपा चलानी सङ्ख्याः– १३ वटा

### १२. योजनाहरू सम्वन्धमा

#### क. वडा स्तरीय योजनाहरू

| क्र.सं. | वडा योजनाहरू | विवरण |
|---|---|---|
| १. | वासिकचामा रिटेलिङ्गवाल बनाउनु पर्ने । | नाप गरी ल.इ. बाँकी |
| २. | मानन्धर चोक तथा गल्लीमा ढुङ्गा छपाइ कार्य । | नाप गरी ल.इ. बाँकी |
| ३. | सिद्धि गणेश अगाडि वर्षाको भेल व्यवस्थापन गर्नुपर्ने | नाप गरी ल.इ. सकेको |
| ४. | ध्वजु गलीमा ईँटा छपाइ कार्य । | नाप गरी ल.इ. सकेको |
| ५. | ईमेज स्कुल अगाडिको बाटोमा ढुङ्गा छपाइ कार्य । | नाप गरी ल.इ. गर्दै गरेको |
| ६. | मुनि विहार जाने बाटो सुधार कार्य । | नाप गरी ल.इ. गर्दै गरेको |
| ७. | खँचा पोखरी मर्मत । | ईष्टिमेट,मुल्याङ्कन हुँदै गरेको |
| ८. | चिभ द्यो (चोर्चाको) संरक्षण गर्नुपर्ने । | भग्नावषेशले नाप्न नसकिएको |
| ९. | बंकिवा पोखरी उत्खनन तथा बारहरु पेन्टिङ्ग गर्नुपर्ने । | नाप गरी ल.इ. बाँकी |
| १०. | न्हाद पोखरी चारैतिरबाट घुम्ने पेटीको निर्माण गर्नुपर्ने | भग्नावषेशले नाप्न नसकिएको |
| ११. | डम्वरेश्वर महादेवको शिलापत्र सुरक्षित गर्नुपर्ने । | नाप गरी ल.इ. बाँकी |
| १२. | चोर्चा गःहिति मर्मत गर्नुपर्ने । | सम्पदामा अनुरोध |
| १३. | क्वकचामा निकासको व्यवस्था गर्नुपर्ने । | नाप गरी ल.इ. बाँकी |
| १४. | सिद्धि गणेश मन्दिर जीर्णोद्धार कार्य । | सम्पदामा अनुरोध |
| १५. | गोल्मढी उकालोमा रहेको पाटी पुनःनिर्माण कार्य । | सम्पदामा अनुरोध |

#### ख. नगर स्तरीय योजनाहरू

| क्र.सं. | नगर स्तरीय योजनाहरू | विवरण |
|---|---|---|
| १. | ७ नं. वडा कार्यालय तथा शिशु स्याहार परिसरमा वातावरण सुधार कार्य । | १५,००,०००।– |
| २. | लिवाली तथा महेश्वरी बाटो पिच निर्माण कार्य । | ८२,००,०००।– |
| ३. | हनुमन्ते खोला सुधार कार्य । | २०,००,०००।– |
| ४. | भेलुखेलस्थित डम्पिङ्ग साईट सुधार एवं पुल निर्माण कार्य । | १,००,००,०००।– |
| ५. | हनुमन्ते खोला एवं घाट सुधार कार्य । | ४२,४१,२७५।– |

## १३. मतदाता नामावली संकलन

क. २१८ जना संकलन गर्न बेलुका ७:४५ वजेसम्म कार्य भएको।

## १४. सामानहरू खरीद

क. फर्निचर

ख. कार्पेटिङ्ग र पर्दा

ग. झ्यालहरूमा सिसा फिटिङ्ग

घ. फोटो कपि मेशिन

ङ. अन्य विविध सामानहरू

## १५. भक्तपुर जिल्लाको प्रदेश र संघीय निर्वाचन क्षेत्र सीमांकण बारे ध्यानआकर्षण

## १६. विभिन्न सिफारिस सम्वन्धमा

**१ प्रशासन**

१.१-सिफारिस

| क्र.सं. | सिफारिस विवरण | जम्मा सङ्ख्या |
|---|---|---|
| १.१.१- | नागरिकता | नयाँ–७, प्रतिलिपि–३६ जम्मा – १११ |
| १.१.२- | घरबाटो प्रमाणित | २८ |
| १.१.३- | धारा बिद्युत जडान | २५ |
| १.१.४- | नाम थर वतन संशोधन | ६ |
| १.१.५- | तीन पुस्ते र फोटो टाँस | ६ |
| १.१.६- | जनजाति प्रमाणित | २५ |
| १.१.७- | तालिम, छात्रवुत्ति, नि:शुल्क उपचार | १३ |
| १.१.८- | ज.ध.प्रमाण पुर्जा प्रतिलिपि | ७ |
| १.१.९- | नाबालक, अपाङ्ग प्रमाणित | १० |
| १.१.१०- | संस्था दर्ता | – |
| १.१.११- | घर जनाउने | १ |
| १.१.१२- | अंग्रेजी सिफारिस | २३ |
| १.१.१३- | अन्य सिफारिस (भूकम्प सम्वन्धी सिफारिस) | २५ |
| १.१.१४- | तोक मात्रको सिफारिस | १३ |
| १.१.१५- | चारकिल्ला प्रमाणित | ६ |
| १.१.१६- | नाता प्रमाणित | १५ |
| १.१.१७- | घर जग्गा नामसारी, दर्ता नामसारी | २३ |
| १.१.१८- | जोत नामसारी, जग्गा बाँडफाँड | १९ |
| १.१.१९- | अन्य सर्जमिन | २ |
| १.२– | घर जग्गा मुल्याङ्कन | २२ |
| १.३– | भ.न.पा. मा पत्राचार | २५ |
| १.४– | फिल्डवुक, श्रेष्टा उतार, ट्रेस नक्सा र अन्यको पत्राचार | १४ |
| १.५– | अन्य कार्यालयमा पत्राचार | ६ |
| १.६– | बैठक भेला | १५ |
| १.७– | व्यवसाय दर्ता : | |
| | १) दर्ता – ९, | |
| | २) लगत कट्टा – २ | |
| | कर मिनाह – | |
| | ३) नामसारी, शीर्षक परिवर्तन – | ११ |
| १.८– | नक्सा | |
| | १) म्याद तामेली–२८, सर्जमिन–१५ | |
| | २) माथिल्लो तल्ला–२१ | |
| | नक्सा चलानी–११ | ७५ |
| १.९– | अनियमित निर्माण | – |
| १.१०– | ब्यक्तिगत घटना दर्ता | |
| | १) जन्म दर्ता – ५३ प्रतिलिपि – ५ | |
| | २) बिवाह दर्ता – २९ प्रतिलिपि – | |
| | ३) मृत्यु दर्ता – २२ प्रतिलिपि – १ | |
| | ४) बसाई सराई – प्रतिलिपि – | |
| | ५) सम्वन्ध विच्छेद – प्रतिलिपि – | ११० |

**२. योजना**

**३. लेखा**

| | | |
|---|---|---|
| ३.१– | रकम दाखिला | रु. ६,६७,३१५।५७ |
| ३.२– | भुक्तानी | |

**४. जिन्सी**

## विविध

१. भूकम्प पीडितहरूको अनुदान सम्झौता तथा पीडितहरूको विभिन्न समस्याहरूको लागि भएको कार्यमा सक्रीय सहभागी एवं विभिन्न कार्यहरूको लागि समन्वय तथा सहयोग गरेको।

२. अन्य विभिन्न तालिम तथा बैठकमा सहभागिता भएको।

३. सामाजिक सुरक्षा कार्यक्रम अर्न्तगत भत्ता वितरण।

४. राष्ट्रिय खोप कार्यक्रम अर्न्तगत भिटामिन ए तथा बालवित्ता वितरण कार्यक्रम।


**अशोभनीय र वातावरण प्रदूषण नगर्न अनुरोध**

नगरका विभिन्न स्थानमा रहेका खम्बा तथा पोलहरू, मठ–मन्दिरलगायत घरका भित्ताहरूमा विज्ञापनका फ्लेक्स बोर्ड र पम्पलेटहरू टाँस्ने गरेकोले नगरको दृश्य अशोभनीय भई वातावरण प्रदूषण भएको हुँदा विज्ञापनका फ्लेक्स बोर्ड र पम्पलेट टाँस्ने कार्य नगरिदिनुहुन सम्वन्धित स्कूल, कलेज, संघसंस्था तथा उद्योगी, व्यवसायीहरू र विज्ञापन गर्ने अन्य निकायहरूमा भक्तपुर नगरपालिका अनुरोध गर्दछ।

भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

# सफाइमा जनताको उत्साहप्रद सहभागिता

भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर नपा वडा नं. २ स्थित शहीद स्मृति खेल मैदान र त्यस वरपरको क्षेत्र भाद्र १५ गते सरसफाइ कार्यक्रम भयो । २ वडामा रहेका सरकारी तथा निजी विद्यालयहरू, कलेजहरू, स्थानीय टीम क्लब र सहकारी संस्थाहरूको सक्रीय सहभागितामा भएको सफाइ कार्यक्रममा नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले चुनावको समयमा जनतालाई दिएको प्रतिबद्धताकै आधारमा नगरलाई सफा, सुन्दर र स्वच्छ बनाउने अभियान चलाइरहेको बताउनुभयो ।




उहाँले हरेक १५ दिनमा नगरपालिकाका जनप्रतिनिधिहरू, कर्मचारीहरू र स्थानीय जनताको सहभागितामा नगरका सम्पदा क्षेत्र, खुला तथा सार्वजनिक क्षेत्रको सरसफाइ एवं हरियाली प्रवर्द्धन गर्दै आएको प्रस्ट पार्नुभयो ।

उपप्रमुख रजनी जोशीले नगर सफा राख्ने अभियानमा स्थानीय जनता तथा स्कूल, कलेज, सहकारी र टीम क्लबले देखाएको उत्साहप्रति खुसी व्यक्त गर्दै सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

भक्तपुर नपा साविक १५ वडाका पूर्व वडाध्यक्ष रवीन्द्र खर्बुजाले शहीद स्मृति खेल मैदानको ऐतिहासिक पृष्ठभूमिबारे जानकारी दिंदै नेपालमै पहिलो पटक बीच भलिबल, फूटसल प्रतियोगिता गरिएको मैदान सफा गर्नु राष्ट्रिय गौरवको विषय भएको बताउनुभयो ।

भक्तपुर नपा २ वडाका वडाध्यक्ष हरिप्रसाद बासुकलाले सफा गर्नु सबैको दायित्व भएको चर्चा गर्दै शहीद स्मृति खेल मैदानको सफाइले खेलकुद गतिविधिको लागि सकारात्मक पहल भएको चर्चा गर्नुभयो ।

सफाइ कार्यक्रममा नगरपालिकाका वर्तमान एवं पूर्वजनप्रतिनिधिहरू, कर्मचारीहरू र स्थानीय जनतासँगै देको मिवा इटापाके जग्गा एकीकरण कार्यालयका कर्मचारीहरू र विद्यालय, टीम क्लब र सहकारी संस्थाहरूको व्यापक सहभागिता रहेको थियो ।



वांचु हितीको सरसफाइ गरिंदै



ब्रम्हायणी परिसरको सरसफाइ गरिंदै

सफाइ अभियानका बिम्बहरू

# ब्रम्हायणी मन्दिर परिसर सरसफाइ

'चुनावमा हामीले भोट हालेपछि वरपर सरसफाइ चाहिं हुन थालेको हो है । मेयर साप, उपमेयर साप, वडाध्यक्ष र नससहरूसमेत सावेल, च्वाफी र हँसिया लिएर कहिले सिद्धपोखरी, कहिले खेल मैदान, कहिले याता सफा गर्न हिंडेका छन् ।'

'गरुडकुण्ड पनि त सफा गरे नि ।'

'ब्रम्हायणी मन्दिर वरपर र दीपमा समेत त्यत्रो ठूला ठूला झारहरू थिए, टोलवासीहरू मिलेर क्या राम्रोसँग सफा गर्दैछन् ।'

'सफा गर्ने भनेपछि त स्कूलका सर मिस र नानीहरूलाई पनि शनिबार, बिदाबार भन्ने हुँदोरहेन छ त ।'

'राम्रै त हो नि, जति सफा भयो, त्यति राम्रो । अब घाटमा पानीको व्यवस्था हुनु पऱ्यो । गः हिती र वाचुहितीमा पनि पानी आउने बनाउनुपऱ्यो ।'



ब्रम्हायणी परिसरसँगै पिच बाटो छेउको चिया पसलमा बस्दै ज्येष्ठ नागरिकहरू शनिबार बिहान यस्तै गफ गरिरहेका सुनियो । तीमध्ये केहीले ब्रम्हायणी परिसरका पाटीहरूका छानामा उम्रिएका घाँसहरू पनि सफा गर्नुपर्ने तर्क राखे भने केहीले साही समाज र मानन्धर समाजका दीपहरू तत्काल भत्काएर पुन:निर्माण गरिनुपर्ने भने । प्रसङ्ग शनिबार बिहान भक्तपुर नगरपालिका वडा नं. ९ स्थित ब्रम्हायणी मन्दिर परिसर सरसफाइको हो । बिहान ७ बजेको हाराहारीमा नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरू र स्थानीय युवा खेलाडी साथीहरू सरसफाइका लागि जुट्न थाले । केही समयपछि नै स्थानीय महिलाहरूले घरघरबाट नै कुटो, कोदालो र हँसिया लिएर चउर र घाट वरपरका अग्ला झारहरू काट्न थाले । वागीश्वरी स्कूल र कलेज, ख्वप्रिङ एकेडेमी, लिशा इ स्कूल, ब्रम्हायणी आधारभूत स्कूल र सिद्धि शारदा आधारभूत स्कूलका शिक्षक–शिक्षिका तथा विद्यार्थीहरू, स्काउट टूपका विद्यार्थीहरू सयौंको सङ्ख्यामा भेला हुन थाले । विभिन्न खेलका प्रशिक्षक तथा खेलाडीहरूको समूह पनि एकै छिनमा भेला भई सफाइ कार्यमा जुटिहाले । नेपाल मजदुर किसान पार्टीका वडास्तरीय कार्यकर्ताहरू, नगरपालिकाका पूर्वजनप्रतिनिधिहरू र भक्तपुर बचत तथा ऋण सहकारी संस्थाका साथीहरूको पनि बाक्लो उपस्थिति रह्यो । भक्तपुर नपा साविक १ वडा (हाल ९ वडा) खेलकुद समितिको आयोजना तथा भक्तपुर नगरपालिका वडा नं. ९ कार्यालयको सहयोगमा भएको उक्त सफाइ कार्यमा सबैजना उत्साहपूर्वक सफाइ कार्यमा जुटेका थिए । कोही सावेल, कुटो र कोदालोले झार म्हास्दै थिए भने कोही हंसिया र खुर्पाले घाँस काट्दै थिए । थुप्रै समूहहरू लाइन बसेर काटिएका झार तथा घाँसहरू एकै ठाउँमा व्यवस्थित रूपमा जम्मा गर्दै थिए । करिब दुई घण्टामा चउर, बगैंचा र घाट वरपरका घाँसहरू काटेर उचित स्थानमा व्यवस्थापन गरियो । असाध्यै उत्साहपूर्ण वातावरणमा कार्य भइरहेको थियो । विद्यार्थीहरूले मन्दिर वरिपरिको क्षेत्रमा चुन पनि छर्केका थिए । युवाहरूको उत्साह बेग्लै थियो । मन्दिर परिसरको सफाइपश्चात पिच सडकसँगैको हिती (धारा) र सार्वजनिक धारा वरपर पनि सफा गर्न कसे । वातावरण यस्तो थियो कि कसैले कसैलाई यसो गर, उसो गर भन्नै पर्दैन, सबैले स्वयंस्फूर्त रूपमा सफाइ गर्ने जिम्मा लिए । बिहान सफा गरी एकै ठाउँमा थुपारिएका फोहरमैला दिउँसो १२ बजेतिर भक्तपुर नगरपालिकाका सफाइ मजदुर एवं फोहर सङ्कलन गर्ने गाडीले बोक्दै थिए । सांस्कृतिक पर्व दशैंमा मेला लाग्ने उक्त मन्दिर परिसरमा स्थानीयवासीको सक्रियतामा भएको सरसफाइ कार्यलाई सबैले सकारात्मक भएको टिप्पणी गरे । भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले चुनावमा जनतालाई दिएको वाचाअनुसार नगर सफा राख्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाएको बताउनुभयो । उहाँले साउन १ गतेदेखि प्रत्येक १५ दिनमा जनप्रतिनिधिहरू, नगरपालिकाका कर्मचारीहरू र स्थानीय जनताको सहभागितामा नगरका सांस्कृतिक सम्पदा क्षेत्रहरू, खुला तथा सार्वजनिक स्थलहरू, पोखरीहरू सफा गर्ने गरेको जानकारी दिनुभयो । उहाँले स्थानीय जनताकै अग्रसरतामा ब्रम्हायणी क्षेत्र सफाइ कार्य भएको उल्लेख गर्दै सफाइमा जुट्ने सबै स्थानीय जनता, युवा, विद्यार्थी, महिला, खेलाडी तथा विभिन्न स्कूल, कलेज, पुस्तकालय तथा सहकारी संस्थाहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

–प्रसन्ना

# भक्तपुर नगरपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बोर्ड बैठक भक्तपुर नपा वडा नं. २ स्थित नयाँ भवन ब्यासीमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ।

## मिति : २०७४ श्रावण १३ गते, शुक्रबार

**उपस्थिति**

| | |
|---|---|
| १. प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. वडाध्यक्ष श्री कुमार चवाल | ऐ |
| ७. वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य | ऐ |
| ८. वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. वडाध्यक्ष श्री महेन्द्र खायमली | ऐ |
| ११. वडाध्यक्ष श्री रवीन्द्र ज्याख्व | ऐ |
| १२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु | ऐ |
| १५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति | ऐ |
| १६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला | ऐ |
| १७. नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल | ऐ |
| १८. सदस्य सचिव श्री रोहितराज पोखरेल | ऐ |

## निर्णयहरू :

### परम्परागत शैलीको घर निर्माण गर्नेलाई सहयोग

भक्तपुर नगरपालिकाको पुरानो बस्ती क्षेत्रभित्र परम्परागत शैलीमा घर निर्माण गर्ने नगरवासीहरूलाई प्रोत्साहन स्वरूप अगाडिको मोहडा निर्माण गर्ने क्रममा प्रयोग गरिने काठ र इँटा खरिदको कूल खर्चको ३५ प्रतिशत नगरपालिकाले अनुदान दिने निर्णय गरियो।

### मूल्याङ्कन समिति

यस वर्षको गाईजात्रा पर्वमा प्रदर्शन गरिने परम्परागत तथा आधुनिक सांस्कृतिक विधाहरू एवं सापारुको दिन प्रदर्शन गरिने घिन्तांघिसी र माक प्याखंको मूल्याङ्कन गरी पुरस्कृत गर्ने उद्देश्यले मिति २०७४।४।८ गते बसेको शिक्षा, संस्कृति र स्वास्थ्य समितिको बैठकले वडाअध्यक्ष श्री उकेश कवांज्यूको संयोजकत्वमा देहाय बमोजिम मूल्याङ्कन समिति गठन गरेको निर्णय अनुमोदन गरियो :

तपसिल

श्री रविन्द्र ज्याख्व, वडाध्यक्ष, भ.न.पा. ९
श्री राजकृष्ण गोरा, वडाध्यक्ष, भ.न.पा. ३
श्री कान्छा बासुकला, भ.न.पा. ६
श्री सत्यनारायण दिदिया, भ.न.पा. ५
श्री विश्वनाथ प्रजापति, भ.न.पा. ४
श्री लक्ष्मी नारायण दुवाल, भ.न.पा. ८
श्री पञ्चलाल लाछिमस्यू, भ.न.पा. ९
श्री आसराम वैद्य, भ.न.पा. ३
श्री श्याम सुन्दर शिल्पकार, भ.न.पा. १
श्री सुलोचना छ्वाजु, भ.न.पा. ९
श्री राजेन्द्र श्रेष्ठ, भ.न.पा. ४
श्री मुक्ति सुन्दर जधारी, भ.न.पा. ५
श्री कृष्णभक्त प्रजापति, भ.न.पा. ९
श्री इन्दिरा लाछिमस्यू, भ.न.पा. ५
श्री सिद्धिकुमार अवाल, भ.न.पा. ६

### नगद पुरस्कार

यस वर्षको गाईजात्रा पर्वमा प्रदर्शन गरिने साँस्कृतिक विधाहरूको मूल्याङ्कन गरी प्रथम, द्वितीय, तृतीय र सान्त्वना/सहभागीहरूलाई देहाय बमोजिम पुरस्कारको व्यवस्था गर्ने मूल्याङ्कन समितिको प्रस्ताव अनुसार नगद पुरस्कार (कर बाहेक) प्रदान गर्ने निर्णय गरियो। *(पुरस्कार रकम विवरण गताङ्कमा प्रकाशित भइसकेको छ।)*

### बैठक भत्ता

भक्तपुर नगरपालिकाका विभिन्न समितिहरूको बैठक एवं वडा कार्यालयमा बैठक बस्दा निम्नानुसार बैठक भत्ता दिने निर्णय गरियो :

क. प्रति बैठक भत्ता रु.१०००।-
ख. समितिको बैठक महिनाको बढीमा ४ पटकको मात्र बैठक भत्ता उपलब्ध गराउने र
ग. वडा समितिको बैठक महिनाको बढीमा ४ पटकको मात्र बैठक भत्ता उपलब्ध गराउने।

### विविध

विविध विषयमा छलफल हुँदा देहायअनुसार गर्ने निर्णय गरियो :

क. प्रथम नगर सभा भव्यताका साथ सम्पन्न गर्न सहयोग गर्नु हुने मजदुर, किसान, युवा, विद्यार्थी, महिला, शिक्षक, व्यापारी, बुद्धिजीवी र समाजसेवीलगायत सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

ख. वातावरण तथा पर्यटन समितिको मिति २०७४।४।७ गते बसेको बैठकको निर्णयअनुसार सोही समितिको अगुवाईमा भक्तपुर नगरपालिका वडा नं. ७ स्थित पलेस्वं पोखरी, न्हाद पोखरी, खँचा पोखरी र महेश्वरी मन्दिर परिसरमा सरसफाइ तथा हरियाली क्षेत्र व्यवस्थापन कार्यक्रम आयोजना गर्ने निर्णय अनुमोदन गरियो ।

ग. भक्तपुर नगरपालिका क्षेत्रभित्र खानेपानीको स्रोत पहिचान तथा सम्भाव्यता अध्ययनको लागि वडाध्यक्ष श्री महेन्द्र खायमलीको संयोजकत्वमा खानेपानी श्रोत पहिचान तथा सम्भाव्यता अध्ययन समिति गठन गर्ने निर्णय गरियो :

तपसिल

१. संयोजक – महेन्द्र खायमली
२. सदस्य – उकेश कवां
३. सदस्य – श्याम कृष्ण खत्री

घ. महिला तथा युवाहरूलाई निम्नानुसार सीपमूलक तालिमहरू संचालन गर्ने निर्णय गरियो :

१. चिनीया भाषा
२. पाक शिक्षा
३. हेयर कटिङ्ग
४. बुटिक
५. फोहर मैला व्यवस्थापन

ङ. खेलकुद समितिको निर्णयअनुसार विद्यालयस्तरीय खेलकुद प्रतियोगिता आयोजना गर्ने विषयमा छलफल गरियो ।

## ल.ई. स्वीकृत

देहायअनुसार लगत इष्टमेट पारित गर्ने निर्णय गरियो :

क. भक्तपुर नगरपालिका वडा नं. ४, गपलीस्थित गपली ढुंगेधारा निकास मर्मत तथा ढुंगेधारा परिसर सुधार कार्य रु. ९,८३,३१९।६३ बराबरको रि.ल.ई. स्वीकृत गर्ने ।

ख. भद्रकाली मन्दिर पछाडिको पूर्वको बाटोमा ढुंगा छपाइ रि.ल.ई. १४६७९६७।६१ स्वीकृत गर्ने ।

ग. भक्तपुर न.पा. ५ नं. वडा कार्यालयको रंगरोगन ल.ई.रु. १,५६,७६८।७२ स्वीकृत गर्ने ।

घ. भक्तपुर न.पा. ५ नं. वडा कार्यालय पछाडिको बाटो मर्मत ल.ई. रु.१४,६७,९६९।६१ स्वीकृत गर्ने

ङ. भक्तपुर न.पा. ४ नं. वडा कार्यालयको रंगरोगन रि.ल.ई. रु.२,५६,०११।३३ स्वीकृत गर्ने ।

## उपभोक्ता समिति अनुमोदन

उपभोक्ता समिति अनुमोदन सम्बन्धमा छलफल हुँदा देहायअनुसार उपभोक्ता समिति गठन भै आएको अनुमोदन गर्ने निर्णय गरियो :

क. **योजनाको नाम** : भक्तपुर न.पा. वडा नं. ८ स्थित पांग्राचा गल्लीको पाटी मर्मत संभार

पदाधिकारीहरूको नाम :

अध्यक्ष – श्री विवेक प्रजापति
सचिव – श्री विष्णुभक्त सुवाल
कोषाध्यक्ष – श्री कृष्णाश्वरी बासी
सदस्य – श्री किरण सुवाल
सदस्य – श्री नारायण प्रसाद ध्वजु
सदस्य – श्री कृष्ण राम गाईजु
सदस्य – श्री नानी छोरी दुवाल
सदस्य – श्री कृष्णावेटी प्रजापति
सदस्य – श्री पंचमाया दुवाल

ख. **योजनाको नाम** : भक्तपुर न.पा. वडा नं. ८ स्थित जेंला पोखरीको उत्तरतर्फको पाटी मर्मत

पदाधिकारीहरूको नाम :

अध्यक्ष – श्री सिताराम बोहजु
सचिव – श्री शिवराम बोहजु
कोषाध्यक्ष – श्री लक्ष्मीश्वरी सैंजु
सदस्य – श्री देवेन्द्र सुवाल
सदस्य – श्री चक्रमाया बोहजु
सदस्य – श्री सुभद्रा नकर्मी
सदस्य – श्री ईन्द्रलक्ष्मी बोहजु
सदस्य – श्री शम्शेर बोहजु
सदस्य – श्री शिवप्रसाद बाला

## उपभोक्ता समिति स्वीकृत

मिति २०७३।१०।२३ प.सं. ०७३/०७४/०१ च.नं. ३२२० को पत्रानुसार जनसहभागितामा आधारित सौर्य सडक बत्ती जडान कार्यक्रम संचालन गर्न तपसिल बमोजिमको सौर्य सडक बत्ती जडान उपभोक्ता समिति गठन भई आएकोले स्वीकृत गर्ने निर्णय गरियो :

**योजनाको नाम :** माकचो गणेशमा सौर्य बत्ती जडान

पदाधिकारीहरूको नाम :

अध्यक्ष – श्री श्री कान्छा बमनु
सचिव – श्री मसिनु माया द्यो जाकिबन्जार
कोषाध्यक्ष – श्री कान्छी साही
सदस्य – श्री राममाया बाइजु
सदस्य – श्री ईश्वरीमाया स्यामाजु

## सौर्य बत्ती जडान गर्ने

जनसहभागितामा आधारित सौर्य सडक बत्ती जडान कार्यक्रम संचालनार्थ ४ (साविक १४) नं. वडाको स्थानहरू माकचो र याकटी २(दुई) सेट सोलार सडक बत्ती जडान गर्न लगत ईष्टिमेट रु.२१११६८।३० हुन आएको र सो ल.ई. मा नेपाल सरकारको अनुदानबाट ६५ प्रतिशतले रु.१३७२५९।४०, न.पा.बाट २० प्रतिशतले रु.४२२३३।६६ र उपभोक्ता समितिबाट १५ प्रतिशतले रु.३१६७५।२५ लागत सहभागितामा कार्य गर्ने निर्णय गरियो ।

## म्याद थप

म्याद थपबारे छलफल हुँदा विविध कारणले समयभित्र कार्य सम्पन्न गर्न नसकेकोले म्याद थप गरी पाऊं भनी दिएकोमा छलफल हुँदा देहायअनुसार म्याद थप गर्ने निर्णय गरियो :

| क्र.सं. | योजनाको नाम | निवेदन | म्याद थप अवधि |
|---|---|---|---|
| १ | न.पा. प्राङ्गणको पाटी निर्माण | तुल्सी/विनायक जे.भी. | २०७४ श्रावण मसान्तसम्म |
| २ | न.पा. भवन अगाडिको कम्पाउण्ड वाल निर्माण | प्रो.राजाराम न्हिसुतु | २०७४ भाद्र मसान्तसम्म |
| ३ | वडा नं. २ ठूलो पाटी कासन जाने बाटोमा दाफा पाटी पुनःनिर्माण | लक्ष्मी नारायण सुवाल | २०७४ असोज मसान्तसम्म |
| ४ | वडा नं. २ लघु पाटी पुनःनिर्माण | पुनःनिर्माण उपभोक्ता समिति | २०७४ पौष मसान्तसम्म |
| ५ | भक्तपुर न.पा. वडा नं. ७ नासःद्यो मन्दिर सुधार कार्य | पद्म सुन्दर शाक्य | २०७४ असोज मसान्तसम्म |
| ६ | भक्तपुर न.पा. वडा नं. ५ भद्रकाली मन्दिर पछाडिको पूर्वको बाटोमा ढुंगा छपाइ | रामेश्वर प्रजापति अध्यक्ष उपभोक्ता समिति | २०७४ असोज मसान्तसम्म |

## खर्च व्यहोर्ने

यस न.पा.को ड्राइभर मनोज छुकांको कार्यालय भवन भत्काउने क्रममा घाइते भई न.पा.बाट उपचार गरेकोमा हाल खुट्टामा राखेको स्टिलको पट्टी निकाल्न लाग्ने खर्च नियमानुसार न.पा.ले व्यहोर्ने निर्णय गरियो ।

## सवारी साधन खरिद

सवारी साधन खरिद सम्बन्धमा छलफल हुँदा नगर क्षेत्रमा फोहर मैला जथाभावी बाहिर फाल्ने गरेको तथा फोहर मैला संकलन केन्द्र समेत खुल्ला रूपमा रहेकोले नगर क्षेत्र नै फोहर देखिएकोले सोलाई सुधार गर्नको लागि फोहरलाई स्रोतबाटै कुहिने र नकुहिने गरी संकलन गर्न हाल मौजुदा सवारी साधनहरूले मात्र सम्भव नभएकोले नगर क्षेत्रमा विहान ६ बजेदेखि ८ बजेसम्ममा फोहर संकलन गर्नको लागि आवश्यक देहायअनुसार सवारी साधनहरू खरिद गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो:

तपसिल

१. मिनीट्रक/निशान ३ थान
२. तीन पांग्रे मोटर साइकल रिक्सा/इलेक्ट्रिकल रिक्सा १० थान
३. स्टायण्डसहितको कुहिने र नकुहिने फोहर राख्ने डस्टबिन १० थान
४. हाते ब्रुमर ५ वटा

## फोहर संकलन च्याम्बर बनाउने

फोहर संकलन च्याम्बर बनाउने सम्बन्धमा छलफल हुँदा नगर क्षेत्रमा दैनिक वडाहरूमा सडक, चोक, सफाइ कार्य गर्ने गरिआएको फोहर मैलालाई वडाको विभिन्न स्थानहरूमा खुल्ला रूपमा संकलन केन्द्रको रूपमा व्यवस्था गरिआएको हुँदा त्यसरी खुल्ला रूपमा फोहर संकलन केन्द्र हुँदा दिनभरि नै उक्त स्थान फोहर भइरहेको साथै वरिपरि दुर्गन्धित भएकोले फोहर संकलन केन्द्रलाई सुधार गर्ने उद्देश्यले हाललाई नमूनाको रूपमा १ स्थानमा फोहर संकलन च्याम्बर निर्माण गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

# मिति २०७४ श्रावण २७ गते, शुक्रबार

## निर्णयहरू :

### सडक चौडा पार्ने

सूर्यविनायकदेखि पुरानो जगाति पुलसम्मको भक्तपुर नगरपालिका क्षेत्रमा पर्ने सडक विस्तार कार्यलाई अगाडि बढाउने विषयमा डिभिजन सडक कार्यालय, भक्तपुरसँग छलफल गर्ने निर्णय गरियो ।

### माटो परीक्षण

ख्वप अस्पताल, अरनिको सभा भवन, भक्तपुर न.पा.वडा नं. १ स्थित बहुउद्देश्यीय भवन, महेश्वरी खेल मैदान र शहीद स्मृति खेल मैदान निर्माण स्थलको माटो परीक्षण

कार्यका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**पुल पुनःनिर्माण**

भक्तपुर नगरपालिका क्षेत्रको गयः भीमसेनबाट भक्तपुर न.पा.वडा नं. ७ वडा कार्यालय आउने बाटोमा रहेको हनुमन्ते खोलाको पुल पुनः निर्माणको लागि इन्जिनियरिङ तथा स्ट्रक्चरल डिजाइन गर्न शहरी विकास तथा भवन निर्माण विभागलाई अनुरोध गर्ने निर्णय गरियो।

**काउखालिलाई सहयोग**

भक्तपुरको खरिपाटीस्थित काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडद्वारा संचालित खानेपानी प्रशोधन केन्द्र र मुहान पोखरीको रेखदेखका लागि काउखालिलाई सहयोग गर्ने उद्देश्यले भक्तपुर नगरपालिकाको तर्फबाट २ (दुई) जना कर्मचारी खटाउने निर्णय गरियो।

**पम्प घरको तला थप गर्ने**

भक्तपुर नगरपालिका वडा नं. १ स्थित डीप बोरिङ स्थलमा रहेको न.पा.को स्वामित्वमा रहेको पम्प घरको तला थप गर्ने निर्णय गरियो।

**डीपबोरिङको सम्भाव्यता अध्ययन**

भक्तपुर नगरपालिका वडा नं. १ स्थित दुग्ध चिस्यान केन्द्र र भक्तपुर नगरपालिका वडा नं. ८ स्थित लिवाली क्षेत्र लगायतका स्थानहरूमा खानेपानी बन्दोबस्तको लागि डीप बोरिङको सम्भाव्यता अध्ययन गर्न काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडसँग सहकार्य गर्ने निर्णय गरियो।

**घर जग्गाको दस्तुर**

भक्तपुर नगरपालिका क्षेत्रभित्रको घर जग्गा मुल्याङ्कन करको सम्पूर्ण दस्तुर सम्बन्धित वडा कार्यालयबाट नै संकलन गर्ने निर्णय गरियो।

**विदेशीलाई अस्थायी व्यवसायी दर्ता**

नेपाली नागरिकबाहेकका व्यवसायीहरूको व्यवसाय दर्ता सम्बन्धमा छलफल हुँदा व्यवसायीहरूले सम्बन्धित देशको राजदूतावासबाट नेपालमा बसी व्यवसाय गर्न पाउने अनुमति पत्र पेश गरेको र सम्बन्धित देशको नागरिकता वा रासन कार्डको प्रतिलिपि पेश गरेको अवस्थामा अस्थायी व्यवसाय दर्ता प्रमाण पत्र दिने निर्णय गरियो। साथै अस्थायी दर्ता प्रमाण पत्रमा 'कर प्रयोजनको लागि मात्र' भन्ने व्यहोरा समेत उल्लेख गर्ने।

**कर चुक्ता प्रमाणित वडाबाट**

घर जग्गा कर चुक्ता प्रमाणित वडाबाटै गरिदिने सम्बन्धमा गत विगतदेखि रु.१० लाखसम्मको मुल्याङ्कनको कर चुक्ता वडाबाट र सोभन्दा माथिको हकमा नगरपालिकाबाट भै आएकोमा मिति २०७४ भाद्र १ गतेदेखि रु.१० लाखभन्दा माथिको मुल्याङ्कनसमेत वडाबाटै प्रमाणित गरी पठाउने निर्णय गरियो ।

**अनुमोदन**

१) २०७४ असार मसान्तसम्मको देहाय अनुसारका यथार्थ आय व्यय अनुमोदन गरियो :

असार मसान्तसम्ममा

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | बाह्य आम्दानी | रु.२३,३४,५०,४५०।- |
| २ | पर्यटन | रु.२०,१२,५,७९५ ।- |
| ३ | आवास योजना | रु.१,३३,५०,६४५।२१ |
| ४ | विभिन्न कर | रु.६,६९,४६,२६९।९० |
| | कूल आम्दानी | रु.५१,५०,५३,१६०।९३ |
| | अनुमानित बजेट | रु. ६६,८०,००,०००।- |
| | यथार्थ खर्च | रु.५०,९७,९४,१९६।१८ |

२) समितिको निर्णय अनुमोदन सम्बन्धमा देहायअनुसार गर्ने निर्णय गरियो :

**बुद्धिचाललाई सहयोग**

युवा तथा खेलकुद समितिको मिति २०७४।३।१७ गतेको बैठकबाट भक्तपुर जिल्ला बुद्धिचाल संघको आयोजनामा २०७४ आषाढ २८ गतेदेखि ३० गतेसम्म हुने भक्तपुर जिल्लाव्यापी खुल्ला महिला तथा पुरुष बुद्धिचाल च्याम्पियनसिपको लागि रु.१०,०००।- अक्षेरेपी दश हजार आर्थिक सहयोग गर्ने निर्णय अनुमोदन गरियो।

**शारीरिक सुगठनलाई सहयोग**

भक्तपुर शारीरिक सुगठन तथा फिटनेस संघको आयोजनामा काठमाण्डौ उपत्यकाव्यापी शारीरिक सुगठन प्रतियोगिता २०७४ भाद्र ३० गते हुने प्रथम मिस्टर फिटनेस प्रिमिक्स २०७४ को लागि रु.२५,०००।- अक्षरेपी पच्चिस हजार आर्थिक सहयोग गर्ने निर्णय अनुमोदन गरियो।

**युवा दिवसमा विचार गोष्ठी**

शान्तिका लागि युवा परिचालन भन्ने मूल नाराकासाथ अन्तर्राष्ट्रिय युवा दिवस मिति २०७४।४।२८ गते विचार गोष्ठी गर्ने।

**फूटबललाई सहयोग**

जिल्ला फुटबल संघको आयोजनामा भएको विद्यालय स्तरीय फुटबल प्रतियोगिताको लागि रु.२०,०००।- अक्षेरुपी बीस हजार आर्थिक सहयोग दिने।

**म्याद थप**

म्याद थपबारे छलफल हुँदा देहायअनुसार म्याद थप गर्ने :

क) वडा नं. ९ मा सौर्य सडक बत्ती जडान उपभोक्ता समितिको मागअनुसार २०७४ भाद्र मसान्तसम्म म्याद थप गर्ने ।

ख) वडा नं. २ सौर्य सडक बत्ती जडान उपभोक्ता समितिको मागअनुसार २०७४ भाद्र मसान्तसम्म म्याद थप गर्ने ।

ग) वडा नं. ५ तौमढीमा सौर्य सडक बत्ती जडान उपभोक्ता समितिको मागअनुसार २०७४ भाद्र मसान्तसम्म म्याद थप गर्ने ।

घ) वडा नं. ५ मु:दीपमा सौर्य सडक बत्ती जडानको मिति २०७४ साउन मसान्तसम्म म्याद थप गर्ने ।

ङ) वडा नं. ३ मा सौर्य सडक बत्ती जडानको मिति २०७४ भाद्र मसान्तसम्म म्याद थप गर्ने ।

च) वडा नं. ५ स्थित कुमारी पोखरी उपभोक्ता समितिको मागअनुसार भाद्र मसान्तसम्म म्याद थप गर्ने ।

छ) $G^3$ (जी ३) बिल्डर्स एण्ड डेभलपर प्रा.लि. लाई अन्तिम पटक कार्तिक मसान्तसम्म म्याद थप गर्ने ।

च) भक्तपुर नगरपालिकाको भौतिक पूर्वाधार तथा निर्माण मापदण्डको भू-उपयोग नक्सा अनुसूची ३ मा केही पुरानो नगर क्षेत्र विस्तारित आवास क्षेत्रमा परेका हुँदा पुनः निर्माण गरिने घर साविक बमोजिम निर्माण गर्न समस्या भएको हुँदा भक्तपुर न.पा.को भौतिक पूर्वाधार तथा निर्माण मापदण्डको भू-उपयोग नक्सामा देहायका क्षेत्रहरू पुरानो नगर क्षेत्रमा समावेश गरी भू-उपयोग नक्सा संशोधन गर्ने निर्णय गरियो । पुरानो नगर क्षेत्रमा समावेश गर्ने क्षेत्रहरू यस प्रकार छन् : पूर्वमा नगांचा क्षेत्र, नवदुर्गा द्यो छें हुँदै चोफल, गरुड कुण्ड, च्याम्हासिंह गेट हुँदै सैंजु दही पसल (सार्वजनिक धारा) सम्मको कमलविनायक-च्याम्हासिंह-जगाति पिच सडकको एक कित्ता बाहेक क्षेत्र, समाज सुधार स्कुलको पुरानो भवन, मुनि विहार क्षेत्र, सैंजु दही पसल (सार्वजनिक धारा) हुँदै मे तँ सम्मको बाटोको उत्तर क्षेत्र महेश्वरी उकालो, मचो भैरव क्षेत्र, याता पोखरी पूर्व, हनुमानघाट क्षेत्र, कमल पोखरी क्षेत्र, दोगन लैको, राम मन्दिर मे तँ, बोलाछें तंचा, थुचो, मंगल तिर्थ क्षेत्रको दक्षिणतर्फ हनुमन्ते खोलासम्म ।

# भक्तपुर नपाको कराते डोजो टीम प्रथम

भक्तपुर, १९ भदौ । ज्यापु समाज यलद्वारा आयोजित प्रथम आमन्त्रित जिल्ला व्यापी कराते प्रतियोगितामा भक्तपुर नगरपालिका डोजो टीम प्रथम हुन सफल भएको छ ।

भक्तपुर नपा डोजोका कन्जन राई (५० के.जी.), सुबोधकुमार साह (५० के.जी.), मदनकुमार थापा (४५ के.जी.), समिर सिलवाल (४० के.जी.) पारस थापा (२५ के.जी.) ले प्रथम स्थान हासिल गरे ।

त्यस्तै दोस्रो स्थानमा तारा तामाङ (५० के.जी.), अन्जु भुजेल (४५ के.जी.), इसान तामाङ (४० के.जी.) सुरज विश्वकर्मा (३५ के.जी.) र तेस्रो स्थानमा कृतिका राई (२५ के.जी.) भएका थिए । काता विधामा निश्चल बाला दोस्रो स्थान प्राप्त गर्न सफल भएका थिए ।

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं ।

## हार्दिक समवेदना



**स्व. पुण्यश्वरी प्रधानाङ्ग**

जन्म : १९८८ वैशाख १० निधन : २०७४ भाद्र १४

यस नगरपालिकाका कर्मचारी निलम प्रधानाङ्गका पूजनीय माता **पुण्यश्वरी प्रधानाङ्ग**को दु:खद निधनमा गहिरो शोक व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारणको लागि हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**भक्तपुर नगरपालिका परिवार**

**वडाध्यक्ष परिचय**

# Zofds[0f vqL



श्यामकृष्ण खत्रीको जन्म साविक वडा नं. १७ हाल वडा नं. १ मा २०२५ साल असोज १५ गते भएको हो। माता मोहन केशरी र पिता कृष्ण खत्रीको जेठो सन्तानको रूपमा जन्मेका खत्रीका दुई भाइ र एक बहिनी हुनुहुन्छ।

वहाँका श्रीमती मोहनकेशरी सुवाल, छोरा सुजन र छोरी निभा हुनुहुन्छ।

पेशाले शिक्षक खत्रीले उच्च मावि तह उत्तीर्ण गर्नु भएको छ। नेपाल मजदुर किसान पार्टीको तर्फबाट वडा नं. १ को वडाध्यक्ष पदमा उम्मेदवार हुन शिक्षक पदबाट राजीनामा दिनुभएको थियो।

वहाँ २०४१/४२ तिर राजनीतिमा प्रवेश गर्नुभएको हो। नेपाल मजदुर किसान पार्टीको स्थानीय समितिमा रहेर पार्टीका गतिविधिमा सक्रिय रहनुभयो। त्यस क्रममा पार्टी प्रकाशन वितरणमा पनि योगदान पुऱ्याउनु भयो।

निरंकुश पञ्चायत व्यवस्थाको विरुद्ध २०४६ सालमा भएको जनआन्दोलनमा वहाँ सक्रिय पुर्वक लाग्नुभयो। त्यसक्रममा वहाँ पक्राउ परी प्रहरी खोरमा पर्नुभयो। त्यस्तै प्रतिगमन विरुद्धको जनआन्दोलन २०६२।०६३ मा पनि वहाँ सक्रिय रहनुभयो। त्यस क्रममा वहाँ पटक पटक पक्राउ पर्नु भयो र खोरमा थुनिनु भयो।

नेमकिपाको साविक १७ वडा समितिको इन्चार्जको रूपमा वहाँले २०४८ सालदेखि २०५५ सालसम्म जिम्मेवारी निर्वाह गर्नुभयो। ४६ सालको जनआन्दोलनबाट बहुदलीय प्रजातन्त्र पुनःस्थापनापछि स्थानीय निकायको चुनाव भयो। वहाँ भक्तपुर नगरपालिकामा नगर सभा सदस्यमा मनोनित हुनुभयो। २०५५ सालमा वहाँ नेपाल क्रान्तिकारी युवा संघ, भक्तपुर जिल्ला समितिको सदस्य हुनुभयो। युवाहरूलाई खेलकुद क्षत्रेमा क्रियाशील बनाउन गठित युवा खेलकुद समूह नेपालको वहाँ २०५५ सालमा सदस्य हुनुभयो भने हाल वहाँ कोषाध्यक्ष हुनुहुन्छ। वहाँ २०६८ सालदेखि भक्तपुर जिल्ला भलिबल संघको कोषाध्यक्ष हुनुहुन्छ भने युवा संघको केन्द्रीय खेलकुद विभागका सदस्य पनि हुनुहुन्छ।

२०५६ सालमा भलिबल खेलका सहायक प्रशिक्षक खत्री २०५९ सालमा राष्ट्रिय रेफ्री बन्नुभयो। वहाँ ओलम्पिक सोलाडायरी कोचेच कोचको पहिलो लेबलका साथै स्थानीय भार्वाचो ब्याडमिन्टन क्लबका सल्लाहकार र १ नं. वडा खेलकुद समितिका अध्यक्ष पनि हुनुहुन्छ। वहाँ २०५५ सालदेखि नगर खेलकुद समितिका सदस्य हुनुहुन्छ।

खेलकुद क्षेत्रमा लामो समयदेखि लाग्नु भएका खत्रीले देशका ३०-३५ जिल्लाको भ्रमण गरिसक्नुभएको छ भने थाइल्यान्ड, बंगलादेश र भारतको पनि भ्रमण गर्नुभएको छ।

गएको वैशाख ३१ गते सम्पन्न स्थानीय तहको निर्वाचनमा नेपाल मजदुर किसान पार्टीको तर्फबाट वहाँ भक्तपुर नगरपालिकाको वडा नं. १ को वडाध्यक्ष पदमा अत्यधिक मतले विजयी हुनुभएको छ। वहाँले १३७६ मत पाउनु भएको थियो भने वहाँका निकतम प्रतिद्वन्द्वीको मत ५०४ थियो। वहाँ भक्तपुर नगरपालिकाको युवा तथा खेलकुद समितिका संयोजकको जिम्मेवारी पनि सम्हालिरहनु भएको छ।

**अज्ञानीहरू रोगदेखि डराउँछन्**
**मूर्खहरू रोगलाई बेवास्ता गर्छन्**
**बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन्**
**सफा गर्ने बानी बसालौं**
**रोगदेखि टाढा बसौं।**

# k]d uf]kfn sdf{fo{

प्रेम गोपाल कर्माचार्यको जन्म २०१३ साल साउन ४ गते भक्तपुर नपाको सुकुलढोकामा भएको हो । उहाँ माता सुनकेशरी र पिता कृष्णगोपाल कर्माचार्यका एक्लो छोरा हुनुहुन्छ । उहाँका दुई दिदीहरू हुनुहुन्छ ।

वहाँका श्रीमती सुशिला कर्माचार्य, दुई छोरी र एक छोरा हुनुहुन्छ ।

वहाँले राजनीति शास्त्रमा स्नातकोत्तर उत्तीर्ण गर्नुभएको छ भने काठमाण्डौ रत्नराज्य क्याम्पसमा अंग्रेजी साहित्यको स्नातकोत्तरसम्म अध्ययन गर्नु भएको छ । अंग्रेजी विषयमा बी.एड. गर्नुभएका कर्माचार्यले शिक्षक पेशागत तालिम र श्रोत व्यक्ति तालिम प्राप्त गर्नु भएको छ । त्यस्तै वातावरण विषयमा ग्रीन क्याम्प नेपालद्वारा प्रदान गरिएको तालिम र भारतको अहमदावाद स्थित वातावरण शिक्षा केन्द्रबाट तीन महिनाको विशेष तालिम पनि प्राप्त गर्नुभएको छ ।

वहाँ अनिवार्य अवकाश प्राप्त शिक्षक हुनुहुन्छ । शिक्षण पेशाको क्रममा वहाँले भक्तपुरका विद्यार्थी निकेतन, शारदा, वागीश्वरी गरी झन्डै ४१ वर्ष सेवा गर्नुभयो । त्यसक्रममा शिक्षाको विकासको लागि वहाँले शारदा उमाविमा पाँच वर्ष विहान सञ्चालित कक्षा ११ र १२ को संयोजक भई काम गर्नुभयो । शिक्षण पेशाकै क्रममा वहाँ वीगीश्वरी अगुवा श्रोत केन्द्र र श्री पद्म श्रोत केन्द्रको श्रोत व्यक्तिको रूपमा ११ वर्ष सेवा गर्नुभयो ।

वहाँले विद्यार्थीहरूलाई वातावरण संरक्षणमा उत्प्रेरित गर्न, सामाजिक क्रियाकलापमा संलग्न गर्न र नेतृत्व विकासमा सहयोग पुऱ्याउन सामुदायिक र संस्थागत विभिन्न विद्यालयहरूमा वातावरण क्लवहरूको स्थापना र सञ्चालनमा योगदान पुऱ्याउनु भयो । त्यस्तै विभिन्न संघसंस्थाले सञ्चालन गरेका वातावरण सम्बन्धी गतिविधिहरूमा पनि सहयोग पुऱ्याएर वातावरण सम्बन्धी प्राप्त तालिमहरूलाई उपलब्धिमुलक रूपमा सदुपयोग गर्नुभयो । वहाँले वातावरणीय अध्ययन तथा अनुसन्धान गर्ने अन्तर्राष्ट्रिय संस्था इसीमोडको सहयोगमा ग्रीन क्याम्प नेपालद्वारा आयोजित गोष्ठीमा 'The Role of Eco-Club in Mountains Perspective' शीर्षकमा कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस्तै वातावरण सम्बन्धी अर्को संस्था ओइस्का (OISCA) नेपालद्वारा आयोजित कार्यक्रममा 'नेपालमा इको-क्लवको वर्तमान अवस्था' विषयको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

भारत, थाइल्याड र लावसको भ्रमण गर्नु भएका



प्रेम गोपाल कर्माचार्य समाजमा मृदुभाषी, शिष्ट र मिलनसार व्यक्तिको रूपमा चिनिनुहुन्छ भने विद्यार्थीहरू माझ कुशल शिक्षकको रूपमा परिचित हुनुहुन्छ । वहाँ नेपाल क्रानितकारी शिक्षक संघको सदस्य हुनुहुन्थ्यो भने शिक्षक संगठन भक्तपुरको सहसचिव पदमा उम्मेदवार हुनु भएको थियो । वहाँ अरनिको पुस्तकालयको संस्थापक सदस्य र नेपाल हृदय रोग निवारण प्रतिष्ठान भक्तपुरको विशिष्ट सदस्य हुनुहुन्छ ।

गएको वैशाख ३१ गते सम्पन्न स्थानीय तहको निर्वाचनमा वहाँ नेपाल मजदुर किसान पार्टीको तर्फबाट भक्तपुर नगरपालिकाको वडा नं. ५ को वडाध्यक्ष पदमा अत्यधिक मतले विजयी हुनुभएको छ । वहाँले १९९२ मत प्राप्त गर्नुभयो भने निकतम प्रतिद्वन्द्वीको मत ८५३ थियो ।

विनाशकारी भूकम्प २०७२ को बेला आफ्नो श्रोत केन्द्र अन्तरगतका सबै सामुदायिक तथा संस्थागत विद्यालयहरूको स्थलगत भ्रमण गरी क्षति संकलन गरी जिल्ला शिक्षा कार्यालय, भक्तपुरमा प्रतिवेदन बुझाउनुभयो । विभिन्न संघसंस्थाहरूसँग समन्वय गरी विद्यालयका शिक्षकहरूलाई मनोपरामर्श कक्षाहरू सञ्चालन गर्नुभयो । सामुदायिक विद्यालयहरूमा अस्थायी टहरा निर्माणमा समन्वय गर्नुका साथै विद्यार्थीहरूलाई शैक्षिक सामग्री वितरणमा क्रियाशील हुनुभयो ।

# dWosfln s gkfndf 6f]vf pkgu/sf] ;fdl/s l:ylt



देविचन्द्र श्रेष्ठ

नेपालको राजधानी काठमाडौं उपत्यकामा चौतर्फी जनसङ्ख्याको चाप बढ्दो क्रियाकलापका साथ गाउँ सहरको रूपमा रहेको टोखामा अभूतपूर्व वस्ती विस्तार भएको पाइन्छ । यसैको परिणाम केही वर्ष अगाडि टोखा नगरपालिका गठनको घोषणा भयो । त्यसपछि हालै भएको स्थानीय तहको चुनावमा टोखानगरपालिकाले पनि यथेष्ट चर्चा पाएको छ ।

परन्तु, यो कुरा कमै जनमानसले बुझेको छ, उहिले यस टोखाको पुरानो वस्ती कान्तिपुर महानगरको उपनगरका रूपमा विकसित भएको थियो । यसले पनि कान्तिपुर महानगर जस्तै गरी सुदृढ गढका रूपमा व्यवस्थित भएर अत्यन्त सामरिक महत्त्व राख्ने व्यापारिक नगरका रूपमा रहँदै आयो । यसको प्रत्यक्ष सम्पर्क तिब्बतको केरुङ नाकामा हुने नुवाकोट व्यापार केन्द्रसित रहेको थियो मध्यकालभरि नै । यसको पुरानो व्यापारिक गरिमा नेपालको एकीकरण पछि पनि घटेको थिएन ।

कान्तिपुर महानगरको उत्तरी भेकमा रहेको प्रसिद्ध उपनगरका रूपमा यस टोखा नगरीको चारै दिशामा रहेका किल्ला ढोकाहरूको ऐतिहासिक चर्चा अहिलेसम्म कतै भएको पाइँदैन । न त यसका पर्खाल तथा खाईहरूको चौतर्फी घेराबन्दीका अवशेषहरू अहिले कहाँ कहाँ रहेका छन् तिनको कतै चर्चित अध्ययन देखापर्छ । यसरी चारैतिर गढ किल्लाहरू भएर नेपालको मौलिक नगर निवेशका सिद्धान्तमा निर्मित पुरानो उपनगर टोखाको ऐतिहासिक छानविन यहाँको नागरिक जीवनकै अभिन्न अंगका रूपमा जान्नुपर्ने कुरा निर्विवाद छ ।

अतः प्राचीन टोखा उपनगरको ऐतिहासिक अध्ययन प्रस्तुत गर्ने प्रसङ्गमा यसको पूर्व-मध्यकालिक सामरिक स्थितिको चर्चा नगरी रहन सकिँदैन । त्यतिखेर, नेपाल मण्डलको राजधानी भक्तपुर अन्तरगत यस उपनगरमा रहेको गढभित्र घटेका ऐतिहासिक घटनाहरूको केही चर्चा गर्नु यहाँनिर उपयुक्त हुनेछ ।

भक्तपुर राजधानीमा युथनिमं दरबारमा बसेर नेपालको शासन गर्ने प्रसिद्ध अधिराज रुद्र मल्लको मृत्यु भयो ने.सं. ४४६ मा । उनका रानीहरू चारै जना सती गईन् । उनका सन्तानहरूमा छोरा कोही नबचेकाले एक मात्र छोरी नायक देवी नै बाबुको उत्तराधिकारी भइन् । यिनी पनि बालिका अवस्थामा हुनाले रुद्र मल्लकी आमा पदुमल देवीले पालन पोषण गरी हुकाईन् ।

सानैमा विवाह गर्ने उस वखतको चलन हुनाले यिनै नायक देवीको निमित्त काशीको राजवंशका कुमारहरू दुई जना डोलाजीका रूपमा भक्तपुरमा ल्याइए हरिश्चन्द्र देव र गोपालचन्द्र देव । तिनमा हरिश्चन्द्र देवसित नायक देवीको विवाह भयो । उनका भाइ गोपाल चन्द्र देवको चाहिं अर्की राजकुमारी कामादेवीसित विवाह भयो । यिनी कसकी छोरी हुन् त्यो भने खुल्न सकेको छैन ।

यसरी काशीबाट आएका हरिश्चन्द्र देव र गोपाल चन्द्र देव दुई दाजूभाइ भक्तपुरको युथनिमं दरबारमा राजनीतिक हैसियत राखेर बस्थे । अब संरक्षिका रानी पदुमलदेवीले आफ्ना नातिनी ज्वाईंहरूको सुरक्षा बन्दोवस्तका लागि राजेन्द्र पाल र यंपुटी भारोहरूलाई नियुक्त गरिन् । तब, राजकुमारी नायक देवीको पतिका हैसियतमा युथनिमं दरबारमा हरिश्चन्द्र देवको प्रभाव बढ्नु स्वाभाविक थियो । त्यतिखेर, उनलाई मन नपराउने केही बलिया भारोहरू पनि थिए भक्तपुरमा । त्यसै बीच ने.सं. ४५२ मा प्रभावशाली रानी पदुमलदेवीको मृत्यु भयो । यसबाट भक्तपुरमा हरिश्चन्द्र देवको पक्ष अलि कमजोर अवस्थामा रह्यो । अतः हरिश्चन्द्र देवलाई आफ्नो ससुराली दरबारमा बस्न पनि गाहारो पर्दै आयो । एक दिन उनका विरोधी थयित भारोले उनीमाथि युथनिमं दरबारमा नै हमला गर्दा उनी त्यहाँबाट भागेर कान्तिपुरतर्फ लागे । त्यहाँ पनि उनलाई सुरक्षित रहने अवस्था नरहँदा केही वर्षपछि विष खुवाएर मारिए ।

यसरी दाजु मारिएपछि उनका भाइ गोपाल चन्द्र देवले युथनिमं दरबारमा आफ्ना दाजुको उत्तराधिकार दाबी गरे । तर, यतिञ्जेल त्यहाँ शरणार्थी डोय कुमार जगत सिंहको पक्ष निकै बलियो भइसकेको थियो । त्यहाँ आफ्नो जोर चल्ने नदेखेर गोपाल चन्द्र देव भक्तपुर छाडेर ललितपुरमा आए । त्यहाँ मणिगल दरबारमा बसेका उनलाई ने.सं. ४५७ जेठमा जगतसिंहले आएर त्यहाँबाट निकाला गरे ।

यति भएपछि गोपालचन्द्र देवले ललितपुरमा आफ्ना पक्षका जोगराम मुल्मीलाई साथ लिएर टोखा गढमा प्रवेश गरी राजधानीविरुद्ध विद्रोह नै गरे ने.सं. ४६० पौषमा । उनका साथमा गढभित्र २० घोड्चढी सैनिक पनि थिए । गोपाल चन्द्र

देवको त्यो विद्रोह दमन गर्न भक्तपुर त्रिपुर दरबारबाट पनि तुरुन्तै टोखामा जवाबी हमला गर्दा गोपाल चन्द्र देव मारिए। उनको पक्षका जोगराम मुल्मी पक्राउमा परे।

उपर्युक्त घटनाको अतिरिक्त टोखाको किल्ला भित्र घटेका अरु पनि केही राजनीतिक घटनाहरूको चर्चा नेपाल राजवंशावलीमा परेका छन्। तिनको सान्दर्भिक ऐतिहासिक घटनासित जोडेर व्याख्या गर्न बाँकी नै छ।

अब नुवाकोट व्यापार केन्द्रमा तिब्बततर्फ कारोबार गर्ने महापात्रदर्जाका सामन्त पदाधिकारीहरू राजधानी भक्तपुरबाट नियुक्त भएर, टोखा उपनगरमा रहने प्रथा चलिराखेको पाइन्छ। नेपाल मण्डलका प्रतापी अधिराज यक्ष मल्लको मृत्यु ने.सं. ६०२ मा भएपछि भक्तपुरमा 'त्रिपुर राजकुल' को संयुक्त शासन प्रारम्भ भयो। त्यसको नेतृत्व रत्न मल्लले गर्ने अवसर पाउँदा उनी भक्तपुर राजधानी छाडेर आफै कान्तिपुर महानगरमा बस्न आए। यस प्रकार ने.सं. ६०४ देखि रत्न मल्ल कान्तिपुरमा आएर बस्दा भक्तपुरमा रहेको नेपाल मण्डलको राजधानी कान्तिपुरमा सारियो। यसको स्वाभाविक परिणाम कान्तिपुरमा रहेका महापात्रहरूको बाह्र कुटुम्वीय सामन्तशासन पनि समाप्त भयो।

अब कान्तिपुर महानगरमा बसेर पुस्तौनी तिब्बतमा व्यापार गर्ने र स्थानीय सामन्त पदाधिकारसमेत राखेका व्यापारिक घरानाहरूलाई तिनीहरूको सामन्त हैसियत खारेज गर्दा चित्त नबुझेर विद्रोह गर्ने जतिको व्यापार गुमस्ता पनि रहेन। जस जसले तिब्बतमा व्यापार मात्र गर्ने हैसियत सकार गरी यहाँ रहनेलाई तिनको दर्जा पात्र महापात्र नै कायम राखियो।

परन्तु, यस्ता पात्र महापात्र भनिने कान्तिपुरस्थित व्यापार घरानाको मान्यता कान्तिपुरमै रहेका 'त्रिपुर राजकुल' को शासकीय सत्ताले नै दिने भए। रत्न मल्लका पालादेखि कान्तिपुरबाट तिब्बतको केरुङ व्यापार केन्द्रमा कारोबार गर्ने व्यापारिक गुमस्ताहरूको भक्तपुरसित सम्पर्क नै टुट्यो। तिनीहरूको कारोबार टोखा उपनगर हुँदै नुवाकोटको बाटो गरी केरुङ नाका पुग्न केही सहज पनि भयो।

तथापि, यस उप नगर टोखामा पूर्व मध्यकालिक राजधानी भक्तपुरकै सांस्कृतिक प्रभाव अहिलेसम्म पनि कायम रहँदै आएको प्रत्यक्ष हुन्छ। टोखामा रहेको चण्डेश्वरी देवस्थल त्यतिखेरकै प्रभावमा स्थापित रहेको कुरा बुझ्न सकिन्छ। अनि, भक्तपुरको बिस्केट जात्राकै अनुकरणमा टोखामा लिङ्गो उभ्याई ढाल्ने जात्राको पनि परंपरा अहिलेसम्म जीवितै छ। त्यसैले, भक्तपुरको सांस्कृतिक प्रभाव टोखा उपनगरमा अधिराज रत्न मल्लको पालादेखि कान्तिपुरको प्रत्यक्ष राजनीतिक अधीनमा रहेर पनि हट्न नसकेको देख्ता यसबारे छुट्टै अध्ययनको विषय रोज्नु आवश्यक हुन्छ।

मध्यकालिक नुवाकोट-केरुङ व्यापार मार्गमा परेको टोखा उपनगरको एउटा चिनो यहाँको भीमसेन थानले अहिलेसम्म व्यक्त गर्दैछ। साथै, यहाँको पुरानो नेवार वस्तीमा नुवाकोटबाट आएर बस्ने अर्थात बसाइ सर्दै आएका हौं भन्ने परिवारको सङ्ख्या पनि मनग्य भेटिन्छ अहिले पनि। त्यसै हुँदा, टोखादेखि नुवाकोटसम्मको राजमार्ग निर्माणले पनि यसको पूर्व इतिहासलाई नै प्रतिनिधित्व गरिरहे झैं लाग्छ।

अब रत्न मल्लको समकालिक टोखा उपनगरको सामरिक स्थितिमा ऐतिहासिक अध्ययन हुन बाँकी रहे पनि ने.सं. ६४० मा उनको मृत्यु उपरान्त यस टोखा उपनगरको राजनैतिक हैसियत खोतल्ने केही प्रामाणिक दस्तावेजहरू हामीलाई उपलब्ध छ। यिनै ऐतिहासिक दस्तावेजहरूका आधारमा टोखाको अतीत, कान्तिपुर राज्यकै इतिहाससित जोडिराखेको तथ्य यहाँ उजागर गर्न लागेको छु।

टोखा उपनगरमा नेपाल मण्डलको पूर्व राजधानी भक्तपुरबाट सामन्त हैसियत राख्ने व्यापारिक घरानाको 'पात्र' नियुक्त गर्ने प्रथाको बदला रत्न मल्ले राजकुलकै कोही सदस्यलाई सोही व्यापारिक दर्जा मै कायम गर्ने प्रथा चलाएको छनक पाइन्छ। त्यसकै आधारमा रत्न मल्लको पनाति महेन्द्र मल्लको पालामा पनि टोखा उपनगरका लागि राजकुलकै एउटा हाँगोलाई 'पात्र' दर्जा दिएर नियुक्त गरेको ऐतिहासिक लिखत पत्र भेटिएको छ। राजा महेन्द्र मल्लले आफ्नै औरस छोराहरू शिवसिंह र रणजित सिंहलाई 'पात्र' दर्जा दिएर यस टोखा उपनगरको लागि राजकुलीय नायक नियुक्त गरिराखेको देखिने ने.सं. ६८८ को उक्त लिखत पत्रनै परिशिष्टमा समावेश गरिएको छ। पछिबाट शिवसिंहलाई 'महापात्र' दर्जामा पदोन्नत्ति गरियो भने रणजित सिंहलाई भने साविक पात्र दर्जामै कायम राखेको पाइन्छ। यसबाट शिवसिंहको राजकीय भूमिका केही माथि रहेको अनुमान हुन्छ। साथै, यस टोखा उपनगरकै जगा विशेष सरकार लाग्दा त्यसलाई राजा महेन्द्र मल्लले बिक्री गर्दा पनि तिनै शिव सिंह-रणजित सिंहले लिखत प्रमाणित गरेको पाइन्छ। त्यसो हुँदा महेन्द्र मल्लको अन्तिम राज्यकालसम्म यिनै शिवसिंह-रणजित सिंहको संयुक्त प्रशासन टोखाउपनगरमा कायम रहेको देखापर्छ। ने.सं. ६९४ मा महेन्द्र मल्लको देहान्त भएपछि युवराज सदाशिव मल्ल कान्तिपुरको राजा घोषित गरिएपछि यिनीहरूको भूमिका टोखामा पाइँदैन। सदा शिव मल्लले शिवसिंह-रणजित सिंहलाई कान्तिपुरको राजकुलमै राखेर-प्रभावशाली शासकीय भूमिकामा राख्दा शिवसिंहले राजा सदाशिव मल्लकै विरुद्ध विद्रोह गरी उनलाई गद्दीबाटै च्यूत गर्नेसम्मको संघर्षमा उत्रिए। यसमा

उनलाई भाइ रणजित सिंहले पनि साथ दिए। यसै विद्रोहको परिणाम सदाशिव मल्लले आखिरमा राजनैतिक शरण लिनु पऱ्यो भक्तपुरमा नै। शिवसिंहको यो विद्रोह ने.सं. ७००-७०१ बीचमा भएको स्पष्ट छ।

शिवसिंहले गरेको उपर्युक्त राजनैतिक विद्रोहमा उनका भाइ रणजित सिंह पनि सरिक हुनाले केही समय उनी दाज्युसित संयुक्त शासनमा देखापर्छ। तर, चाँडै नै यस द्वैध शासनबाट रणजित सिंह हट्नु पर्दा कान्तिपुरमा शिवसिंहको मात्र सर्वात्मना शासन स्थापित भयो।

यसरी टोखा उपनगरको नायक शिवसिंह मल्ल कान्तिपुर राज्यकै सार्वभौम सत्तामा उत्रन सक्नुको पछाडि के कस्तो सत्ता संघर्षको सूत्रपात कसरी भयो त्यसको राजनैतिक विश्लेषण भने नेपालको मध्यकालिक इतिहासमा अझसम्म भएको छैन।

## परिशिष्ट खण्ड

क) नेपाल राजवंशावलीबाट उद्धरणः

सं. ४६० पोष्य वदि
भोंत कस्त भा टोम् पीलिहा तिपुरन
दुन्तंता गुन्हुलिव टोंखा राज ल्हायाटोम्
खुन्हु सि व जोग्राम मुलमी सन्धी गोपाल चंन्द देवस वङ
टोखा कुंलन काया
सन्ती तिपुर हाथार वङ लिकाया
दुन्दुङ चोङ्ग्व स्मस्त लाङा
अफर सड म्हं २०
श्री गोपाल देवस म्वण्ड डेङा
जोग्राम मुलमीटों ज्वङ हा ॥ ॥

(मूल ग्रन्थः पृष्ठ ५० क)

ख) शिव सिंह वर्मन् (मल्ल)
टोखा उपनगरमा सामन्तपात्र
(ने.सं. ६८८)

१) श्रैयोस्तु ॥ सम्वत् ६८८ नष्ट वैशाष मासे ॥ शुक्ल पक्ष ॥ तृतीया यान्तिथौ ॥ श्री यंवु ब्रुमा यां श्री गामगुलंगे श्री योतुं बाहार कास्मिरिपतो पिंथछे गृह वास्तव्य लुंगु सिंह वंदेया नांम्ना सकासातः टोखा यंलाग तोलके कुसिंक्वछें गृह वास्तव्य जयकीत सिंह दुवार कस्य नाम्नेन शुक्रीयं सुवूर्न्यमानिकं दल लंषु क्षेत्र नाम प्रदेशे। प्रपात सिमायां पछिमतः श्री श्री राजकुरया क्षेत्रे -

२) न उत्तर त : हरिसंख दुवारया क्षेत्रेन पूर्वतः हाथ्वं गुथिया क्षेत्रेन दक्षिनतः एतेषाम्मधे ॥ चतुरोपनिकं क्षेत्राङ्कतोपि वु रोव ४ जुरो ॥ तत क्षेत्रस्य यथा देसकाल प्रवत्तमान संचाराघेन सुवर्ष्ण मूलमादाय स्वादिनान वतुकं न्याय न क्री विक्रीयतं भवति ॥ तत्रा धारनकस्य निमितेन यदि सकृतव्यावाड पीडा स्यात् तदा धारनकेन परिस्वधनीयञ्च (अत्र पत्रार्थे दृ) ष्ट साक्षि पा-

३) त्र श्री शिवसिंह वर्म्मनस पात्र श्री रनजीत सिंह वर्म्मनस, टोंछे रागजय संख दुवार हाम्लछें आशचंद नायक ॥ प्रते धारनया थ्व बु हङ्व भोगन चोंग्व ङयायस वो श्री श्री राजस दोहरपेस वो क्री विक्रीन काया जूरो ॥ तलपति मतकार न चोंग्व माल दाय स्थावस क्यने माल : ॥ शुभ ॥

*पछाडि-(दल लं) षु वुय (ा)*

***स्रोतः*** MF.Reel E 2011-40 राष्ट्रिय अभिलेखालय, 'पूर्णिमा' पूर्णाङ्क ७४ (सं. २०४५) संशोधितपाठ (लेखक)

**पुनश्चः**

यस ताडपत्रको बाँयापट्टि माथिल्लो छेउमा माटाको गोलो छाप जसको चारैतिर थोप्लैथोप्लाहरू छन्। त्यसभित्र माथि 'श्री' अक्षरको दाँया बाँया चन्द्र सूर्य, त्यस मुनि दाँया पनि 'श्री' बाँया पनि 'श्री' अक्षरका बीचमा त्रिशूल देखिन्छ, तल्लो भागमा 'वसाह' फुटिसकेकोले प्रष्ट देखिँदैन।-टिप्पन

**ग) महेन्द्र मल्लले गरिदिएको लिखतपत्र**

ने.सं. (अं. ६९२-९४)

१) स्वस्ति ॥ श्री श्री जय महेन्द्र मल्ल देव प्रभु ठाकुर सन श्री यंवु योतुं वाहार, कस्मीलपतो लं वन्ता गृह वास्तव्यं लुंगु सिंह वंदे, स एव कास्मील पतो (लं) .......

२) आदिन, मनिवंदेन भुक्त्रपं तक्वया, लुंगु सिहं वंदे देवसिंह वंदेया साखोन प्रसाख स्व आयत्त याङ क्री विक्रीन प्रसादारपा जूरो भाखा हङा ......

३) कृत, तंका चयातंका ८० दंम २२ दोहरपद प्रसादारपा जूरो ॥ अत्र पत्रार्थे दृष्ट साक्षि महापात्र श्री शिवसिंह वर्म्मनस पात्र श्री रनजित सिंह वर्म्म (नस) ....

(दाँयातिर खण्डित ताडपत्र)

***स्रोतः***राष्ट्रिय अभिलेखालयःबट्टा संख्या ६० क्रमसङ्ख्या८९० 'पूर्णिमा' पूर्णाङ्क ७४ (सं. २०४५) परिस्कृत पाठ (लेखक)

**पुनश्चः**

यस ताडपत्रको बाँयापट्टि माथिल्लो छेउमा तलमाथि गरी माटाको दुइटा छाप छन्। एउटामा चारैतिर थोप्लै थोप्लाका घेराभित्र माथितिर 'श्री' दाँया बाँया चन्द्र-सूर्य मुनितिर दाँया बाँया 'श्री' 'श्री' अक्षरका बीचमा त्रिशूल चिन्ह तलतिर वसाहा अंकित छ।

दोस्रो छापमा माथितिर दाँया बाँया चन्द्र सूर्य, त्यसमुनि दाँया बाँया 'श्री' 'श्री' अक्षर मुनि दुइटा हात्ती छन् बीचमा 'वज्र' चिन्ह अंकित छ।

-टिप्पन

# sflGtk'/sf ;kmn ef/bf/ gjdL;x+ /fhe08f/L



ओम धौभडेल

कान्तिपुरका राजा प्रताप मल्लको मृत्युपछि एकपटक कान्तिपुरको शासन कालमा राजाको प्रत्यक्ष प्रभाव कम हुन पुग्यो र प्रभावशाली मन्त्रीहरूको दवदवा रहन पुग्यो। कान्तिपुरको इतिहासमा देखिएका ती समयमा प्रभावशाली मन्त्रीहरूको उदय तथा पतन अत्यन्त रोचक अनि हृदय विदारक दुवै छन्। विशेष गरी प्रताप मल्लको मृत्युपछि कान्तिपुर दरबारमा विश्वम्भर उपाध्याय, उग्रमाल जोशी धार्मिक सांस्कृतिक क्षेत्रमा देखिए झैं राजनीतिमा लक्ष्मीनारायण जोशी, वंशीधर कुम्ह, नवमीसिंह भंडेल, बाबत भा, झगल ठाकुर जस्ता हस्तीहरू देखिएका छन्। यी प्रभावशाली मन्त्रीहरूको उदय तथा पतनले तत्कालीन कान्तिपुर राज्यको राजनैतिक इतिहास बुझ्न सजिलो भएको छ । त्यसमध्य एक नवमीसिंह पनि हो। नवमीसिंह को हुन् ? र उनको कान्तिपुरको राजनीतिमा के कस्तो भूमिका थियो। त्यसबारे थोरै मात्र अनुसन्धान भएको देखिन्छ। जसबाट नवमीसिंह मात्र हैन, कान्तिपुरको इतिहाससमेत ओझेलमा परिरहेको देखिन्छ।

मल्लकालमा राजाको ढुकुटी रेखदेख गर्ने पद हो राजभण्डारी, अथवा भंडेल। जसलाइ यहाँको स्थानीय भाषामा भारिजु पनि भनिन्छ। यिनै भण्डारीहरू पहिलेदेखि नै राजा तथा दरबारको विश्वासपात्रको रूपमा लिंदै आएको देखिन्छ। तर राजाको भण्डारे राजभण्डारीहरू कान्तिपुरको इतिहासमा चौतारा (हालको प्रधानमन्त्री) हुनु एउटा अनुसन्धान योग्य विषय बन्न आउँछ। यसको लागि एकपटक कान्तिपुरको इतिहासलाई फर्केर हेर्नुपर्ने हुन्छ। ने.सं. ७९४ मा प्रताप मल्लको मृत्युपछि उनका १२ वर्षको छोरा नृपेन्द्र मल्ल कान्तिपुरको राजा भए। त्यतिबेला त्यहाँ चिकुटी नै सर्वेसर्वा थियो। तत्कालीन समयमा मकवानपुरका राजा शुभसेनले कान्तिपुर, ललितपुर, भक्तपुरका राजाहरूलाई झैं चिकुटीलाई समेत हात्ती उपहार दिएबाट उसको शक्ति आँकलन गर्न सकिन्छ। यता ने.सं. ८०० तिर नृपेन्द्र मल्लको अल्पायुमा निधन भएपछि उनका भाइ प्रार्थीवेन्द्र मल्ल राजा बने। त्यसबेला पनि चिकुटी नै कान्तिपुरका शक्तिशाली चौतारा थियो। यता त्यही बेला कान्तिपुर दरबारका अर्का प्रभावशाली व्यक्ति लक्ष्मी नारायण जोशी षडगुण्यको खेलमा लागिपरेको थियो । यसै क्रममा ने.सं. ८०७ मा लक्ष्मी नारायण जोशीले विषबाट प्रार्थिवेन्द्र मल्लको अकालमै मृत्यु भयो। तर त्यसको दोष सबै चिकुटीलाई लगाई उनको विभत्स ढंगले हत्या भयो। यसपछि कान्तिपुरमा लक्ष्मी नारायण जोशीको प्रभाव यति बढ्न पुग्छ की मानौं ऊ नै त्यहाँका राजा हुन्। यति प्रभावशाली लक्ष्मी नारायण जोशीको पतन ने.सं. ८१० भाद्र पद पन्चमीको दिन भयो। उक्तदिन खसहरूको एक समूहले लखेटी लखेटी लक्ष्मी नारायण जोशीको हत्या गरिदिएको थियो। त्यसको नेतृत्व नवमीसिंहले गरेको थियो। त्यसपछि कान्तिपुरको चौतारा मानसिंह भए। वास्तवमा यहाँ लक्ष्मी नारायण जोशी जस्तो प्रभावशाली भारदारको पतनपछि उदाएको मानसिंह को हुन् ? अनि मानसिंह कसरी सत्तामा आउन सक्यो। त्यसबारे खोजविन गर्न सके नवमीसिंहको समेत इतिहास उजागर हुने तर्फ ध्यान दिन सकेको छैन। यो नै आजको प्रमुख आवश्यकता हो।

यहाँनेर ने.सं. ८१० भाद्र पद पन्चमीको घटनापछि कान्तिपुरको चौतारा बनेको मानसिंह कान्तिपुर नघलको ग्वाननीका राजभण्डारी खलकका हुन्। वास्तवमा मानसिंहलाई कान्तिपुरको चौतारा बन्नु पछाडि एक जना भारदारको प्रमुख हात थियो। त्यो भारदार अरु कोही नभएर उनै नवमीसिंह हुन्। कान्तिपुरको इतिहासमा ने.सं. ८०७ मंसिर कृष्ण तृतियाका दिन नवमीसिंहको नाम सर्वप्रथम उल्लेख भएको छ। त्यस दिन कान्तिपुरले नवमीसिंह, बाबत भा, वंशीधर कुम्हरलाई गोरखामा पठाएको एउटा टिपोटमा नवमीसिंहको पनि नाम परेको छ। उक्त सैन्य दलको नेतृत्व स्वयं नवमीसिंहले गरेको देखिन्छ। यसरी लक्ष्मी नारायण जोशीको मनपरी शासनविरुद्ध खसहरूको नेतृत्व गरी उनै नवमीसिंहबाट ने.सं. ८१० भाद्र पद पन्चमीको दिन लक्ष्मी नारायणको पतन भयो। त्यसपछि नवमीसिंह आफु नै कान्तिपुरको चौतारा बन्न सक्थ्यो। तर आफू नभई मानसिंहलाई

चौतारा बनाउनु पछाडि एउटै रहस्य लुकेको छ त्यो हो, नवमीसिंहले आफ्नो बाबु मानसिंह प्रति दर्शाएको सम्मान । वास्तवमा नवमीसिंहकै बाबु मानसिंह भएको तथ्य यहाँ खुल्न आएको छ । मानसिंह कति वर्षसम्म चौतारा भयो यसको केही पुष्टि हुन सकेको छैन । तर ने.सं. ८१६ तिर कान्तिपुरको चौतारा रघुवीर भन्ने व्यक्ति रहेको प्रमाण छ । र यहाँ रघुवीरको परिचय खुल्न सकेको छैन । ने.सं. ८१६ मा कान्तिपुरका बालक भुपालेन्द्र मल्लसित राजमाता ऋद्धिलक्ष्मी मकवानपुरमा हात्ती खेदा गर्न गएको मौका पारी भक्तपुर र पाटन मिली कान्तिपुरमा आक्रमण भयो । यो कुरा थाहा पाएपछि ने.सं. ८१६ माघ शुक्ल षष्ठीको दिन आमा छोरा तीनवटा हात्ती लिई कान्तिपुर फर्केछ र त्यही सालको फागुन कृष्ण सप्तमीको दिन रघुवीरलाई हटाई उही नवमीसिंहलाई कान्तिपुरको चौतारा बनायो । उनै नवमीसिंहको नेतृत्वमा कान्तिपुरले भक्तपुरको दक्षिण पश्चिम दिशामा पर्ने बाँभु भन्ने ठाउँमा आक्रमण गऱ्यो । यसरी कान्तिपुरको इतिहासमा बाबुपछि पहिलोपल्ट छोरा चौतारा बन्यो । जतिबेला नवमीसिंह चौतारा बनेको थियो, त्यतिबेला कान्तिपुरका बालक राजा भुपालेन्द्र मल्ल राज्य गर्दथ्यो । तर उता भक्तपुरमा भुपतिन्द्र मल्ल र ललितपुरमा योगनरेन्द्र मल्ल जस्ता प्रभावी राजाहरू राज्य गर्दथे र भक्तपुर ललितपुरको दाँजोमा हरेक क्षेत्रमा कान्तिपुरपछि परेको त्यो समयमा कान्तिपुरलाई सँगसँगै अगाडि लैजान नवमीसिंहको ठूलो भूमिका रहेको थियो । ने.सं. ८१८ मा कान्तिपुरका राजा भुपालेन्द्र मल्ल, पाटनका योगनरेन्द्र मल्ल र भक्तपुरको राजा भुपतिन्द्र मल्ल तीन जना राजाहरू मिली कान्तिपुरका गद्दार भारदार महादेव ओझा र कन्तु ओझालाई सजाँय दिन राखिएको ताम्रपत्रमा कान्तिपुरको तर्फबाट विश्वम्भर उपाध्याय र नवमीसिंह भारो साक्षी बसेका छन् । जहाँ नवमीसिंह कान्तिपुरका चौतारा हुन् । विश्वम्भर उपाध्याय कान्तिपुरका राजपुरोहित हुन् । नवमीसिंह शुरवीर लडाकु मात्र नभई एक सफल राजनीतिज्ञ पनि थियो । अनि विद्वान पनि । उनले कान्तिपुरको चौतारा छँदै विभिन्न विषयका ग्रन्थहरू समेत लेखेको छ । उनले लेखेका ग्रन्थहरूमा 'पुष्परत्नाकर' पनि एक हो । जुन ग्रन्थ विभिन्न फूलहरू सम्बन्धी मात्र लेखिएको ग्रन्थ हो । विभिन्न पुराण तथा तन्त्रका ग्रन्थहरूबाट सार निकाली ने.सं. ८२३ (वि.स. १७६२) पौष शुक्ल षष्ठी आदित्यबारको दिन अत्यन्त सुन्दर नेवारी लिपीमा तन्त्रचिन्तामणि जस्तो ग्रन्थ लेखेको छ । त्यसबाहेक उनले ठाउँ ठाउँमा आफ्नो कीर्तिहरू राखेको देखियो । उनले कान्तिपुरको थायमदु टोलमा नृत्यनाथ सँगै महादेवको मन्दिर र चिकं देवलसमेत बनाए । जुन चिकं देवलको वर्षवन्धन पूजा प्रत्येक वर्ष वैशाख शुदि २ को दिन गर्नुपर्छ भने सँगैको महादेवको मन्दिरको वर्षवन्धन आषाढ शुदि ६ को दिन गरिन्छ । उनै नवमीसिंहले स्थापना गरेको भएर मन्दिरको नामाकरण नै नमेश्वर महादेव पनि भएको छ । यता तामसी पाखाको शिवालय उनै नवमीसिंहले बनाएको भएर ठाउँको नाम नै नमसीपाखा समेत भयो । अनि उक्त शिवालयको नाम समेत नमसी देग भनिएको पाईन्छ । त्यस्तै उनले आफ्नो आगंदेवता कहाँ समेत विभिन्न गुठीहरू राख्ने काम गरे । आफ्नो जन्मदिनको अवसरमा राम नवमी पूजा गर्ने देखि महिना महिनामा गर्ने पूजा, आगम देवताको वर्षवन्धन पूजा, विशेष गरी उनका दुई श्रीमती रत्नेश्वरी र अन्नपूर्णलक्ष्मीबाट कुनै सन्तान जायजेथा नभएको सन्दर्भमा विभिन्न धर्मकर्मको काम गरे । यस्ता प्रसिद्ध चौताराको मृत्यु कहिले र कसरी भयो, उल्लेख छैन, यसै बीच ने.सं. ८२७ आषाढमा अनन्तसिंह भारो कान्तिपुरको चौतारा भएको देखिन्छ । अनन्तसिंह पनि अरु कोही नभई उनै नवमीसिंहका भाइ भएको समेत देखियो । यसरी आफ्नो बाबु मानसिंह होस् वा भाइ अनन्तसिंह कान्तीपुरको चौतारा हुनु पछाडि उनै नवमीसिंहको ठूलो देन छ । जसलाई कान्तिपुरको इतिहासमा मात्र नभई नेपालकै इतिहासको एक सफल पात्रको रूपमा लिन सकिन्छ ।

**सन्दर्भ सूची**

१.हनुमानढोकाको अप्रकाशित घटनावली- गौत्तम बज्र बज्राचार्य
२.मेडियभल नेपाल- डिल्लीरमण रेग्मी
३.आशासफू कुथिया अभिलेख ग्रन्थया वर्णनात्मक धलपौ
४.पासुका वर्ष ६ अंक २
५.अभिलेख अंक ४
६.ऐतिहासिक पत्र संग्रह भाग २
७.इतिहास संशोधन प्रमाण प्रमेय

**आवागमनमा अवरोध नपुऱ्याउन अनुरोध**

सडक बाटोको दायाँबायाँ पेटी र फुटपाथमा समेत पसलको सामान, डण्डी, रोडा, बालुवा, निर्माण सामग्रीलगायत अन्य सामानहरू राख्ने गरेको र सवारी साधनहरू समेत रोक्ने/पार्किङ्ग गर्ने कार्यले आवागनमा अवरोध भएको र वातावरण प्रदुषणका साथै दुर्घटनासमेत हुने गरेकोले त्यसरी सामान नराख्न र सवारी साधन पार्किङ्ग नगरिदिनुहुन सम्बन्धित नगरवासी, उद्योगी-व्यवसायी तथा सवारी धनी र चालकहरूमा भक्तपुर नगरपालिका अनुरोध गर्दछ ।

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

# सात दशक पहिलेको उपत्यका

सत्यमोहन जोशी, संस्कृतिविद्

७० वर्षपहिले उपत्यका कस्तो थियो होला ? अहिलेको उपत्यका हेर्दा नयाँ पुस्ता धेरैको मनमा यस्ताखाले जिज्ञासा आउँछन् ।


नयाँ पुस्तामा पुराना उपत्यकाबारे कौतुहलता जाग्नु स्वभाविक हो । कतिपयले काठमाडौं उपत्यका पहिले यस्तो थियो भन्ने पनि भेटेका होलान् । आजभन्दा ७० वर्षपहिले पनि काठमाडौं उपत्यका अहिलेभन्दा धेरै भिन्न थियो । जीवनशैली ग्रामीण थियो । अहिलका जस्ता अग्ला भवन थिएनन् । अहिले सिमेन्टका घर ठडिएका ठाउँमा उतिबेला धान, मकै, कोदो, फापर, तोरीलगायत अन्न उब्जाउ हुन्थ्यो । धेरै ठाउँमा चउर थियो । चउरमा उपत्यकावासीले गाई चराउने गर्थे ।

अहिले उपत्यकाका बाहिरका गाउँमा पाइने परिवेश पहिला काठमाडौंमै थियो । पुरानो काठमाडौं सम्झँदा रुन मन लाग्छ । समय परिवर्तनसँगै पुराना बस्ती मासिए । पुराना कला र संस्कृतिको संरक्षण गर्ने कोही भएन । हाम्रा खेतीयोग्य जमिनमा सिमेन्टका भवन ठडिए । नेपाली कला र सीपले निर्माण गरिएका वस्तु नासिए ।

२० वर्ष पहिलेसम्म पाटन मंगलबजारबाट जावलाखेलको चिडियाखानामा जनावर कराएको आवाज सुनिन्थ्यो । दिउँसो अपरान्हतिर चिडियाघरमा सिंह कराएको आवाज आउँथ्यो । घरबाट उत्तर र पूर्वका सेता हिमाल देखिन्थे । अहिले गगनचुम्ने भवनहरू बने । त्यस्ता दृश्य नियाल्न नसकिने भयो । घरमै बसेर नियाल्न सकिने सबै दृश्य अग्ला घरले छेके ।

पहिलोले उपत्यका लोभलाग्दो थियो । जताततै खुला चउरहरू देखिन्थे । पुराना शैलीका बुट्टेदार झ्याल भएका घर थिए । २०१५ सालतिर उपत्यकामा जम्मा ५ लाखको हाराहारी जनसङ्ख्या थियो । हेर्दै मन लोभ्याउने प्राकृतिक सौन्दर्यता थियो । काठमाडौंको रानीपोखरीदेखि त्रिपुरेश्वरसम्म एउटै चउर थियो । सुन्धारा क्षेत्रमा तीनवटा ढुंगेधारा थिए । ढुंगेधारामा पल्टनेहरू लुगा धुने तथा नुहाउने गर्थे । अहिले दशरथ रंगशाला भएको ठाउँमा पहिले दुई वटा कमलका पोखरी र खरीका बोट थिए । काठमाडौंको छाउनी, कालोपुल, लैनचौर, सुन्धारा क्षेत्रमा यहाँका स्थानीयले गाई चराउँथे । असनको गणेशस्थानमा सिरे नुनको ढिका राखिन्थ्यो गाईवस्तुले त्यै चाट्ने गर्थे । २०१३ सालमा ती पोखरी र खरिबोटको छेउमा बौद्ध सम्मेलन पनि भएको थियो । अहिले सबैको नामो निशाना छैन । पुरानो सहरको सुन्दरता पूरै गुम्यो । काठमाडौं सहर अस्तव्यस्त बन्यो । युनेस्कोले ३० वर्षपहिले उपत्यकाका तीन सहरलाई अति राम्रो, सफासुघर र पुराना कला कौशलले भरिएको भन्दै विश्व सम्पदा सूचीमा राख्यो । बीचमा यी सहरका दरबार क्षेत्र कुरूप बनेको र पुराना शैलीमा मन्दिर र पाटी मासिन थालेपछि युनेस्कोले खतराको सूचीमा राख्ने चेतावनीसमेत दिएको थियो । तर, हामीले अनुनय विनय गरेर खतराको सूचीमा नराख्न आग्रह पनि गरेका थियौं ।

*(साभारः नागरिक दैनिक २०७४ असार ५ मा शिवहरि घिमिरेसँगको कुराकानीमा आधारित)*



सन् १९७६ मा केभिन केलीले खिचेको भक्तपुर तालाक्व    तस्बिर स्रोत : फ्ल्यासब्याक

# ‘स्मार्ट सिटी’ होइन, नेपाल माफियाको स्वर्ग हुनेछ !

निर्जला

नेपालको जनतान्त्रिक र गणतान्त्रिक शासक दलका नेताहरूले २० वर्षसम्म स्थानीय स्तरका निकायहरूको निर्वाचनबारे पटक्कै ध्यान नदिई गाविस सचिवहरू र दलहरूका प्रतिनिधिहरूले कुनै योजनाविना हिजोका निर्वाचनमा प्राप्त मतको आधारमा बजेट भागवण्डा गरी एक पुस्ता राजनैतिक कार्यकर्ताहरूलाई अराजक बनाए तथा स्थानीय विकास अधिकारी र कार्यकारी अधिकृतहरूले ‘ज्यानको माया लाग्यो’ भन्दै अराजकता अगाडि दुवै हात उठाई दिए। २० वर्षसम्म स्थानीय विकास निर्माण भएन, युवाहरूले काम पाएनन् र घर–खेत बेच्न लगाई विदेशमा सस्तो ज्यामी पठाउने राजनैतिक दलका नेताहरूले शोषणको एउटा नयाँ क्षेत्र खुलेको अनुभव गरे। ७० लाख युवाहरू विदेशमा दुःख पाएर बसे पनि आफ्नो देशका राजनैतिक दलहरूकै छत्रछायाँमा बसिरहे। निर्वाचनमा आफू देशमा नफर्के पनि मोबाइलबाट आ–आफ्ना परिवार र नातागोतालाई कुन पार्टीलाई मत दिने हो भनी प्रभाव पार्दै गए।

सेना, प्रहरी, गुप्तचर विभाग, तलदेखि माथिसम्मका कर्मचारीतन्त्रमा शासक दलहरूको अनैतिक र अस्वाभाविक कालो छायाँका दागहरू व्याप्त रह्यो। समाचार पत्रहरूमा ठूल्ठूलै पदका व्यक्तिहरूले आत्मसमर्पण गरेको र जेल चलान भएका समाचारहरू पढ्दा वा जघन्य अपराधका फरार दोषीहरू सरकारहरूबाट उल्टा पुरस्कारजस्तै करोडौं रकम क्षतिपूर्ति पाउँदा संवेदनशील जनताले एकछिन सास रोकेसरह अनुभूति गरे।

यस्तो कहालीलाग्दो स्थितिमा ‘लाटाको पाइला बाटा’ मा भन्ने उखानअनुसार स्थानीय तहको निर्वाचनको घोषणा भयो। जनता र संवेदनशील समुदायले अब शासक राजनैतिक दलहरूबाट भ्रष्टाचार नहुने, पारदर्शी हुने, २० वर्षसम्म थुप्रेका जनताको समस्या छिट्टै समाधान हुने, खानेपानी, सडक, ढल, उपचारपोखरी र फोहर व्यवस्थापनबारे शासक दलका प्रमुख र उपप्रमुखहरूले आ–आफ्ना घोषणापत्रहरूमा आश्वस्त पार्ने अनुमान गरेका थिए। त्यस्ता आश्वासनहरू एकप्रकारको आत्मआलोचना सावित हुने थियो। तर त्यस्तो केही भनिएन र सुनिएन। अलि पढे–लेखेका जनता निरास भए।

चिया पसल, भट्टी, चौतारी र पाटीहरूमा, कहिलेकाहीं बसमा एकले अर्कोसँग सोधे– ‘होइन, ‘स्मार्ट सिटी’ भनेको के हो ?’ अर्कोले जवाफ दियो– ‘ठूलो सहर बनाउने भनेको हो क्या !’ तेस्रोले सोध्यो– ‘ठूलो भनेको कत्रो, भारतको कलकत्ता, बम्बई, दिल्लीजस्तो हो कि सुनेअनुसार जापानको टोकियो, चीनको शाङ्घाई, बेलायतको लण्डन आदि के हो ?’

६०–६५ नाघेका एक ज्येष्ठ नागरिकले जिज्ञासाको साथै अनुमान लगाए, –‘ए बम्बईजस्तो भयो भने त जनतालाई गाऱ्हो हुने भयो !’ उनले लामो सुस्केरा हाल्दै थिए, एक युवाले सोध्यो– ‘किन काका के गाऱ्हो हुन्छ, बम्बई जस्तो भयो भने किन गाऱ्हो हुन्छ ?’

‘ए, बाबु ! म पहिले बम्बईमा काम गरिसकेको व्यक्ति हुँ। बम्बई नाउँजस्तो कहाँ हो र ! ठूल्ठूला सहरहरूमा वेश्यालय कति छन् कति, जुवा–तास खेल्ने ठाउँ त्यस्तै, हत्या हिंसा, चोरी–डकैती त हामीले सास फेरेजस्तै हो। सडक पेटीमा सुत्नेहरू कति हो कति ! एकचोटि राजकपुर भन्ने सिनेमाको हिरोको ‘४२०’ भन्ने फिलिम थियो, बस त्यस्तै हो बम्बई। सोझा–सिधा, इमानदार र गरिब जनता बस्ने ठाउँहरू होइन– ठूला सहरहरू ! सरकारभन्दा हाजि मस्तान भन्ने कालाबजारी र अपराधीहरूले राज गर्ने ठाउँ हो क्या !!

यस्तै यस्तै छलफल र अनुमान गरियो साधारण जनताको माझमा – आफ्नो पालो पर्खिरहेको एउटा अस्पतालमा ‘स्मार्ट सिटी’ बारे भन्यो– त्यो त स्वर्गजस्तै हो, जापानमा यसरी बिरामीको पालो नै कुर्नुपर्दैन। एउटा यसो चुकुल दबाइ दिएपछि आफूले चाहेको खानेकुरा आफै आउँछ, पसलमा फोन गरेपछि चाहेको सामान घरमै पुऱ्याइदिन्छ।’

साधारण जनताले ‘स्मार्ट सिटी’ भनेको ‘मन चिन्ते झोली’ भन्ने कथा सम्झे। शासक दलका नेताहरूलाई घर–जग्गाका व्यापारी र निर्माण व्यवसायीहरूसँग बैठकमा भाग लिंदै ठिक्क, विदेश पठाएका युवाहरूबाट पठाइने डलरको हिसाब बुझ्दै ठिक्क ! अनि स्थानीय स्तरको निर्वाचनको घोषणापत्रमा व्यवहारिक र तत्काल जनताको समस्याबारे सोच्ने फुर्सद भएन। अनि सरकारमा भएका प्राविधिक र कर्मचारीतन्त्रका चतुरहरू फमाईदिए– ‘स्मार्ट सिटी’, ‘मेट्रो

सिटी', 'स्याटलाइट सिटी', 'ओभरहेड सिटी' !

जग्गा दलाल र भू-माफियाहरूले आ-आफूले सस्तोमा लिएका गाउँका जग्गा, खोला-नालाको घरलाई अन्तै मोडी जनतालाई हाहाकार मचाई दिएको क्षेत्रमा 'स्मार्ट सिटी' बनाउने प्राविधिक नक्सा र तस्बिरहरू देखाए, नेताहरूले बुझे पनि नबुझे पनि आ-आफ्नो घोषणापत्रमा राखिहाले। हाम्रा शासक दलका नेताहरू 'सम्राटको नयाँ लुगा' का पात्रहरू हुन् ।

पहिलो चरणको निर्वाचन देखिहालियो, निर्माण व्यवसायीहरू, भूमाफिया, बालुवाखानीका ठेकेदारहरू, गुण्डा र डन होइन माननीय भन्नुपर्ने नयाँ कार्यकर्ताहरू सक्रिय रहे, पहिलोचोटि उपत्यकामा घर-घरमा नून-तेल-चामल, महिलालाई चोलो-फरिया, लोग्ने मानिसलाई सर्ट र बियर अनि परिवारैपिच्छे एक मत बराबर १० हजार र २० हजार वितरण गरे। उपत्यकाको ४ ठाउँमा अब जनताले आ-आफ्नो जग्गा बेच्न पाउने भएन, घर बनाउन पाउने भएन, सबै योजनाअनुसार भू-माफियाहरूको हातमा पुग्यो। २-४ वर्षपछि काठमाडौं उपत्यकाको ठाउँ-ठाउँमा गरिबहरूको झुग्गी-झोपडीहरू पाइनेछन्। आफ्नो गाउँ आफ्नो हुनेछैन र आफ्नो नगर आफ्नो हुन छोड्नेछ - आफूले नचिनेका मानिसहरू आफ्नो मालिकजस्तै बन्नेछन्। अर्को शब्दमा आफ्नै देशमा आफै विदेशी हुनेछन् !

केही प्राविधिकहरू 'स्मार्ट सिटी' भन्दै लेखिएको मेक्सिको महानगरको उदाहरण दिन्छन्। त्यो संसारको सबभन्दा धेरै लागूपदार्थ उत्पादन हुने, ओसारपसार हुने देश हो। कालोबजारी, हत्या-हिंसाको गढ हो, प्रशासन असफल भएको हुँदा त्यहाँ सेना प्रयोग हुन्छ, व्यापार, नाफा, जुवा-क्यासिनो, भट्टी र नाइट क्लव, अपराध र सञ्चारको मेल भएको ठाउँ, खानेपानीको हाहाकार, धनी र बलियाको अगाडि गरिब र कमजोरहरू बाँच्न गाऱ्हो भएको ठाउँ हो त्यो। फोहरको अव्यवस्था, फुटेको ढल, घण्टौंसम्म मोटर जाम, अव्यवस्था नै 'स्मार्ट सिटी' को पर्याय हो।

२० वर्षपछि भएको स्थानीय तहको निर्वाचनमा भू-माफिया, कालाबजारी, बस-सिन्डिकेट, बालुवा ठेकेदार, खानेपानीका कम्पनीका मालिकहरू आदिले निर्वाचनको हार-जितको निर्णय गर्ने देखिएको छ। गाउँ र नगरका अलि खाइलाग्दो, बोलैया र पढे-लिखेका सरल युवाहरूलाई भोलि आफ्नो प्रतिद्वन्द्वी सम्झेर विदेश पठाई दिने 'गुण' लगाउँदै आएका छन् - लाखौं रकम लिएर !

नेपाल र नेपालीको भाषा, साहित्य, कला-संस्कृति र आफ्नो देशको परिचयको महत्त्व बुझ्ने बुद्धिजीवीहरू, राजनैतिक कार्यकर्ता र साधारण जनताले आफ्ना मठ-मन्दिर, स्मारक र जीवित सम्पदाहरूलाई जोगाउन सङ्घर्ष गरेनन् भने काठमाडौं उपत्यका ती सबै सम्पदाहरू बुल्डोजरले रातभरिमा भत्काएर एक कुनामा पुऱ्याउनेछन्, पाटी-पौवा, गहिरो ढुङ्गेधारा, रानीपोखरी, दुइँ पोखरी, कमलपोखरी, सिद्धपोखरी, कृष्ण मन्दिर र लायकुहरू एकादेशको वस्तु हुनेछन्। ती सबै स्मारक र धरोरहरू अन्तै एक कुनामा पन्छाउने छन् र ठेक्कामा दिनेछन्। जहाँ व्यापारीहरूले धार्मिक र पर्यटकहरूलाई ठग्नेछन्। नेपालको नाम अपराध कर्मको अर्को नाम हुनेछ। बाल-बालिका बेचिनेछन् र ज्येष्ठ नागरिकहरू वृद्धाश्रममा लाशको रूपमा रहनेछन्। अनि 'स्मार्ट सिटी' हरू भारत र अन्तर्राष्ट्रिय अपराधीहरू (माफिया) को स्वर्ग बन्नेछन्। *(साभारः 'मजदुर' दैनिक)*

**सफाइ अरुको लागि होइन हामी आफ्नै लागि हो ।**

## हार्दिक समवेदना



**स्व. रत्नमाया सुवाल**

**जन्म : १९८९ कार्तिक ९ निधन : २०७४ श्रावण २४**

यस नगरपालिकाका कर्मचारी गणेशराम सुवालका पूजनीय माता **रत्नमाया सुवाल**को दुःखद निधनमा गहिरो शोक व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारणको लागि हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**भक्तपुर नगरपालिका परिवार**

# भूगोल नचिन्नेले देश बनाउँदैन




कृतिका प्रजापति

झण्डै २ दशकपछि सम्पन्न स्थानीय तहको निर्वाचनको सर्वाधिक हल्ला गरिएको नारा भनेको नेपालमा स्मार्ट सिटी बनाउने, स्याटलाइट सिटी, काठमाडौंमा रेल गुडाउने र नेपालका सहरलाई पश्चिमा देशको जस्तै चिटिक्क परेको सहरको रूपमा विकास गर्ने आदि हो।

सूचना प्रविधि, सञ्चारमाध्यम, इन्टरनेट सुविधा, त्यहाँका स्रोतसाधनलाई सुरक्षित राख्दै सहरी विकास परियोजना भएको नगर 'स्मार्ट सिटी' हो। त्यस सुविधासम्पन्न सहरमा विद्यालय, पुस्तकालय, यातायात, अस्पताल, खानेपानी व्यवस्थापन, सञ्चार प्रविधि, फोहर व्यवस्थापन, कानुनी परामर्श केन्द्रलगायत अरु सामाजिक सुविधाहरू हुनेछन्।

काठमाडौं उपत्यकामा दश वर्षमा चार स्मार्ट सिटी बनाउने योजना अघि सारेको छ। काठमाडौं उपत्यकाका चार कोणमा अत्याधुनिक नयाँ सहर बनाउने र हालसम्म विश्वमा उपलब्ध सबैखाले सहरी सुविधा र सूचना प्रविधिको उच्चत्तम प्रयोग गर्ने नीति लिएर अगाडि बढेको छ। काठमाडौं उपत्यका विकास प्राधिकरणले १ लाख ३० हजार रोपनी क्षेत्रफल ओगट्ने गरी स्मार्ट सिटीको अवधारणा अघि बढाएको छ। भक्तपुरको पूर्व-उत्तरको १ लाख रोपनी जग्गा, पूर्व-दक्षिणमा अरनिको राजमार्गको सूर्यविनायकचोकदेखि १० हजार रोपनी, दक्षिण-पश्चिममा स्वयम्भूको १० हजार रोपनी, उत्तरी दिशाअन्तर्गत सामाखुशी, टोखा क्षेत्रलाई समेटेर व्यवस्थित र सुविधासम्पन्न सहर निर्माण गर्ने योजना ल्याएको छ। के उपत्यकामा साँच्चै स्मार्ट सिटीको खाँचो भएको हो त ?



भक्तपुरको पाँच तले मन्दिर

अरु देशमा राजधानी भन्ने बित्तिकै निकै सुविधा सम्पन्न र व्यवस्थित हुन्छ। सरसफाइ त उनीहरूको पहिलो प्राथमिकतामा पर्छ। सहरभित्रका बाटाहरू सानो नै भए पनि त्यसैलाई व्यवस्थित बनाएर आरामसँग हिंडडुल गर्न सक्ने र बस्नलायक हुने गरी विकास गरेको छ। व्यवस्थित बजार, व्यवस्थित पार्किङबारे उनीहरू थप सजग छन्। तर हाम्रो राजधानी निकै नै अस्तव्यस्त छ। अव्यवस्थित सहरीकरणका कारण राजधानी बस्न अयोग्य बन्दै गएको छ। देशभरका जनता राजधानी केन्द्रित भएर नै आज काठमाडौं उपत्यका अस्तव्यस्त बनेको हो।

नेपाल प्राकृतिक रूपले सुन्दर भूमि हो। अझ काठमाडौंको नौतले दरबार, पाटनको कृष्ण मन्दिर, भक्तपुरको पाँचतले मन्दिर, भक्तपुर दरबार स्क्वायरमा अवस्थित सिद्धिलक्ष्मी मन्दिर आदिको महत्त्व अतुलनीय छ। विदेशी पर्यटकहरू यहाँको प्राकृतिक सुन्दरता, हिमालको मनमोहक दृश्य र यहाँको विशेषतायुक्त कला संस्कृति अवलोकन गर्न लाखौं डलर खर्च गरेर नेपाल आउँछन्। विकासको कुरा गर्ने हो भने विदेशीहरू अति सुविधासम्पन्न ठाउँबाट आएको हुँदा उनीहरूलाई यहाँको आधुनिकतामा उति रुची हुने गर्दैन। हाम्रो कलाकृतिहरूमा हामीलाई त्यति वास्ता हुँदैन, दिनदिनै देखिरहने भएर पनि होला त्यसप्रति हामी त्यति चासो राख्दैनौं तर विदेशीहरू पृथ्वीको अर्को गोलार्द्धबाट त्यसैमा अनुसन्धान गर्न नेपाल भूमिमा आइपुग्छन्। ती मठ-मन्दिरको महत्त्व बुझेर नै होला उनीहरूले हाम्रो महत्त्वपूर्ण मठ-मन्दिरको नक्सा आदि सुरक्षित राखेका हुन्छन्। त्यसमाथि सांस्कृतिक

नगरीको वरिपरि जुन स्मार्ट सिटी बनाउने योजना छ, त्यसले काठमाडौं उपत्यकालाई नकारात्मक असर पुग्ने सम्भावना धेरै छ। हरियालीयुक्त ठाउँहरूमा नयाँ सहर बनाउन थालेपछि एक त वातावरण प्रदूषित हुँदै जान्छ, दोस्रो काठमाडौंको जनघनत्व झन् झन् बढ्दै जानेछ। अपराधको सङ्ख्या बढ्दै जानेछ। विदेशीकै सिको गरी विदेशी शैलीलाई प्राथमिकता दिन थालियो भने भविष्यमा त्यो साह्रै घातक सावित हुने कुरालाई सजिलै आँकलन गर्न सकिन्छ।




पाटनको कृष्ण मन्दिर

तस्बिरहरू : लेखिका

भूगोल नचिन्नेले देश बनाउँदैन  
इतिहास बिर्सनेले देश हाँक्दैन  
संस्कृति नबुझ्नले सभ्यता चिन्दैन

उपर्युक्त हरफ निकै सान्दर्भिक लागेर मैले यहाँ साभार गर्न उपयुक्त ठानें। निश्चय नै जसले कुनै ठाउँको भूगोल, इतिहास र संस्कृति बुझ्दैन, उसले त्यो ठाउँको विकास गर्छु भनी सोच्नु हावामा महल बनाउनु हो। जसरी कुनै विषयमा विशेषता हासिल नगरेको मान्छेले कुनै काम ठीकसँग गर्न सक्दैन, त्यसैगरी कुनै ठाउँ, नगर र गाउँको रहनसहन, महत्त्व नबुझी त्यहाँ टिक्नसम्म पनि मुश्किल हुनेछ। हाम्रा जति पनि विशेषज्ञहरू, बुद्धिजीवीहरूले स्मार्ट सिटीको नाममा काठमाडौंका चारैतिरको जग्गा अतिक्रमण गरी आधुनिक सहर बनाउने भनी हल्ला गर्दै हिंडेका छन्, त्यसले काठमाडौं उपत्यकामा विदेशी पूँजीको चलखेललाई बढावा दिनेछ। स्मार्ट सिटीमा आफ्नो मौलिकता हुँदैन। ठूल्ठूला भवनहरू त्यहाँ ठडिनेछन्। त्यहाँ जति पनि विकास निर्माणका कामहरू हुन्छन् ती सबैमा विदेशी पूँजीले भूमिका खेलेको हुनेछ। गरिबको जग्गा सस्तोमा अधिग्रहण गर्ने स्मार्ट सिटीको अवधारणाको उद्देश्य गरिबलाई आफ्नो गाउँ र सहरबाट विस्थापित गर्ने योजना हो। काठमाडौं उपत्यकाको भएभरको क्षेत्र बिक्री भइसकेपछि स्मार्ट सिटी बनाउन अब काठमाडौं ती क्षेत्रहरूमा जग्गा किनबेचमा रोक लगाउने निर्णय धनी पोस्ने सुरुवाती कदम हो। सरकारलाई उपत्यकामा जनघनत्व बढ्दा र काठमाडौं कुरूप हुँदा पनि कुनै मतलब छैन। कारण यसप्रति तिनीहरू गम्भीर नै देखिंदैनन्।




काठमाडौं महानगरको मेयरका आकांक्षी दीपेन्द्र कँडेलले प्रकाशित गर्नुभएको पुस्तकमा लेखिएको छ – 'कुनै पनि हालतमा महानगर, नगर र गाउँपालिकालाई पाँच वर्षमा 'स्मार्ट सिटी' बनाउन सम्भव छैन। स्मार्ट सिटी आगामी ३० वर्षसम्म बन्ने कुनै सम्भावना छैन। महानगर व्यवस्थापन गर्न समस्त उपत्यकाबाट २२–२६ लाख मानिसलाई सहज रूपले उपत्यका बाहिर बसोबासको बन्दोबस्त/व्यवस्थापन गर्ने नीति सरकारले ल्याउनुपर्छ।' यो ठम्याइको खण्डन स्मार्ट सिटीका समर्थकहरूले गर्नु आवश्यक छ।

कारण, काठमाडौं नगरबाट महानगर भएको तीनदशक पुग्न लागिसक्यो। तर अहिलेसम्मका सरकारहरूले काठमाडौंलाई बस्नयोग्य सहर बनाउन सकेका छैनन्। महानगरपालिका वा नगरपालिका भन्नासाथै सुविधासम्पन्न

सहरको परिकल्पना गरिन्छ, जसको सौन्दर्यबाट पर्यटकहरू आकर्षित होऊन्। सेवा-सुविधा, चुस्त सार्वजनिक यातायातको व्यवस्था, सुरक्षा आदिको ग्यारेन्टी हुनुपर्थ्यो। मनोरञ्जनस्थल, फन पार्क, सफा वातावरण तथा हरियाली त अनिवार्य जस्तै हो।

विडम्बना ! राजधानी अहिले पनि आधारभूत आवश्यकता र सुविधाको अभावबाट गुज्रिरहेको छ। कुनै पनि ठाउँमा योजनाबद्ध सहर विकास गरिएको छैन। काठमाडौं महानगरको अहिलेको दृश्य हेर्ने हो भने जाम, भीडभाड, पिउने पानीको अभाव, फोहोर र अव्यवस्थित सडक नै हो। बागमती र विष्णुमति फोहोर छ, मनहरा झन् झन् साँघुरो र फोहर हुँदै गएको छ। स्मारक क्षेत्र त ध्वस्त जस्तै छ। सहरमा जनघनत्व बढेसँगै अनेक समस्या थपिनु स्वाभाविक छ। सवारीसाधनको चाप बढ्यो, तर सडक बढेन। अव्यवस्थित सहरीकरण नै उपत्यका कुरूप र भद्रगोल हुनुको मुख्य कारण हो। आवासीय क्षेत्रमा व्यापार पनि हुन्छ, उद्योग कलकारखाना स्थापना भएका छन्। खेती योग्य जमिनमा भौतिक निर्माणहरू हुँदैछन्।

राष्ट्रको सम्पत्ति भनेको हामी सबै नेपालीको हो। यसलाई हामी सबै मिलेर संरक्षण र प्रवर्द्धन गर्नुपर्छ। उपत्यका बाहिरको क्षेत्रलाई हरियाली कायम राखी उपत्यकालाई स्वच्छ, हराभरा र बस्नलायक बनउन सके यसको पहिचान गौरवपूर्ण हुनेछ। हाम्रो देशलाई स्मार्ट सिटीभन्दा पनि मौलिक सहरको रूप दिनु आवश्यकता छ।

**भक्तपुर नगरलाई सधैं सफा-सुग्घर राख्नु हामी सबै असल नगरवासीको कर्तव्य हो।**


**चिनियाँ नीतिकथा**

## ड्र्यागन मार्ने सीप

चु फिङ ड्र्यागन मार्ने सीप सिक्न ची लिईकहाँ गयो। उसले आफ्नो सबै सम्पत्ति खर्च गरेर तीन वर्षसम्म त्यहाँ बसेर ड्र्यागन मार्ने सीप सिक्यो।

परीक्षामा ऊ उत्तीर्ण पनि भयो। तर ड्र्यागन त काल्पनिक जीव हो जो कथाहरूमा मात्रै पाइन्छ। यसैले चु फिङले सारा सम्पत्ति र तीन वर्ष मेहनत गरेर सिकेको सीपको उपयोग गर्न पाएन।

# बासिबियाँलो



कोठाभित्रकोकुना हो कि घर बाहिरको कुना ? दुवै हो रे ? नपत्याए यसै पृष्ठको अन्तमा हेर्नुहोस।

## सजिलै जोडफल

साथीलाई कुनै ५ अङ्कको सङ्ख्या लेखाउनुहोस्। दोस्रो लाईनमा तपाईले पनि ५ अङ्कको सङ्ख्या लेख्नुहोस्। तेश्रो लाइन साथीलाई ५ अङ्कको सङ्ख्या लेखाउनु होस्। चौथो लाईनमा तपाई र पाँचौ लाइनमा फेरि साथीलाई नै ५ अङ्क कै सङ्ख्या लेखाउनु होस्। यसो गर्दा साथीले नै उपरोक्त ५ अङ्कको ५ लाइनको जोडफलको धेरै मिल्दो उत्तर लेख्ने गर्छ। कसरी ?

साथीले पहिलो र तेश्रो लाइनमा ५ अङ्क जे लेखेपनि दोश्रो र चौथोलाइनमा तपाईले लेख्दा होस पुऱ्याउनु होस्। साथीले लेखेका अङ्कहरूमा तपाइँले लेख्दा प्रत्येक अङ्कमा जति जोड्दा ९ हुन्छ त्यही अङ्क लेख्नु होस्, उदाहरणको लागि साथीले ११११ लेखे तपाइँले ८८८८८ लेख्नुहोस्, ० लेखे ९ नै लेख्नुहोस्। अन्तिम अर्थात पाँचौ लाइनमा साथीले लेखेको सङ्ख्याको अन्तिम अङ्कमा २ घटाउँदा जति हुन्छ त्यो सङ्ख्या जोडफलमा लेख्नुहोस् र घटाएको २ लाई सबभन्दा अगाडि लेखेर राख्नु होस्। मानौं साथीले पाँचौलाइनमा **५९७१८** लेखे अन्तिम अङ्क ८ बाट २ घटाएर ६ लेख्नुहोस् र सङ्ख्याको सबभन्दा अगाडि २ राख्नुहोस्। उत्तर २**५९७१६** हुन्छ। यदि साथीले सबै ० लेखे भने मिल्दैन।

**उत्तर - हत्केलाले एक पटक चित्रको माथिको र अर्को पटक तल्लो भाग छोपेर हेर्नुहोस्।**

# मौलिकता विरोधीहरूको 'स्मार्ट सिटी'

आदित्य श्रेष्ठ

'लोभीको देशमा ठगहरू कहिल्यै भोको हुँदैनन्'। यो भनाइ धेरैले सुनेका छन् र भोगेका पनि छन्। त्यसैले असम्भव र फोस्रो आश्वासन बाँडेर शासक दलहरूले पटक पटक चुनाव जितेका छन्। तिनीहरूको आश्वासन 'आज नगद भोलि उधारो' भन्ने थाहा नपाएर वा बिर्सेर यस पटक त आश्वासन र घोषणापत्र लागू गर्लान् भनेर मत दिन्छन् तर 'कुकुरलाई मासु पैंचो' दिएको स्थिति व्यहोर्दै आकाशको फल मै चित्त बुझाउँछन्। त्यसो नहुँदो हो त यो देश उहिल्यै स्वीजरल्यान्ड र सिंगापुरजस्तो बनिसक्थ्यो, जनताले जग्गा विनाको लालपुर्जा च्यात्नुपर्ने थिएन, चार तोला सुनको आशा गरिरहने थिएनन्, स्वास्नीको बाटो हेरिरहने थिएनन्,...। तर यथार्थमा 'लोभी' हरूलाई झुक्याउन र ठग्न शासक दलहरू त्यस्तै आश्वासन बाँड्ने प्रतिस्पर्धा गर्नमा खप्पिस भइसकेका छन्।

सन्दर्भ स्थानीय तहको निर्वाचनमा हल्ला गरिएको 'स्मार्ट सिटी' को हो। 'स्मार्ट' को अर्थ चलाक, बाठो, गुन्डो ... बाहेक केही मिल्दो खोज्दा छरिछाँटको, छाँट परेको, चिट्ट, च्याट्ट, अग्रगण्य आदि देखिन्छ भने 'सिटी' को अर्थ सहर, नगर हो। त्यसलाई नेपालीमा भन्दा केही बिग्रने थिएन, कम्तिमा भाषागत मौलिकता हुन्थ्यो, आयातित हुँदैनथ्यो, नेपालीपन झल्किन्थ्यो। तर विदेशी भाषामा भनेपछि विदेशीको चाकडी हुने, विदेशी खुसी हुने र स्याबासी पाउने भएर हो कि ? आफ्नो भाषामा सुविधासम्पन्न सहरको नामाकरण नै गर्न नसक्नेहरूले अत्याधुनिक सहर विकास गर्ने कुरा कतै 'मोही नदिनेले दही दिन्छु' भने जस्तै हुने त होइन ?

'स्मार्ट सिटी' को परिभाषा आजसम्म विश्वमै बनेको छैन। त्यसैले देश अनुसार, विज्ञअनुसार यसको अर्थ फरक छ, आ–आफ्नै छ। चार अन्धोले हात्ती छामेको कथामा जस्तै सबै ठीक, सबै बेठीक। 'स्मार्ट सिटी' कस्तो भन्दा उदाहरणको रूपमा कसैले मेक्सिको सहरलाई औंल्याएका छन्। त्यो सहर विश्वमै प्रदूषित सहर हो, अपराधीहरूको 'स्वर्ग' हो। के हाम्रो 'स्मार्ट सिटी' त्यस्तै बनाउन भनेको हो ? घोर आश्चर्य !! यद्यपि यस्तो बस्तीमा विश्वमा उपलब्ध **सबैखाले** सहरी सुविधा र सूचना प्रविधिको **उच्चतम** प्रयोग हुने, आधुनिक सूचना प्रणालीसँगै पार्क, हरियाली र वातावरणमैत्री तथा प्रदुषणरहित सहर, सूचना प्रविधिको अधिकतम प्रयोग गरेर विकसित सहरी पूर्वाधार विकास भएको सहर, न्यूनतम पूर्वाधार विकास गरेर सबैखाले काम सूचना प्रविधिमार्फत गर्न सकिने सहर, धेरै जनतालाई मितव्ययी र व्यवस्थित ढंगले सेवा र सुविधा समयमै प्रवाह गर्न सकिने खालको व्यवस्थासहितको सहर, सबैखाले पूर्वाधारलाई सूचना प्रविधिसँग एकीकृत गरेर हरेक सेवा घरैमा बसीबसी लिन सकिने र खानेपानी, स्वास्थ्य, शिक्षा, व्यापार, यातायातलगायत सबै सेवा सूचना प्रविधिसँग जोडिएको सहर ... लाई 'स्मार्ट सिटी' मान्न सकिने, भन्न सकिने, हुने सम्बन्धित विज्ञहरूले बताएका छन्। यी मान्यता, भनाइ र अनुमानहरूको आधारमा 'स्मार्ट सिटी' मा सबै सुविधा सूचना प्रविधिमार्फत सहजै प्राप्त हुने देखिएको छ– पढ्दा त रमाइलो नै लाग्यो। तर व्यवहारमा आउला ? कुर्सीको लागि कुकुर झगडा गर्नेहरूले यस्तो सहर बसाउला वा इर्ष्याको कारण बसाउन देला ?

देशलाई स्वीजरल्यान्ड, सिंगापुरजस्तो बनाउने, 'नयाँ नेपाल', उपग्रहबाट बिजुली निर्यात गर्ने, पानी जहाज र घर–घरमा ग्यसको पाइप पुऱ्याउने ... जस्ता 'आकाशको फल' बाँड्न लाज लागेर शासक दलहरूले 'स्मार्ट सिटी', 'मेगा सिटी', 'मेट्रो सिटी', 'स्याटलाइट सिटी' .... को कुरा गरेको देखिन्छ। त्यसैले यसको नियति लहैलहैमा ल्याइएको नयाँ शिक्षा योजना जस्तो हुने देखिन्छ अथवा रहरमा घोषणा गरिएको खुलादिसा मुक्त क्षेत्र, साक्षर जिल्ला जस्तै हुनेछ। त्यस्तो नभए पनि 'स्मार्ट सिटी' सबै नेपालीको लागि पक्कै हुने छैन। त्यहाँ सामान्य नेपालीको जीवनस्तरसँग मेल खाने, व्यहोर्न सकिने कुनै कुरा हुने छैन। त्यो त 'सबै भन्दा भ्रष्ट राजनीतिक क्षेत्र' का भ्रष्ट नेता, कर्मचारी, पूँजीपति, जमिनदार, तस्कर, कालाबजारी, ... सारमा रातारात धनी हुने व्यक्तिहरूको लागि मात्र सहज हुनेछ। त्यसैले भोलि 'स्मार्ट सिटी' को उपनाम भ्रष्ट सिटी, तस्कर सिटी, कालाबजारी सिटी भएमा कुनै आश्चर्य हुने छैन। सर्वसाधारण नगरवासी अथवा जनताको हित र सुविधा वृद्धिमा लगानी गर्नुपर्ने नगर वा सरकारको बजेट मुठ्ठीभर व्यक्तिको सुविधामा खर्चिनु र लगानी गर्नु कुनै पनि स्थानीय वा केन्द्रीय सरकार र विवेकशील जनप्रतिनिधिको सच्चरित्र र सदाचार हुन सक्दैन।

गएको स्थानीय तहको चुनावमा भागलिने सबै दलहरूले 'स्मार्ट सिटी' को हल्ला गरेका छैनन्। नेपाल मजदुर किसान पार्टीले देशको मौलिक संस्कृति र सम्पदा, सफा र स्वच्छ नगर,

शिक्षा र स्वास्थ्य, पारदर्शिता, पक्षपातरहित सुविधा र सहलियतसहितको नमुना वा आदर्श नगरको लक्ष्य र उद्देश्य बनाएको छ। अर्को शब्दमा अरुको नक्कल गरेका छैनन्, सुकुल गुण्डे आश्वासन दिएका छैनन्। गर्न सकिने र गर्नुपर्ने व्यावहारिक योजना र कार्यक्रमहरूलाई जनतासमक्ष राखेका छन्। सचेत मतदाताहरूले त्यसलाई विश्वास पनि गरेका छन्। किनभने हाम्रो मौलिकता र विशेषता भनेको हाम्रो संस्कृति र सम्पदा हुन्। समयको अन्तरालमा, मानवीय कर्तुत र भूकम्पले बिग्रे–भत्केका स्मारक र सम्पदाको जीर्णोद्धार र पुनःनिर्माणका कुरालाई महत्त्व दिएका छन्, ढल निकास, खानेपानी र सरसफाइलाई प्राथमिकता दिएर नगर र नगरवासीलाई स्वच्छ वातावरणमा स्वस्थ र सहज जीवन यापनको लागि प्रतिबद्धता व्यक्त गरिरहेका छन्, प्रयास गरिरहेका छन्।

वस्तुतः 'स्मार्ट सिटी' को अवधारणा बनाउने वा अनुमान गर्ने या हल्ला गर्नेहरूले वर्तमान स्थितिमा सुविधा कसरी उपलब्ध वा व्यवस्था गर्ने भन्ने तर्फ पटक्कै सोचेको देखिएन। घुम्ने मेचमा बसेर मुट्ठीभर व्यक्तिहरूको ऐश्वर्य र वैभव जीवनको लागि बहुमत जनताको हितलाई बलिदिन खोजेका छन्। साँच्चै भन्ने हो भने उर्वर र हराभरा काठमाडौं उपत्यकालाई बन्जर र मरुभूमि बनाउन खोजेका छन्। त्यतिमात्र होइन काठमाडौं उपत्यकामा यहाँको भूगोल, इतिहास, वातावरण, भूमि र बहुमत जनताको प्रतिकूल र अहितमा जवर्जस्ती 'स्मार्ट सिटी' बनाए पनि त्यो 'स्मार्ट' हुन सक्ने देखिन्दैन। केही समय पहिले नेपालको पर्यटन उद्योगको विकासबाट तिर्मिराएका केही भारतीयहरूले काठमाडौंलाई मेक्सिको जस्तै प्रदूषित सहर भनेर हल्ला गरी पर्यटकहरूलाई बिच्काउन खोजेका थिए। तर पर्यटकहरूले त्यस हल्लामा विश्वास गरेनन् र हाम्रो पर्यटन उद्योगले निरन्तर गति लियो। महाभूकम्पको कारण घटेको पर्यटक आगमन पनि उकालो लाग्न थालेको छ। त्यसो त देशको अर्थतन्त्र बलियो बनाउने पर्यटन उद्योगको विकास 'स्मार्ट सिटी' बाट हुन सक्दैन। 'स्मार्ट सिटी' हेर्न कुन देशका पर्यटक आउलान् र ?

काठमाडौंको नाम अचेल पानी पर्दा 'हिलोमाडौं' र घामलाग्दा 'धूलोमाडौं' प्रचलित छ। अनियन्त्रित बढ्दो जनसङ्ख्याको कारण सडकहरू ढल बनेका छन्, नदीहरू 'मृत' भएका छन्। भोलि 'स्मार्ट सिटी' पनि 'हिले सिटी' र 'धूले सिटी' हुँदैन कसरी भन्ने ?

उपत्यकाका सबै नदीहरू प्रदूषित छन्। त्यसको वातावरणीय र पर्यावरणीय असरबाट 'स्मार्ट सिटी' लाई कसरी बचाउन सकिन्छ ?

काठमाडौं उपत्यकाको जनसङ्ख्या वातावरणीय र सेवा–सुविधाका दृष्टिले क्षमताभन्दा अहिले नै बढी भैसकेको छ, जनसङ्ख्या सन्तुलन गर्न विस्थापित गर्नुको साटो अझै निम्त्याउने कामलाई कसरी बुद्धिमानी भन्ने ?

उपत्यकाको फोहोरमैला व्यवस्थापन गर्न सकेको छैन। 'स्मार्ट सिटी' को हल्ला गर्ने शासक दलहरूले हिजो त्यही फोहोरमा समेत राजनीति गरेका थिए। त्यस्ताले 'स्मार्ट सिटी' लाई के स्वच्छ–सफा राख्न सक्ला ? कतै 'स्मार्ट सिटी' लाई पनि नगरका विभिन्न ठाउँलाई झैं 'डम्पिङ सिटी' बनाउने त होइन ?

जलश्रोतमा धनी भएर पनि पहाड र दुर्गमका मात्र होइन राजधानीवासी पनि काकाकुल छन्। 'स्मार्ट सिटी' का वासिन्दा मात्र के अपवाद होलान् ? राजधानीवासीलाई पानी खुवाउन नसक्नेहरूले कतै मेलम्चीको पानी 'स्मार्ट सिटी' को लागिमात्र सुरक्षित र आरक्षित गर्ने हो कि ?

यी पंक्ति लेखिरहँदा राजधानीको सडकमा बनेको 'खोला' ले एक बालिकाको ज्यान गएको, बगाइएका एक बालिकाको उद्धार गरिएको, सडक भनिएको खाल्डाहरूमा परेर दुर्घटनाहरू भएको .... समाचार सञ्चार माध्यमले दिइरहका छन्। महानगरपालिकामा ढल निकासकोसम्म उचित व्यवस्था हुन सकेको छैन। 'स्मार्ट सिटी' मा ढलको पाइप बिछ्याउँदैमा व्यवस्थापन हुन सक्दैन, निकास खत्तम छ।

'स्मार्ट सिटी' को अवधारणा वा अनुमान गर्नेहरूले गरेको परिभाषामा 'सूचना प्रविधि' लाई छुटाएको देखिन्दैन। तर १८ घण्टासम्म लोडसेडिङ, नेपालको बिजुली सस्तोमा बेचेर महँगोमा किनी काठमाडौं उपत्यकामा 'लोडसेडिङ' अन्त्यको नाममा झ्याप्प झ्याप्प 'लोडसेडिङ' गर्नेहरूले 'स्मार्ट सिटी' मा कस्तो सुविधा देला ?

घर बसी बसी सबैखाले सुविधा सूचना प्रविधिबाट उपलब्ध हुने बताइएको छ। तर दूरसञ्चार सेवा प्रदायकहरूले एउटा इन्टरनेट लाइन १६ जनासम्मलाई वितरण गरेर कछुवा गतिको त्यो पनि बिजुली झैं झ्याप्प डिस्कनेक्ट हुने इन्टरनेट चलाइरहेकाहरूले कस्तो 'स्मार्ट' सुविधाको अपेक्षा गर्ने ?

'स्मार्ट सिटी' को परिभाषामा लेखिनु र व्यवहारमा पाउनु एउटै हुनसक्दैन। अनुमान र हल्ला गर्नेले जे पनि भन्न र लेख्न सक्छन् तर कान नछामी कागको पछि सबै दौडिन्छ भन्ने होइन।

यर्थार्थमा 'स्मार्ट सिटी' मौलिक सम्पदा र संस्कृति, पुर्खाको सभ्यता, सीप र कला विरोधीहरूको कुमतिबाट जनित सोचको उपज हो। अर्को शब्दमा दास मानसिकताको परिचय हो। देशलाई 'स्मार्ट सिटी' होइन अद्वितीय र उत्कृष्ट धरोहरको संरक्षण र सम्वर्द्धन आवश्यक छ। तर संरक्षण गर्न अक्षम, लाचार र भगुवाहरू आफ्नो संस्कृतिहीनतालाई ढाकछोप गर्न नै 'स्मार्ट सिटी' को हल्ला गरेर जनताको ध्यान अन्यत्र मोड्न खोजेका देखिन्छ।

नागरिक भावना

# विषादी

हेमन्त

असारको महिना झम्झम् पानी पर्दै थियो। किसानहरू कुटो कोदालो बोक्दै छिटो छिटो खेततिर जाँदै थिए। समाजसेवी रामदाइ पनि सानो छाता ओढेर बजारतिर जाँदै थिए। सायद उनी तरकारी किन्न हिँडेका होलान्।

'के गर्ने ल ? न किनूँ निस्तै खाना खानु पर्ने बाध्यता, किनूँ थरि थरिको रोगले सताउला कि भन्ने चिन्ता। साह्रै अप्ठ्यारो स्थिति सिर्जना भयो बाऽऽ आजभोलि। त्यसमाथि छुनै नसकिने महँगी छ।'

बजार हिँडेका रामदाइ बाटैमा उभिएर एक्लै बरबराइरहेका थिए।

'किन बौलाहा जस्तो बरबराउँदै हिँड्नु भाको भाइ, के भो ?'

बाटो हिँड्दै गरेकी चञ्चला काकीले आश्चर्य मान्दै सोधिन्।

हँ ! राम दाइ झस्किए र अक्मकिँदै चञ्चला काकीको अनुहार पुलुक्क हेर्दै मुसुक्क हाँसे।

'तरकारी किन्न भनेर बजार आएको त छुनै नसकिने भन्या काकी, के गर्नु।' राम दाइले अप्ठ्यारो मान्दै बजार आउनुको कारण सुनाए।

'ए, त्यसो भए केही नि किन्नु भएन त तरकारी ?' चञ्चला काकीले रामदाइको झोलातिर हेर्दै सोधिन्।

'किनेँऽ यी ५० रूपैयाँको ५ मुठा फर्सिको मुन्टा। के खान सकिन्छ र अहिलेको जमानामा अरू।' हातको झोला देखाउँदै रामदाइले जवाफ फर्काए।

कुराकानी गर्दै दुवै चोकको पाटीनिर आइपुगे। काकीले पाटीको डिलमा गाग्री अड्याइन, रामदाइ पनि छाता बन्द गर्दै पाटीमा उक्ले।

'न हरियो सागपात खान योग्य छ न त फलफूल नै र सबैमा विषादीको प्रयोग गरेको हुँदो रहेछ। न किनूँ तरकारी–फलफूल खान नपाइने भो, किनेर खाऊँ विषादीको डर मानिमानिकन खानु पर्ने भो काकी अब।' राम दाइले दुःख व्यक्त गरे।

'के गर्नु भाइ र जमाना नै उल्टो भइसक्यो। विषादी प्रयोग नगरिकन तरकारी उत्पादन नै गर्न नसकिने रहेछ। पोहोर साल ५ रोपनी खेत बहालमा लिएर गोलभेडा खेती गरेका थियौँ। भुसुक्कै भयौँ नि, ड्याक परेर।' चञ्चला काकीले आफ्नो विगतको समस्या सुनाइन्।

'कसरी ड्याक पऱ्यो नि ? बिक्री नै भएन कि ?' आश्चर्य मान्दै रामदाइले सोधे।

'कहाँ बिक्रीको कुरा ! एकगेडो गोलभेडा पनि सद्दे फलेन नि। उपभोक्ताको स्वास्थ्यमा हानि होला भनेर विषादी प्रयोग नगरिकन कम्पोष्ट मल मात्रै हालेको थिएँ, परिवारका सबै लागेर मिहिनेत नि गरेका थियौँ, गोलभेडाका बोट पनि राम्रै थिए तर फल लाग्ने बखतमा सारा कीरा फट्याङ्ग्रा जम्मा भएर हाम्रो गोलभेडा बारी सखाप पारिदियो नि। आजसम्म बैंकको ऋण तिर्न सक्या छैनौँ। साह्रै आपत पऱ्या छ हामीलाई।'

'गोलभेडा खेती नै किन गर्नु भो त ?' रामदाइले प्रश्न गरे।

'अरूहरूले गोलभेडाबाट धेरै आम्दानी गरको देखेर लोभ जाग्यो नि भाइ। विषादी प्रयोग नगरी नहुने रहेछ भन्ने कुरा थाहै भएन। छोराछोरीले पनि तरकारीमा विषादी प्रयोग गर्नु हुन्न, नागरिकको स्वास्थ्यमा नराम्रो असर पर्ला भन्दिए। कहिले खेतीको काम गरेको भए पो ज्ञान हुनु, अनुभव नै थिएन अनि ड्याक पऱ्यो नि। अब कसलाई दोष दिऊँ।' चञ्चला काकीले दुखेसो पोख्दै वृतान्त सुनाइन्।

'के गर्नु है ! नागरिकको स्वास्थ्यमा खेलबाड गर्नेले नाफा कमाए। नागरिकको स्वास्थ्यमा असर पार्नु हुँदैन भन्नेको नोक्सान भयो। नजानिए पछि यस्तै हुँदो रहेछ। 'सत्यको बाटो हिँड्नेलाई तीन कोर्रा' भन्या यही हो तर जस्तोसुकै अप्ठ्यारो स्थिति आए तापनि सत्यको बाटो छाड्नु हुन्न है काकी। विषादी विनाको तरकारी उत्पादन गर्नेहरूको अन्तमा जय हुनेछ।' रामदाइले चञ्चला काकीलाई सान्त्वना र हौसला दिँदै भनेँ।

'यस्तै सोचेर त मन थाम्दै छौँ नि भाइ ! दुःख पऱ्यो भन्दै रुन भएन तर बजारमा सक्कली वस्तु पाउनु पऱ्यो नि भाइ। विषादी विनाको तरकारी, फलफूल पाउन मात्रै मुस्किल पऱ्या हो र ? मान्छेहरू पनि कस्ता छन् नि विरामी भएर मरेका खसी, बोका, राँगा र भैँसीको मासुसमेत बाँकी राखेनन् भन्या, कस्तो आश्चर्य ! अब विचार गर्नुस् भाइ यो जिल्लामा गाई, भैँसी, बोका–बाख्री आदि कुनै वस्तुभाउ कालले मरेनन् होला त ! तिनीहरू सबै चिरञ्जिवी हुन् त ? कतै कुनै मरेका सिनो त देखिन छाडे अब। किन होला, अब शंका गर्नु परेन ? आकाशमा चील, बाज, गिद्धहरू पनि देखिन छाडे। खान नपाउने ठाउँमा किन बस्थे त तिनीहरू ➲➲

# १२ अर्ब करमा १० अर्ब छुट !

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले ८ जेठमा कर फर्स्योट आयोग, ०७१ का अध्यक्ष लुम्बध्वज महत र सदस्य उमेशप्रसाद ढकाललाई पक्राउ गर्न सार्वजनिक सूचना जारी गरेको छ। आफ्नो स्थापनाको इतिहासमै यस्तो सूचना जारी गरेको पहिलो पटक हो, यो।

त्यस आयोगका सदस्य–सचिव रहेका आन्तरिक राजस्व विभागका महानिर्देशक चूडामणि शर्मालाई अख्तियारले १९ जेठमै नियन्त्रणमा लिएको थियो। ...

अख्तियारका प्रवक्ता जीवराज कोइराला भन्छन्, 'कर फर्स्योट आयोगविरुद्ध परेको उजुरीमाथि अहिलेसम्म जे जति छानविन भएको छ, त्यसबाट ठूलै अनियमितता भएको शंका गर्न सकिन्छ।' ...

कर फर्स्योट आयोगले १ हजार ६९ करदाताहरूलाई छुट दिएमध्ये हालसम्म अख्तियारले करिब सवा सय फाइलको मात्र छानविन सकेको छ। ...

त्यसैले सवा सय फाइल छानविन गर्दा छुट दिएमध्ये आधा बढी रकमको छानविन सकिएको स्रोत बताउँछ। अर्थात् २१ अर्ब छुट दिएमध्ये १३ अर्ब हाराहारीको छानबिन सकिएको छ। ...

कर फर्स्योट आयोगका अधिकारीहरूले करदाताहरूले उपभोक्ताबाट मूल्य अभिवृद्धि कर (भ्याट) वापत लिएको रकमसमेत छुट दिएका छन्।...

चार्टर्ड एकाउन्टेन्ट तथा करविज्ञ प्रकाश पौडेलका भनाइमा आय कर र मूल्य अभिवृद्धि कर फरक–फरक कुरा हुन्। भ्याटको सिद्धान्तअनुसार यदि कसैलाई छुट दिइन्छ भने त्यो तिर्ने व्यक्तिले नै फिर्ता पाउनुपर्छ। 'व्यवसायीलाई भ्याट छुट दिनै सकिन्न,' पौडेल भन्छन् 'कदाचित दिइएमा त्यो जसले तिरेको हो, त्यही उपभोक्ताको हातमा आइपुग्नु पर्छ।'

तर, पोखराको फूलबारी रिसोर्ट, गोरखा ब्रुअरी, माउन्ट एभरेस्ट ब्रुअरी, श्री डिस्टिलरी, त्रिवेणी डिस्टिलरी लगायतलाई मूल्य अभिवृद्धि करमै भारी छुट दिइएको छ। यस्तो छुट पाउने करदाता नौ जना छन्। जस्तो,

| | तिर्नुपर्ने रु. | तिरेको रु. |
|---|---|---|
| एनसेल | १ अर्ब ६३ करोड | ९० लाख |
| युटीएल | १ अर्ब ३० करोड | ३५ लाख |
| स्पेश टाइम नेटवर्क | १४ करोड ८० लाख | ४० लाख ५ हजार |
| हिमाल आइरन एण्ड स्टिल | १६ करोड ७० लाख | १ करोड ७० लाख |
| बुद्ध एयर | ३२ करोड | ११ करोड |
| गोरखा ब्रुअरी | ४९ करोड | ५ करोड २५ लाख |
| माउन्ट एभरेस्ट ब्रुअरी | ५८ करोड ९० लाख | ४ करोड ६० लाख |
| श्री डिस्टिलरी | २ अर्ब ७० करोड | ५ करोड १६ लाख |
| त्रिवेणी डिस्टिलरी | ३ अर्ब ३५ करोड १४ लाख | ३ करोड ९० लाख |
| राष्ट्रिय बीमा संस्थान | ४ अर्ब २० करोड | २ अर्ब २६ करोड ८० लाख |
| बुटवल पावर कम्पनी | १९ करोड १८ लाख | ६० लाख ३० हजार |
| नेपाल बंगला देश बैंक | १० करोड | १ करोड |

पोखराको फूलबारी रिसोर्टले मूल्य अभिवृद्धि करबाट उठाएको १८ करोड ४३ लाख रुपियाँ तिर्नुपर्ने थियो। तर, त्यसमा समेत ८९.४७ प्रतिशत छुट दिई १ करोड ९४ लाख रुपियाँ मात्र लिने सम्झौता गरेको पाइएको छ। यसरी उपभोक्ताबाट उठाएको १८ करोड १ लाख रुपियाँको भ्याट रकम फूलबारी रिसोर्टको सञ्चालक अमात्य सूहको ढुकुटीमा हालिदिएका छन्।

हालसम्मका सवा सय फाइल अनुसन्धानबाट उद्योग व्यापारीसँग उठाउनुपर्ने कुल आयकर रकममध्ये १२ जनाबाट मात्रै करिब १२ अर्ब ४० करोड रुपियाँ रहेकामा आयोगले करिब २ अर्ब ६२ करोड रुपियाँ मात्र असुलेर बाँकी करिब १० अर्ब रुपियाँ छुट दिएको खुलेको छ। (बक्समा हेर्नु होस्)

(नेपाल राष्ट्रिय साप्ताहिक, २०७४ असार १८ बाट)

---

➲➲ पनि।' चञ्चला काकीले वर्तमानको विकृत बजार व्यवस्थाका बारे आफ्नो मनको खुल्दुली सुनाइन्।

'अब यस्तो विकृतिहरू हटाउन नागरिकहरूलाई नै सचेत गराउनु पऱ्यो। अस्ति पनि एकजना मान्छेले लौका किनेर फ्रिजमा राखिछोड्दा भोलिपल्ट त फ्रिजमै नअटिने गरी ठूलो पो भएछ रे। यो सबै विषादी कै कारण त होला नि। विषादी छरेको तरकारी खाने हामी मान्छे पनि रातारात लौका जस्तै अग्लो भए के हुने होला है ? आखिर खाने त विषादी नै हो। यस्तो कुरामा स्थानीय तह पनि चनाखो भइदिए त राम्रो हुन्थ्यो।' चञ्चला काकीले डर र शङ्का मिसिएको भावमा आफ्नो विचार राखिन्।

'हुन त हो नि, बजार विषादीले नै छोपिएको छ। गिद्धजस्ता पंछिको काम हामी मान्छेले गर्न थालेपछि होइन त ?' रामदाइले चञ्चला काकीको कुराको पैँचो लिँदै दोहोऱ्याए र दुवै हाँस्न थाले। 'जाऔँ बरु पानी लिन आएकी कति बेर भन्लान्। जति कुरा गरे पनि सकिने होइन' रामदाइले घर जाने प्रस्ताव राखे। उनीहरू बाटोभरि कुराकानी गर्दै हिँडे। दुवैको घर सँगसँगै थियो। महँगी, भ्रष्टाचार, विषादी, खानेपानीको समस्या आदि आदि शब्दहरू उनीहरू सँगसँगै पछि लागे।

# साँयेजु, कायस्थ एक ऐतिहासिक विवेचना



डा. वीरेन्द्र प्रसाद कायस्थ, ज्योतिषाचार्य

नान्यदेवको पालादेखि कर्णाट वंशीहरूको भक्तपुरसँग गहिरो सम्बन्ध रहेको कुरा आजसम्म विजया दशमीको साँझमा हुने 'पायो न्ह्याकेगु' जात्रामा हुने छोटो सम्वादबाट अनुमान गर्न सकिन्छ। आधिकारिक रूपमा कायस्थहरू विक्रम सम्वत् १३८१ मा हरिसिंह देवको रानी देवल देवीका साथ भक्तपुर भित्रिएका हुन्। कायस्थहरूको जमातमा चण्डेश्वर मुख्य व्यक्ति थिए। हरिसिंह देव सिम्रोनगढका अन्तिम कर्नाटकवंशी राजा थिए। विक्रम सम्वत् १३८१ मा तत्कालीन दिल्लीका मुगल वादशाह गयासुद्दिन तुगलकको आक्रमणमा पराजित भई हरिसिंह देव स-परिवार आत्मसुरक्षाको लागि आफ्नो भारदार र दलबलसहित भागेर पहाडै पहाड गरी नेपालतर्फ लागेको बेलामा बाटामा रासन सकिएकोले, राजा हरिसिंह देवलाई ठूलो चिन्ता पर्न गयो। साथै तुलजा भवानीको नियमित पूजा गर्न नसक्दा राजालाई मानसिक असर पर्न गयो। राजाले सपनामा तुलजा भवानीले भोलि बाटामा भेटेको वस्तु भोगबली चढाई विशेष पूजा गरी त्यसै प्रसादबाट तिमीहरू तृप्त हुनु भनी वाणी भयो। भोलिपल्ट विहान राजाको सैनिकले एक ठूलो अर्ना भेट्टायो। राजाले तुलजा भवानीको विशेष पूजा गरी अर्ना भोगबली दिई त्यसको मासु प्रसादको रूपमा राजालगायत सबै दलबललाई बाँडे। त्यसैबेलादेखि अर्ना अर्थात राँगाको मासु प्रसादको रूपमा खान थालेको हो। आजसम्म पनि बडा दशैंको विजया दशमीको दिनमा हिफोचाले राँगाको मासु प्रसादको रूपमा नगर परिक्रमा गरी नगरवासीहरूलाई दिन्छन्।

हरिसिंह देवको मृत्यपछि उनको रानी देवल देवी, छोरा जगतसिंह र उनीहरूको साथमा आएका जमातलाई भक्तपुरका राजा रुद्र मल्लले शरण दिएका थिए। आफूले भक्तपुर राज्यमा शरण पाएपछि आफूसँग ल्याएको तलेजुको कलश श्री यन्त्रसमेत राजालाई उपहार स्वरूप हस्तान्तरण गरे। भाषा वंशावली अनुसार नेपाल सम्वत् ४४४, पौष शुक्ल नवमी शनिबारको दिन तलेजु भवानी भक्तपुर भित्रिएको उल्लेख छ।

रानी देवल देवीका साथमा भित्रिएका बहुसङ्ख्यक कायस्थहरू कर्णाटक देशवासी थिए। यी कायस्थहरू त्यस बखत बाह्य सम्पर्कको अभाव तथा समयको प्रवाहअनुसार आफूलाई भुल्दै भक्तपुर निवासी नेवार जातिसँग पूरापुर रूपमा घुलमिल हुन बाध्य भए। यिनीहरू आफ्नो निजी भाषा, जातीय संस्कृति एवं सामाजिक रितिरिवाजबाट त्यस स्थानका उच्चकोटिको नेवार संस्कृतिको दाँजोमा कुनै प्रभावकारी लक्षण विस्मृति कारणले देखाउन नसक्दा आफूले आफूलाई भुल्न गई स्थानीय नेवा संस्कृतिमा विलिन हुन पुगे।

राजा आनन्द देवको पालामा भक्तपुरको गोपति कायस्थले मिथिला शहर गई रामायणको किस्किन्धा पर्व सारी ल्यायो। यसबाट कायस्थहरूको काम दरबारी लिखितमात्र होइन भने बुझिन्छ। शिक्षित वर्गको नाताले उनीहरूले दरबारी लिखितको साथसाथै विभिन्न ग्रन्थ, ठ्यासाफू लिपिबद्ध गर्ने काम गरेको पाईन्छ। उदाहरणको लागि मया कसले लेखेको भार्गव धनुशास्त्र, दाँते कसले लेखेको नरपति जयाचार्य स्वरोदय, भागिराम कायस्थले लेखेको चाणक्य नीति अनि राम चन्द्र कायस्थले लेखेको चाणक्यसार संग्रहजस्ता अरू थुप्रै ग्रन्थहरू कायस्थहरूबाट सारेको वा लेखेको पुष्टि हुन्छ। यसै क्रममा दरबारी लेख वा ग्रन्थकर्तावाहेक केही त्यस्ता कायस्थहरू राजनीतिमा समेत प्रवेश गरे। जसबाट तात्कालीन नेपाल मण्डलको राजनैतिक इतिहाससमेत प्रभावित भयो।

भक्तपुर नगरका विभिन्न टोलमा कायस्थहरूको बसोबास भएका छन्। इटाछें, खौमा, नासमना, इनाचो, क्वाछें, चोछें, गोल्मढी, भार्वाचो, लालाछें, बालाखुलगायतका ठाउँहरूमा यिनीहरू बसेका छन्। नगर बाहिर नगरकोट, खरिपाटी, थिमी, बनेपादेखि नेपाल राज्यमा कायस्थहरू भेटिन्छन्। यी फरक फरक ठाउँहरूमा रहेका सबै कायस्थहरूको पुर्खा एउटै होइन। न त सबै कायस्थहरू एउटै ठाउँका हुन्। यसै बीच फरक फरक स्थानमा बसोबास गरेका, फरक फरक रितिथिति, चालचलन, संस्कृति भएका कायस्थहरूलाई फरक फरक नामबाट चिनाउने प्रयास भएको छ। स्थानीय नेवारहरूले यी कर्णाटकबाट पलायन भएका कायस्थहरूलाई आफ्नो भाषा अनुसार कस्त वा कसः भन्ने गरे।

यस मध्ये इनाचो तथा गोल्मढीमा बस्ने कायस्थहरूलाई 'डा बुँ कस' ले पनि चिनिन्छ। भक्तपुर शहर भन्दा ५ किलोमिटर जति पूर्वतर्फको सुडालको 'डा बुँ' भन्ने ठाउँबाट भक्तपुरतिर बसाई सर्ने क्रममा इनाचो टोलमा बस्न आएका कायस्थ नै पछि 'डा बुँ' कसले चिनेको मानिन्छ। भक्तपुरमा डा बुँ कस, लगायत च्यासु कस पनि छन्। ती हुन् साँय कस, भ्वासी कस, चिलं कस, हालेयो कस, दबु कस, याका कस, फै कस, नाखं कस, भिंपु कस। खौमाको साँयजु कायस्थहरूले

आजसम्म च्यासु कसको सोह्र श्राद्ध पालैपालो गरिन्दै आएको छ। सोह्र श्राद्धको दिनमा भक्तपुर कलेजको बाहिरको गणेश (इनगा गणेश) को विशेष पूजा अहिलेसम्म गरेको पाईन्छ।

रानी देवल देवीको संरक्षकत्वमा राजगद्दीमा जयस्थिति मल्लले आफ्नो राज्यको प्रशासन सुधार गर्न विभिन्न थरीका भारदारहरूलाई नियुक्ति गर्नुको अलावा भारतबाट विद्वान् पण्डितहरू झिकाई विभिन्न सुधारहरू गरे। उनकै पालाका भारदारहरू पछि गएर ६ थरीया कहलाइएका व्यक्ति ६ थरीका हुन पुगे। यी ६ थरीयाहरूमा महाजु, कसजु, जोशीजु, पक्वांजु, भारिजु (राजभण्डारी) र भडेल (ताःचा भारिजु) हुन्। ने.सं. ५०० देखि ५१६ सम्म राज्य गरी जयस्थिति मल्ल परलोक भए। ६ थरीयाहरू दरबारसँग संलग्न ठूला ओहडा सम्हालेको हुँदा भक्तपुरमा उच्च जातमा गनिन्थ्यो। वि.सं. १७३१ मा राजा जितामित्र मल्लको पालामा भाजुराम कसजु काजी खलकमा पुगेको र त्यसपछि चौतारा (चौतरिया) सम्म हुन पुगे। राजा जितामित्र र भाजुराम कसजु दिल्लीका अकबर बादशाह र बीरबल मन्त्री जस्तै हुन्। राजा जितामित्र मल्लको सक्रिय सहयोग पाएर भाजुराम कसःजु केही समय निकै शक्तिशाली भएका र भक्तपुरमा अनेकौ सुधारहरू गरेको देखिन्छ। भारवाचो ढोका र नःपुखु ढोकादेखि दत्तात्रयसम्म ढुङ्गा छापेर पक्की सडक निर्माण गर्ने कार्य, हालको भक्तपुर क्याम्पस अगाडिको पोखरी (भाजु पुखु) को निर्माण, सिंचाइ सुविधाको लागि कुलोको व्यवस्था, खानेपानीको लागि टोलटोलमा ढुङ्गेधाराहरूको निर्माण, काजी खलकहरू बस्ने गल्लीहरूमा हात्ती छिर्ने गरी फराकिलो पार्ने काम, वि.सं. १६८६ मा राजा जगज्योतिर्म मल्लले बनाएको सिद्ध पोखरी (तःपुखु), १७२० मा कान्तिपुरका राजा प्रताप मल्लले ध्वस्त पार्न लगाएकोमा रु. ६ हजार खर्च गरी उक्त पोखरी जीर्णोद्वार र मर्मत गराउने आदि भाजु कसःका मुख्य कामहरू हुन्। वि.सं. १७३५ को खौमा टोलको देवलको अभिलेखमा सुमति जितामित्र मल्ल 'धैर्यशाली ठूला राजा हुन्' भने 'बुद्धिमान असल मन्त्री भाजुराम हुन्' भन्ने कुरा उल्लेख भएको पाईन्छ। प्रशासनिक सुधारको सिलसिलामा भाजुराम कसजुले अरू थप चार काजीहरूको नियुक्ति गरेको बुझिन्छ। ती काजीहरू हुन् धोंकाजी, भौकाजी, कसकाजी (नासुमना कसजु) र तिमिला काजी भन्ने गरेको आजसम्म सुनिन्छ।

वि.सं. १७५३ असोजमा जितामित्र मल्लको मृत्युपछि २२ वर्षका कुमार भूपतिन्द्र मल्ल राजा भए। आफू राजा भएपछि भूपतिन्द्र मल्लले आफ्नी कान्छी आमालाई कैद गरी नजरबन्दमा राखे भने उनीपट्टिका छोरा कान्तिपुर राज्यमा राजनैतिक शरण लिन पुगे। राजा जितामित्रको मृत्युपछि भाजु कसःको पनि पतन शुरु भयो। अन्य भारदारहरूको षडयन्त्रमा परी उनी कैद गरिए र वि.सं. १७५५ मा उनलाई मृत्युदण्ड दिइयो। उनका आफन्त नाता कुटुम्बहरू शंका र उपशंकामा धेरै कसजुहरूको सर्वस्व हरण भयो। कोही देश निकाला गरिए। मृत्युदण्ड दिइएपछि पनि भाजु कसको लाशलाई सल्लाघारीमा फालिएर बाटो हिंड्ने सबैले उनको लाशमाथि पिसाब गर्न लगाइएको र पिसाबले भिजिएको पाखो अर्थात् 'च्वंङा पाखा' भनिएको भनिन्छ। तर यो कुरा भाजु कसका विरोधीहरूले उनको बदनाम गर्न चलाएको हल्ला मात्र हो, सल्लाघारीबाट शहर प्रवेश गर्दा उकालो लाग्नु पर्ने र माथितिर फैलिएको हुनाले 'च्वंङा पाखा' भनिएको पनि भनिन्छ। सत्य कुरो जे भए पनि प्रशासनको बागडोर सम्हालेर केही शक्ति संचय गरी भक्तपुरको व्यापक सुधार गर्ने योग्य एवं राजभक्त र देशभक्तको रूपमा भक्तपुरको इतिहासमा भाजु कसको नाम उल्लेख्य भएको पाइन्छ। भाजु कसःको पतनसँगसँगै दरबारभित्रको षडयन्त्र, भारदारको शक्तिको लागि चलेको होडबाजीले शासनको सुरक्षातर्फ ध्यान दृष्टि नपुगेको, राजाको ध्यान पनि मन्दिरहरू निर्माण गर्नेतर्फ केन्द्रित हुन पुगेकोले भक्तपुर राज्य कमजोर हुँदै गएको भान हुन्छ। भाजु कसको पतन पछि विभिन्न अभियोगमा सर्वस्व हरण र देश निकालामा परेका कसजूहरूमा दबुछेँ, इताछेँ, बालाखुका कसजूहरू तथा भिंपु कस, डा बु कसहरू पनि परेका थिए।

यो पंक्तिकारका लेखक पनि साँयजू (हेर्नुस खोपृङ्ग रजत महोत्सव विशेषाङ्क) थरको कायस्थ हो। तराई क्षेत्रका कायस्थहरूले आफ्नो जाति लेख्ने गर्दा कायस्थ भनेर लेख्ने गर्दैनन्। तिनीहरू कोही कर्ण, कोही मलिक, कुनै श्रीवास्तव आदि लेख्ने गर्दछन्।

यी कायस्थहरू व्राम्हण जाति जस्तै शैक्षिक क्षेत्रसँग परम्परागत रूपमा स्वभाविक सम्बन्ध भएका जाति हुन्। यी जाति शैक्षिक क्षेत्रमा वंशानुक्रम परिपाटी बसेको हुनाले बढी आदर्शवादी, नीतिवान्, चारित्रिक गुण देखिएका हुन्। त्यसै कारणले होला, मल्ल कालमा राजालाई परामर्श दिने ६ थरी मध्ये एक थरी कायस्थ हो। यिनीहरू शैक्षिक क्षेत्रमा दखल भए अनुसार आर्थिक क्षेत्रका क्रियाकलापमा पनि बढी समृद्ध छन्। राजदरबारमा आर्थिक व्यवस्थाको लेखाजोखा गरी आम्दानी खर्चको यथार्थ रूपमा परामर्श दिन सक्ने खुवी भएका मानिस हुन्। मल्लकालमा सर्वोच्च ओहदामा आसिन भएका भाजुराम कसजू, डोय कसजू, भारसिंह कायस्थ ( कसजू) र राजा हरिसिंह देवको पालामा चण्डेश्वर आदि ख्याति प्राप्त कायस्थहरू नै ऐतिहासिक प्रमाण हुन्।

कायस्थहरूको शैक्षिक क्षेत्रमा वंशानुगत प्रभाव परेको हुनाले यो भरत खण्डमा विभिन्न स्थानमा आश्रित कायस्थहरूले आफू बसेको देशको भलाईको लागि वस्तुगत रूपमा केही न केही देन दिइरहेकै छ भन्ने कुरामा कुनै दुई मन नहोला।

# नेपालको संविधान २०७२ (२३)

## भाग – १६

## प्रदेश आर्थिक कार्यप्रणाली

**२०३. कर लगाउन वा ऋण लिन नपाइने** : (१) कानून बमोजिम बाहेक प्रदेशमा कुनै कर लगाइने र उठाइने छैन।

(२) संघीय कानून बमोजिम बाहेक प्रदेश सरकारले कुनै ऋण लिने र जमानत दिने छैन।

**२०४. प्रदेश सञ्चित कोष** : गुठी रकम बाहेक प्रदेश सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व, राजस्वको धितोमा लिइएका सबै कर्जा, प्रदेश ऐनको अधिकार अन्तर्गत दिइएको जुनसुकै ऋण असुल हुँदा प्राप्त भएको सबै धन र नेपाल सरकारबाट प्राप्त हुने अनुदान एवं ऋण रकम प्रदेश ऐनद्वारा अर्को कुनै व्यवस्था नगरिएमा एक प्रदेश सरकारी कोषमा आम्दानी बाँधिनेछ जसलाई प्रदेश सञ्चित कोष भनिनेछ।

**२०५. प्रदेश सञ्चित कोष वा प्रदेश सरकारी कोषबाट व्यय** : देहायका रकम बाहेक प्रदेश सञ्चित कोष वा अन्य कुनै प्रदेश सरकारी कोषबाट कुनै रकम झिक्न सकिने छैन :-

(क) प्रदेश सञ्चित कोषमाथि व्ययभार भएको रकम,

(ख) विनियोजन ऐन बमोजिम खर्च हुने रकम,

(ग) विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा पेश्कीको रूपमा ऐन बमोजिम खर्च हुने रकम, वा

(घ) विशेष अवस्थामा व्ययको विवरण मात्र भएको उधारो खर्च ऐनद्वारा व्यय हुने रकम।

तर प्रदेश आकस्मिक कोषका हकमा धारा २१२ बमोजिम हुनेछ।

**२०६. प्रदेश सञ्चित कोषमाथि व्ययभार** : देहायका विषयसँग सम्बन्धित खर्च प्रदेश सञ्चित कोषमाथि व्ययभार हुनेछ र त्यस्तो व्ययका लागि प्रदेश सभाको स्वीकृति आवश्यक पर्ने छैन :-

(क) प्रदेश सभामुख र प्रदेश उपसभामुखलाई दिइने पारिश्रमिक र सुविधाका रकम,

(ख) प्रदेश लोकसेवा आयोगका अध्यक्ष र सदस्यलाई दिईने पारिश्रमिक र सुविधाका रकम,

(ग) प्रदेश सरकारको दायित्वको ऋण सम्बन्धी व्ययभार,

(घ) प्रदेश सरकारको विरुद्ध अदालतबाट भएको फैसला वा आदेश अनुसार तिर्नु पर्ने रकम, र

(ङ) प्रदेश कानूनले प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने भनी निर्धारण गरेको रकम।

**२०७. राजस्व र व्ययको अनुमान** : (१) प्रदेशको अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्षको सम्बन्धमा प्रदेश सभा समक्ष देहायका कुरा समेत खुलाई वार्षिक अनुमान पेश गर्न सक्नेछ :-

(क) राजस्वको अनुमान,

(ख) प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने आवश्यक रकमहरू, र

(ग) प्रदेश विनियोजन ऐन बमोजिम व्यय हुने आवश्यक रकमहरू।

(२) उपधारा (१) बमोजिम वार्षिक अनुमान पेश गर्दा अघिल्लो आर्थिक वर्षमा प्रत्येक मन्त्रालयलाई छुट्याइएको खर्चको रकम र खर्च अनुसारको लक्ष्य हासिल भयो वा भएन त्यसको विवरण पनि साथै पेश गर्नु पर्नेछ।

**२०८. प्रदेश विनियोजन ऐन** : प्रदेश विनियोजन ऐन बमोजिम व्यय हुने रकम शीर्षकमा उल्लेख गरी विनियोजन विधेयकमा राखिनेछन्।

**२०९. पूरक अनुमान** : (१) कुनै आर्थिक वर्षमा देहायको अवस्था पर्न आएमा प्रदेशको अर्थमन्त्रीले प्रदेश सभा समक्ष पूरक अनुमान पेश गर्न सक्नेछ :-

(क) चालू आर्थिक वर्षका लागि प्रदेश विनियोजन ऐन बमोजिम कुनै सेवाका लागि खर्च गर्न अख्तियारी दिइएको रकम अपर्याप्त भएमा वा त्यस वर्षका लागि प्रदेश विनियोजन ऐनले अधिकार नदिएको नयाँ सेवामा खर्च गर्न आवश्यक भएमा, वा

(ख) चालू आर्थिक वर्षमा प्रदेश विनियोजन ऐन बमोजिम अख्तियारी दिएको रकमभन्दा बढी खर्च हुन गएमा।

(२) पूरक अनुमानमा राखिएको रकम सम्बन्धित शीर्षकमा उल्लेख गरी पूरक विनियोजन विधेयकमा राखिनेछ।

**२१०. पेश्की खर्च** : (१) यस भागमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा आर्थिक वर्षका लागि अनुमान गरिएको व्ययको कुनै अंश पेश्कीका रूपमा प्रदेश ऐन बमोजिम खर्च गर्न सकिनेछ।

(२) धारा २०७ बमोजिम राजस्व र व्ययको अनुमान पेश नगरिएसम्म पेश्की खर्च विधेयक प्रस्तुत गरिने छैन र पेश्कीको रकम आर्थिक वर्षको व्यय अनुमानको एक तिहाइ भन्दा बढी हुने छैन।

(३) प्रदेश पेश्की खर्च ऐन बमोजिम खर्च भएको रकम प्रदेश विनियोजन विधेयकमा समावेश गरिनेछ।

**२११. उधारो खर्च** : यस भागमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक कारण वा अन्य कारणले गर्दा प्रदेशमा संकटको अवस्था परी धारा २०७ को उपधारा (१) बमोजिम चाहिने विवरण खुलाउन अव्यावहारिक वा प्रदेशको सुरक्षा वा हितको दृष्टिले अवाञ्छनीय देखिएमा प्रदेशको अर्थमन्त्रीले व्ययको विवरण मात्र भएको उधारो खर्च विधेयक प्रदेश सभा समक्ष पेश गर्न सक्नेछ।


**२१२. प्रदेश आकस्मिक कोष** : (१) प्रदेश ऐन बमोजिम प्रदेश आकस्मिक कोषको नामले एउटा कोष स्थापना गर्न सकिनेछ र त्यस्तो कोषमा समय समयमा प्रदेश ऐन बमोजिम निर्धारण भएको रकम जम्मा गरिनेछ।

(२) उपधारा (१) बमोजिमको कोष प्रदेश सरकारको नियन्त्रणमा रहनेछ। प्रदेश सरकारले त्यस्तो कोषबाट आकस्मिक कार्यका लागि खर्च गर्न सक्नेछ।

(३) उपधारा (२) बमोजिमको खर्चको रकम प्रदेश ऐन बमोजिम यथाशीघ्र सोधभर्ना गरिनेछ।

**२१३. आर्थिक कार्यविधि सम्बन्धी ऐन** : प्रदेश ऐन बमोजिम विनियोजित रकम एक शीर्षकबाट अर्को शीर्षकमा रकमान्तर गर्ने र आर्थिक कार्यविधि सम्बन्धी अन्य व्यवस्था प्रदेश ऐन बमोजिम हुनेछ।

क्रमशः




Henry Ambrose Oldfield's

# SKETCHES FROM NIPAL 16

**CHAPTER XV.**

CATHOLIC MISSION IN NIPAL.*

The Capuchins had an establishment in the valley, at Patan; the only remaining trace of their presence is the part of the Polyglot inscription attributable to them, and which still exists. They came originally from Pekin to Lassa, where they had large establishments and a good library. Some years ago I was enabled to pick up the fragments of this library at Lassa, and lately I presented it to the Pope. No such or other trace of them was discovered by me in Nipal. The Chinese Emperor drove them from Pekin, and then from Lassa, seizing and confiscating their all, and expelling them across the snows. The Niwar dynasty of Patan received them kindly and gave them lands. But before they could make any great progress in conversion, came the Gorkhas, who expelled them from the country. They retired to the plains, and were afforded an asylum by the Rajah of Bettiah, and in his lands, at and about the village of Ohuri, they still dwell with their Niwar flock, which has increased, but not greatly, and only by fresh births at Churi, and not by any additional incomers from the valley, whence probably not above one hundred to two hundred souls proceeded with the original emigrant fathers. In the " Journal of the Royal Asiatic Society " for 1848 are the translations by Mr. Hodgson of the " grants of land," by virtue of which the mission was established at Patan. The original deeds are inscribed on copper, and are or were in the possession of the Roman Catholic bishop at Patan. They are in the Niwari language, interlarded with a good deal of Sanskrit. " Jaya Rajya Prakas Malla Deva," Prince of Nipal, was the grantee.

** Extract from a letter by Mr. Hodgson to Mr. Erskine, Sept.1850.*

**CHAPTER XVI**

LEOPARDS.—DOGS.—BUFFALOES.

Leopards abound in the jungles in all the hills surrounding the valley. They often come down into the villages on the edges of the valley, and sometimes even into the centre of the valley, and commit great depredations. They occasionally attack men, oftener children, but most usually confine their attacks to cattle, sheep, goats, &c. In 1852, Jang had a number of deer of different breeds in an inclosure, with high walls, of some thirty or forty acres. This inclosure is about two hundred or three hundred yards only from the Hospital and Residency compound. A leopard, in the autumn of 1852, having found out this preserve, used to come down about every second night and kill and eat one or more deer. These leopards are very vicious, often killing apparently for the mere excitement of it. One night this leopard killed three deer, of which he ate the half of one and merely sucked the blood from the throats of the others. On his way back to the Nagarjun mountain, where he had taken up his abode, and to which we tracked him, he fell in with a Brahmany Bull, asleep probably on the ground. The leopard, although his hunger had been sated by the deer, killed the bull too, and sucked the blood from his throat. Probably he was thirsty, and wished for a draught of something toothy! I accompanied Jang one morning on foot in following the track of this brute. He had a number of attendants with him and some shikaries. It was wonderful to see how the latter followed the track by his footsteps, where it was often quite imperceptible, not only to me, but even to Jung. We tracked him nearly half up the mountain, when the j jungle became so thick that we were obliged to give up the pursuit.

On our way I had incidentally

informed Jang that I had not yet had breakfast, and was very hungry. He said nothing, but, without informing me, instantly sent off an express to Thappatalli for breakfast to be sent to meet him. On our way back we met the carriage coming at full gallop; it stopped at once; out got a jemadar, and produced, to my surprise, an excellent still warm breakfast. Jang and his companions squatted down on the road-side, and directed me to do the same, about two or three yards from them. Out came fowls, stewed, curried, &c. ; goat's meat, grilled, stewed; cutlets of pork; pilaued pheasant; eggs in different forms; some very nice crisp sort of cracknell ; chapatis of different kinds; with some fruits, &c. On this we all made a most hearty meal, Jang always helping me first with his own hands ; no knives, forks, or spoons, or plates had been brought, so I used the knife and fork which Nature had given me, and ate my food off a plate made of leaves of the sal tree sewn together. After breakfast I distributed cheroots, of which the Nipalese are very fond, especially when they do not have to pay for them. I returned home.

Two or three days after, this identical leopard was caught in a trap* which had been set for him in the course of his " run " on the Nagarjun mountain. He was taken to Thappatalli, and in the afternoon of the same day I went down to see him killed. Jang proposed turning him out into a " bear-pit," constructed after the model of the pits in our English Zoological Gardens, in which were seven or eight bears. The trap was accordingly placed on the parapet surrounding the edge of the pit, and which was about fifteen feet in diameter. An old bear clambered to the top of the pole to watch the proceedings, and we stood round the parapet expecting to see the beast fall or spring into the pit among the bears. The door of the trap was raised, when in a moment, with a horrid and peculiar noise, between a roar and a growl, the leopard made a tremendous bound out of the trap, right across the pit, just clearing the old bear on the pole, touched the opposite parapet with his feet, close by two men who were standing there, and sprung down into the garden. Finding himself once again free, he crouched down on a little bit of lawn about twenty yards off, and began to reconnoitre; looking up coolly at us, and evidently waiting to see our intentions. On our making no demonstrations of hostility, he sneaked off into a thick hedge, about eight feet high, close behind which was the wall of the garden. This was about 3 p.m. Jang, who thoroughly knows the habits of these beasts, said he would remain there perdu till night without straying, so we might safely leave him for an hour or two, while we went to see a boar-fight, and he could send for his dogs. In the course of an hour or two we returned, and, as he had foretold, found our friend still in the same place. We could not see him, as the hedge was too thick, but the rustling told us his whereabouts. Jang, who was very inveterate against this particular leopard, in consequence of the number of his deer which he had killed, determined to try and have a cut at him with his talwar. Telling me to keep close to him, and rather behind, we went down to the gravel walk, in front of the hedge where the brute was concealed. Jang stood about ten yards from the hedge, with his talwar raised; I close behind him. Captain Sutaram threw a number of stones into the hedge. Disturbed and irritated, out rushed the beast with a roar, straight at where we were standing. The great majority of the spectators made rather a hasty retreat. Jang stood like a rock; up went the

*(* Their traps for wild beasts are very ingeniously constructed. It is a long box, like a mouse-trap with a small chamber at the end, in which a live goat is tied. This chamber is separated from the principal one by a hanging door, supported by a string, connected with the principal door of the trap. When the beast enters, and puts his foot on a little bit of stick to which the strings are tied, both doors fall at the same moment. He is caught, and the goat is saved, being separated from him in a different chamber.)*

talwar, forward came the leopard ; another instant, and I thought it was all up with him. He seemed, however, daunted by Jang's steady bearing, and seeing the glittering talwar commence its descent, he suddenly made a backward spring, when he was only about a yard from Jang, and disappeared again in the hedge.

Jang now sent for the dogs. About twenty Nipal hunting-dogs were brought, but were at once set aside as useless. He then sent for his imported Highland deer-hounds, " Pearl " and " Diamond," with their three young ones, the latter being twenty months old. The dogs were brought down to the gravel walk, taken up to the edge of the hedge, where the brute was, and then all together loosed with an encouraging "hist." Then was seen the superiority of the pluck and blood and breeding of the British dog. Without a sound, no barking, yelping, or even growling, and without one second's hesitation, in they all went with a rush. There was a tremendous scuffle, some fierce growling from the leopard, and the shaking of the bushes told us what a scrimmage was going on ; but the dogs never gave tongue. We could see nothing, from the thickness of the hedge. In about half a minute they emerged, dragging the leopard with them on to the gravel walk. The two old dogs had him firmly, one by the throat, the other by the side of the head ; the three others were fixed on his shoulders and neck. They were all throttling him ; he struggled hard, but could do nothing, except scratch somewhat with his claws. The dogs shook him repeatedly till he was apparently dead, when they were taken away. However, by throwing some water over him, he revived a little again, and then all the Nipal shikari dogs were loosed on him, about twenty in number ; the majority, however, were afraid to touch him even then, helpless as he was ; a few shook him and bit him about the head. The life appearing at last out of him, he was suspended by his neck against a post, with his belly to the post, the body hanging loose, steadied only by its weight. With a talwar, a Korassan blade, Jang then with one blow, about the centre of the back, cut the body in two ; the lower half being prevented from dropping to the ground only by a small portion of the loose skin of the belly which remained uncut. The Nipal dogs were then brought up and blooded ; they devoured the entrails, liver, &c, with great avidity, poor beasts, as if they were half-starved.

On another occasion, when I was at Thappatalli, a large leopard was loosed from a trap on a small lawn where Jang, myself, and a few others were standing. Jang and his attendants were armed with talwars or kookeries.* With a stifled roar the beast rushed towards an open walk close by, at which a sepoy was standing with his kookery ready in his right hand and his turban wrapped round his left arm, which he used as a shield. The beast raised himself on his hind legs, and endeavoured to strike down the man with his fore-paws, but at the moment of contact the man caught him a blow with his kookery which cut his jaw in half and his head open, and as he staggered back he caught him another backhander over the other side of the head, which cut through his eye into the skull. The beast fell to the ground, roaring horribly. Jang rushed in, and with his talwar cut his body open, so that the liver and entrails protruded (breaking his talwar by the force of the blow), and after a blow or two more the brute was dead. A few days afterwards I met a common woodcutter on the road bringing in on his back the skin of a large leopard, stuffed with straw, but cut about a good deal on the head, otherwise uninjured. It appeared that the leopard had attacked the man while alone in the jungle cutting wood ; the man repulsed and finally killed the brute with blows of his kookery, sustaining no injury himself. He was bringing in the skin as evidence to enable him

*(* Kookery (or kukri), the short sword or knife used by the Gorkas, whether in hunting or in war.—Ed.)*

to claim the five rupees* which is always given by the Nipal Government as a reward to anyone who kills a leopard in the jungles. The man did not seem to think he had performed any remarkable feat.

Jang is very fond of getting up "buffalo fights." A large well-fed bull buffalo is kept in a paddock ; another bull is then driven into the same paddock. The two rivals approach each other cautiously, occasionally stopping and pawing the ground ; after a short time they close, but without any rush. Forehead to forehead they stand, and lock their horns together. Then they begin to get excited; their tales lash their sides, and they push away, each trying to gore his opponent's head and neck with his horns. Sometimes they get down on their knees, and if one's head slips, so as to unlock their horns, one or both generally get severely gored on the neck or shoulders ; but as long as their horns remain locked it is a mere pushing match and no damage is done. They continue in this way sometimes for half-an-hour, neither one giving way. At length one feels himself overmatched, and suddenly giving way, bolts off as hard as he can go, the other pursuing. If the victorious one can come up with the beaten one, he gores him and endeavours to upset him from behind. He rarely succeeds, however, as both are two much winded to run either far or fast ; and fear makes the beaten one run faster than the other.

At this time, while in retreat from a contest, the buffalo is a very dangerous animal to meet ; he will gore anybody who stands in his way. During the fight, while horns are interlocked, they seem so absorbed in the excitement of the fight as to be unaware of the approach of anyone or of anything going on around them. In one case, I saw a sepoy approach two who were fighting (either of whom would have attacked him had he been disengaged), and with a kookery hack away for five minutes at a log of wood which had been secured to the fore leg of one of the buffaloes, to prevent his doing harm, and which now fettered his movements in the fight. The man after some trouble cut through it and took it off from the chain. Neither buffalo took the slightest notice of him, nor of one of Jang's English dogs who had come up and stood barking and yelling at them within a yard or two of their heads.

At Thappatalli I saw a young cow buffalo, about two years old, with horns not more than a foot long, turned into a pit in which was a full-grown though rather young tiger, who had never had so large an animal given him before. This was the same tiger who was brought up into the room, led by one man holding him by a chain, to see Lord Grosvenor and party when they visited Thappatalli.

The tiger flew at the buffalo and seized her by the head, bringing her down on her knees. With a violent effort the buffalo threw him off. The tiger returned to the charge, but the buffalo planted so well-delivered a blow with her horns in the tiger's belly that it threw him some yards across the pit against the wall.

The tiger on this retreated to his den, a sort of cavern, about three feet high and four feet deep, constructed to protect him from the weather, &c. In this he crouched down, and would not come out again. The buffalo by this time was so excited and infuriated, that she actually went down on her knees at the mouth of the den, and endeavoured to get hold of the tiger with her teeth and drag him out. The tiger howled and roared, but would not come out ; so the buffalo was eventually shot in the pit. In the jungles, a tiger will never attack a herd of wild buffaloes, and very rarely a single one unless he can spring on him unawares.

**(To be continued)**

(* If any sepoy, or Government servant, sees or hears of a leopard or other wild beast in or about the valley, and fails to report it to the minister, he is fined Jive rupees.)

तपाईंको भान्छा

# भ्यान्टाले यसरी छुटाउँछ चुरोटको कुलत

तपाई तरकारीमा भ्यान्टा कतिको खाने गर्नुहुन्छ ? थोरै खानुहुन्छ वा खान रुचाउनुहुन्न भने आजैबाट खान शुरु गर्नुहोस्। किनकी भ्यान्ट मानव स्वास्थ्यका लागि निकै फाइदाजनक तरकारी हो। भ्यान्टामा पर्याप्त मात्रामा आइरन पाइन्छ। शरीरमा आइरन बढाउन मात्र होइन भ्यान्टाले मानब शरिरमा मुटु रोग लगाउने खराब कोलेस्टेरोल घटाउन समेत मदत गर्छ। रक्तचापलाई नियन्त्रणमा राख्न समेत सहयोग पुऱ्याउने भ्यान्टामा मानिसलाई चाहिने पोटासियम समेत पर्याप्त मात्रामा पाइन्छ।

अझ तपाई धुम्रपानको लतमा हुनुहुन्छ र अथक प्रयासका बाबजुत पनि लत छाड्न सक्नु भएको छैन भने भ्यान्टाले तपाईलाई सहयोग गर्छ। भ्यान्टामा थोरै मात्रामा निकोटिन समेत पाइने भएकाले चुरोट विस्तारै छाड्न यस्ले सहयोग गर्दछ। चुरोटका अम्मलीले नियमित भ्यान्टा सेवन गर्ने हो भने यस्ले चुरोटको तलतललाई विस्तारै कम गर्दै लान्छ र छुटाउन मदत गर्छ।

भ्यान्टामा एन्टिअक्सिड समेत पाइने भएकाले छालाको क्यान्सरबाट समेत बचाउँदछ। पर्याप्त मात्रामा क्यालोरीको स्रोत समेत रहेको भ्यान्टामा पानीको मात्रा समेत धेरै हुन्छ। जस्को सेवनले मोटोपन समेत घटाउन सहयोग पुग्छ।

मधुमेहको रोगीका लागि समेत भ्यान्टा उपयोगी हुन्छ। फाइबरको मात्रामा धेरै रहेकाले मधुमेहका बिरामीको सुगरको मात्रा मिलाउन समेत यस्ले मदत गर्छ। टाइप टु मधुमेह भएकाहरूलाई अझ यो बढी प्रभावकारी हुन्छ। भ्यान्टाले कपाल झर्ने समस्यालाई समेत कम गर्न मदत पुग्दछ।

'स्वास्थ्य खवरपत्रिका' बाट

## हार्दिक समवेदना



**स्व. गोपाल पोडे**

**जन्म : २००४ चैत्र ३१ निधन : २०७४ श्रावण ३०**

यस नगरपालिकामा कार्यरत सफाइ मजदुर गीता पोडेका पूजनीय पिता **गोपाल पोडे**को दुःखद निधनमा गहिरो शोक व्यक्त गर्दै शोकसन्तप्त परिवार जनमा धैर्यधारणको लागि हार्दिक समवेदना व्यक्त गर्दछौं।

**भक्तपुर नगरपालिका परिवार**




## जगतसुन्दर मल्लया ईसपं दयकातगु बाखँ

### पुखुली हरिण्

छन्हु तानो खुन्हुं छम्ह हरिण् प्यास् लगे जुया ल तोनेत छगू पुखुली वन। पुखुलि ल यचुसे चोंगुलिं वयागु म्हया किचा लखे खने दया चोन। जिगु छ्योंले निखे पाखेरं कचा थपाचो बांलाका प्याहां वया चोगु थो नेकुलि गपाचो बल् दु। थो नेकु थेंहे जिगु मेगु अंग मिले जुया बांलां गु जूसा जि ति बां लाम्ह सुं हे दइ मखु। तर हाए हाए 'जिगु तुति गपाचो चिकि पु; जित बरु थो तुति दहे मरुसा यो' धका व हरिणं मनं मनं धाल। उगु बखते हे लाका सिकारि खिचा छबठां लिका छम्ह मनु व हरिण इ थाए वल। व हरिणं थमं फको ब्वाँ वन। व खिजे यानागु तुतिखं वइत सिकारि खिचां व मनु खं न्ह्याए मदेक ब्वाएत मदत् बिल। व ब्वां व वं अंते अभाग्यां वं अपाचो बां ला धका तारिफ यानागु नेकु सिमा कचाए केन। अले सिकारि खिचातसें वइत ली लाका ङयाना सिमाएलं कोकाल।

(मल्लजुया 'ईसपं दयकातगु बाखं, नेसं. १०३५' सफुलिं)

# आ.व. २०७४/७५ श्रावण महिनामा भक्तपुर नगर अवलोकन गर्ने पर्यटकहरू




| गते | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | २६२ | १६९ | १३६ | १३० | १०६ | ११७ | २५१ | १३४ | २१० | १५३ | २३५ | १७९ | २३१ | १८८ | १८८ | २०० |
| ■ सार्क तथा चिनियाँ | ३७७ | १६१ | २१६ | १८१ | १६० | २०१ | २६८ | २०५ | २९२ | २५० | २२५ | १३६ | २०२ | २६६ | २४१ | २५५ |

| गते | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० | ३१ | ३ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | १९८ | २०४ | ३२२ | २६२ | २३३ | २७६ | २८९ | ५८१ | १८२ | ३१६ | ३२२ | ३३६ | २७६ | ३६० | २१८ | १ |
| ■ सार्क तथा चिनियाँ | १३६ | १५८ | १६४ | १६२ | २७५ | १७४ | २५२ | २८८ | १३८ | १२२ | २६८ | ३५८ | ३९७ | ४०२ | २६६ | १ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कुल पर्यटक संख्या |
|---|---|---|---|
| २०७३ श्रावण | ६,३५० | ५,४२७ | ११,७७७ |
| २०७४ श्रावण | ७,४४० | ७,३६५ | १४,८०५ |

तथ्याङ्क र चार्ट : पर्यटक सूचना केन्द्र

सम्पादकको पृष्ठ

# स्थानीय सरकारको सय दिन

नेपालको गणतान्त्रिक सम्विधान कार्यान्वयनको क्रममा वैशाख ३१ गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट गठन भएका थुप्रै स्थानीय सरकारहरूले 'मधुमास' पूरा गरेका छन्। यसै सिलसिलामा भक्तपुर नगरपालिकाले गएको भाद्र १२ गते जनप्रतिनिधिहरूको सय दिन पुगेको अवसरमा एक कार्यक्रमको आयोजना गरेको थियो। समाजका विभिन्न क्षेत्रका नगरवासीहरू आमन्त्रित त्यस कार्यक्रममा जनप्रतिनिधिहरूले मतदाताहरूप्रति पुनः कृतज्ञता ज्ञापन र सल्लाह सुझाव दिनेलाई धन्यवाद दिए भने अतिथि वक्ताहरूले बधाइ र शुभकामनासहित सुझावहरू दिए।

भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले आफ्नो मन्तव्य सहितको प्रतिवेदनमा सय दिनमा भए गरेका कार्यहरूको पारदर्शी रूपमा जनसमक्ष राख्नुभयो। भक्तपुर नपाका सम्पूर्ण पदहरूमा नेपाल मजदुर किसान पार्टीका उम्मेवारहरू विजयी भए पनि वहाँले 'नगरपालिका नगरवासीहरूको साझा संस्था' भएको स्पष्ट पार्नुभयो। नेपाल मजदुर किसान पार्टीबाट जारी भएको निर्वाचन घोषणापत्रलाई काम गर्ने मार्गचित्र भएको बताउँदै वहाँले भक्तपुर नगरलाई सफा र सुन्दर बनाइ पर्यटकहरूको गन्तव्य बनाउने, ज्ञान-विज्ञानको केन्द्र बनाउने र नेपालकै एक उदाहरणीय नगरको रूपमा विकास गर्ने संकल्प दोहोर्‍याउनु भयो। वहाँले इमानदारीपूर्वक देश र जनताको सेवा नै राजनीति भएको मान्यताबाट दीक्षित जनप्रतिनिधिहरूको देश र जनताको हितमा काम गर्नुबाहेक अर्को कुनै स्वार्थ नभएको तथ्य अवगत गराउनु भयो।

आफ्नो मन्तव्यमा प्रमुख प्रजापतिले केही असन्तुष्टहरूको 'बाँदर प्रवृत्ति' बारे पनि उल्लेख गर्नुभयो। तर नगर र नगरवासीको हित र सेवाबाट लाभान्वित भएका समाजका सबै पक्षले त्यस्ता 'बाँदर प्रवृत्ति' लाई उदांग्याउने र पराजित गर्ने निश्चित छ।

स्थानीय तह अर्थात स्थानीय सरकारहरूले कार्यकालको सय दिन पूरा गरिसके तर स्थानीय तह सञ्चालन सम्बन्धी कानुन बनेको छैन। स्थानीय तहलाई विनाकानुन सञ्चालन गर्न वाध्य पार्नुले केन्द्रीय सरकार देश र जनताको हित र सेवा प्रतिको नियत र सम्वेदनशीलतामा खोट रहेको अनुभव सर्वत्र गराएको छ। देशमा आवश्यक कानुन बनाउन विलम्व गर्ने सरकार विखण्डनकारी र त्यसका मालिक भारतलाई खुसी पार्न असान्दर्भिक रूपमा सम्विधान संशोधनको चर्चा गरेबाट स्थानीय सरकारमा नेपाली देखिए तर केन्द्रीय सरकारमा पनि नेपाली नै छन् ? शंका उत्पन्न गराएको छ।

भक्तपुर नगरपालिकामा जनप्रतिनिधिहरूको सय दिन पुगेकै दिनदेखि नगरवासीको घर दैलोमा नर्सिङ सेवा पुर्‍याउने कार्यक्रमको शुभारम्भ गरिएको छ। यसबाट नगरवासीहरूको थप गहकिलो सेवा हुने सर्वत्र विश्वास गरिएको छ।